# news 24 दैनिक

वर्ष १३ अंक ०५ राष्ट्रिय दैनिक | २५ साउन २०८२, आइतबार भदौ कृष्ण प्रतिपदा | नेपाल संवत् ११४५ | Sunday 10 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ




गुरुकुलमा ऋषितर्पणी : गोकर्णेश्वरको उत्तरवाहिनीस्थित कान्तिभैरव गुरुकुलमा बटुकहरु जनैपुर्णिमा मनाउँदै। बटुकहरूले बिहानै 'श्रावणी स्नान' गरेर वैदिक विधिअनुसार जनै धारण गरेका छन्।
*तस्बिर : एएफपी/रासस*

# कैलाली कारागारमा हिंसात्मक झडप, एकको मृत्यु, ४७ घाइते

**सुशील ढुंगाना/निराजन परियार**
**कैलाली, साउन २४**

कैलाली जिल्ला कारागारमा शुक्रबार राति दुई समूहका कैदीबन्दीबीच हिंसात्मक झडप भएको छ। एक जनाको मृत्यु भएको छ भने ४७ जना घाइते भएका छन्।

१५० कैदी राख्ने क्षमता भएको कारागारमा अहिले करिब ७०० कैदीबन्दी हुँदा पहिलेदेखि नै रहेको तनाव हिंसात्मक झडपमा परिणत भएको हो।

यसपटकको झडपको मुख्य कारण कागजी रूपमा तीन कैदीको सरुवा भए पनि उनीहरूको स्थानान्तरण हुन नसक्नु थियो। भूपेन्द्र बडुवाल हत्या प्रकरणमा थुनामा रहेका तीन कैदीको सरुवा गर्न कारागार प्रशासनले ढिला गर्दा दुई समूहबीच विवादलाई उग्र भएको थियो। त्यसअघि पनि २२ गते झडप भएको थियो, जसमा पाँच जना घाइते भएका थिए। तर, प्रशासनले प्रभावकारी कदम नचाल्दा स्थिति बिग्रँदै गयो।

कारागार स्रोतका अनुसार शनिबार राति ब्लक 'ए' मा रहेका कैदीबन्दीले ब्लक 'बी' मा रहेकालाई आक्रमण गरे, उनीहरूले जवाफी प्रत्याक्रमण गरे। यसले स्थिति तनावपूर्ण बनेको हो। पुरानो ढोका इँटाले टालिएको थियो। उनीहरू जिमखानाका सामान प्रयोग गरी ढोका फुटाएर ब्लक 'बी' मा प्रवेश गरेका थिए। त्यहाँ अधिकांश कैदीहरू निदाएको अवस्थामा थिए। उनीहरूलाई रड, चक्कु, खुकुरी र इँटाले अन्धाधुन्ध आक्रमण गरिएको थियो।

यो आक्रमणको पछाडि दुई कारण मुख्य देखिन्छन् – एक त बडुवाल हत्या प्रकरणका कैदीहरूको कागजी सरुवा भएको तर स्थानान्तरण नहुँदा द्वन्द्व बढ्नु, र दोस्रो कारागार नाइकेको परिवर्तनलाई लिएर कैदी समूहबीच वर्चस्वको विवाद।

यो झडपमा लागुऔषध मुद्दाका कैदी धनगढी-४ का ४० वर्षीय भरत चौधरीको घटनास्थलमै मृत्यु भएको छ भने ४७ जना घाइते भएका छन्। घाइतेमध्ये केहीको अवस्था गम्भीर छ र उनीहरू सेती प्रादेशिक अस्पतालमा उपचाररत छन्।



**तीन कैदीलाई स्थानान्तरण नहुँदा दुई समूहबीच झडप**

**कारागारको द्वारमा ग्यास सिलिन्डर राखेर कैदीले प्रहरीलाई पस्न रोके**

**१५० क्षमताको कारागारमा ७०० भन्दा बढी कैदीबन्दी**

**मानवअधिकार आयोगले औंल्यायो सुरक्षा व्यवस्थामा गम्भीर कमजोरी**

**छानबिन समिति गठन, १० दिनको कार्यादेश**

कैलाली कारागारमा कैदीहरूको संख्या क्षमता भन्दा धेरै हुनु नै एक ठूलो समस्या भएको सुरक्षा अधिकारीहरू बताउँछन्। १५० क्षमताको कारागारमा करिब ७०० कैदीबन्दीलाई राखिएको छ। यसले सुरक्षा व्यवस्थालाई थप चुनौतीपूर्ण बनाएको छ।

रातिको घटनापछि शनिबार कैदीहरूले थुनुवा कक्षको मूल गेटमा भित्रबाट ताला लगाएर ग्यास सिलिन्डर राखी आगो लगाउने धम्की दिएका कारण सुरक्षाकर्मी कारागारभित्र प्रवेश गर्न सकेनन्। यस्तो अवस्था हुँदा प्रहरी घटनास्थलमा पुगेर पनि कारागारभित्र जान नसकेको जिल्लाका प्रहरी प्रवक्ता डीएसपी राजकुमार सिंहले बताए। 'प्रहरीलाई भित्र पस्न नदिँदा हामीलाई भित्रको अवस्था पत्ता लगाउनै गाह्रो भएको हो,' उनले भने, 'अब स्थिति सामान्यतर्फ छ। घाइतेलाई उपचारका लागि लगिएको छ।'

यसअघि पनि असार २८ गते कैदीहरूबीच झडप हुँदा कारागारका नाइके खगेन्द्र बोगटी घाइते भएका थिए। उनलाई भूपेन्द्र बडुवाल हत्या प्रकरणका एक समूहले आक्रमण गरेको आरोप छ। त्यतिबेला पनि कैदीहरूले जेलर र प्रशासनविरुद्ध नाराबाजी गरेका थिए तर प्रशासनले सामान्य घटना भन्दै कदम नचालेपछि स्थिति बिग्रँदै गएको हो। गत असारमा प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालको टोलीले कारागार निरीक्षणका क्रममा ब्लक 'ए' मा मोबाइल फेला पारेको थियो। त्यसपछि सात जना कैदीलाई ब्लक 'बी' मा सारिएको थियो। यिनै सरुवाले कैदीहरूबीच मनमुटावको हुँदै गएको थियो। असार २८ को घटनामा घाइते नाइके बोगटीमाथि बडुवाल हत्या प्रकरणमा थुनामा रहेका कैदी कपिल श्रेष्ठ नेतृत्वको समूहले आक्रमण गरेको आरोप लागेको थियो। बोगटीले 'जेलरको मान्छे' भएको रवाफ देखाएको भन्दै श्रेष्ठ समूह आक्रोशित भएको केही कैदीको भनाइ छ। त्यसबेलै कैदीहरूले जेलर वसन्त खत्रीविरुद्ध प्रजिअ र एसपीकै अगाडि 'जेलभित्र मनोमानी बन्द गर' भन्दै नाराबाजी गरेका थिए।

प्रजिअ हमाल र प्रहरी प्रमुख बालनरसिंह राणाले पनि स्थिति सामान्य भएको दाबी गरेका थिए। तर शुक्रबार रातिको झडपपछि प्रशासन र सुरक्षाको व्यवस्थापन फितलो भएकोमा गम्भीर प्रश्न उठेको छ।

## छानबिन समिति गठन

कैलाली कारागामा भएको हिंसात्मक झड्पको घटना छानबिनका लागि पाँच सदस्यीय समिति गठन भएको छ। सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीको संयोजकत्वमा बनेको समितिमा जिल्ला प्रहरी, सशस्त्र प्रहरी र जिल्ला अनुसन्धान कार्यालयका प्रतिनिधिहरू सदस्य छन्। समितिले १० दिनभित्र छानबिन प्रतिवेदन बुझाउने छ।

घटनापछि अस्पताल परिसर र कारागार वरिपरि ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ। सञ्चारकर्मी र सर्वसाधारणलाई घटनास्थल र घाइतेको बारेमा जानकारी लिन दिइएको छैन।

कैलाली कारागारमा निरन्तर झडप र हिंसाले कारागारलाई सुरक्षा संवेदनशील स्थलको रूपमा चिनिने अवस्थाबाट बाहिर निकाल्नुपर्ने आवश्यकतालाई बलियो बनाएको छ। कारागार व्यवस्थापनमा सुधारका लागि तत्काल प्रभावकारी कदम चाल्नु स्थानीय प्रशासनमाथि दबाब बढेको छ।

कारागारमा लगातार हुने हिंसात्मक घटना र त्यसको रोकथाममा जिम्मेवार निकायको असफलता सार्वजनिक भएको छ। विगतमा डडेल्धुराका हरिश पालीको कारागारमा शंकास्पद मृत्यु पनि भएको थियो। उनको कुटपिटबाट हत्या गरेको आरोपमा प्रहरीले एक कर्मचारीलाई पुर्पक्षका लागि कारागार चलान गरिसकेको छ। मानवअधिकार आयोगले कारागारमा सुरक्षा व्यवस्थामा गम्भीर कमजोरी भएको भन्दै प्रशासनमाथि लापरवाहीको आरोप लगाएको छ। आयोगको टोलीले कारागार निरीक्षण गर्दै कैदी संख्या क्षमताभन्दा धेरै, सरुवा प्रक्रिया पारदर्शी नभएको र प्रशासन बीच समन्वयको अभाव रहेका कारण यस्तो घटना भएको जनाएको छ। बाँकी पृष्ठ २ मा...

## यो अंकमा



**जनार्दनले ल्याएको हुरी**

*प्रचण्डले जानेकै अरुलाई लडाउने, फुटाउने र पार्टी कब्जा गरिरहने हो, जुन उनले ४० वर्षदेखि गर्दै आएका छन्।*

*(मुमाराम खनालको विचार)*


- सर्वोच्चको व्याख्या : सम्भव भएसम्म बहुमतकै आधारमा ठीक
- झापामा बढ्यो तस्करी, राजस्व घट्दा पनि छैन वास्त
- चीनले समुद्रबाट छाड्यो ड्र्यागन-३ रकेट
- विद्युत् व्यापारमा साढे चार अर्ब नाफा
- बैंकमा पैसा राख्दा ब्याज मात्रै होइन, सुरक्षा पनि हेरौं
- वैकल्पिक विकास वित्त विधेयकमा ६६ संशोधन
- कलाकार केदार भन्छन्- खुशी खोज्न अन्त जानै पर्दैन


# न्यायाधीश नियुक्तिमा बार असन्तुष्ट

**news 24**
**काठमाडौं, साउन २४**

कानून व्यवसायीहरूको छाता संगठन नेपाल बार एशोसिएशनले न्याय परिषद्‌ले उच्च अदालतका लागि गरेको न्यायाधीश नियुक्ति सिफारिसप्रति असन्तुष्टि जनाएको छ। न्याय परिषद्‌ले २७ जनामा ६ जना कानून व्यवसायीबाट सिफारिस गरेको थियो।

न्यायाधीश नियुक्तिले संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी राज्यको मर्म र भावनालाई पूर्णतः बेवास्ता गरेको आरोप बारले लगाएको छ। नेपाल बारले सर्वोच्च र उच्च अदालतमा रिक्त न्यायाधीश पदमा नियुक्ति कम्तीमा ५० प्रतिशत संख्या कानून व्यवसायीबाट प्रतिनिधित्व हुनेगरी गर्न माग गरेको थियो। 'न्याय परिषद्‌बाट हुने नियुक्तिहरूमा देखिएका घटनाहरूले हामीलाई बारम्बार चिन्तित तुल्याएको छ,' बारका महासचिव केदारप्रसाद कोइरालाद्वारा शनिबार जारी विज्ञप्तिमा भनिएको छ। २०८२ साउन २२ मा न्याय परिषद्‌ले उच्च अदालतमा गरेको २७ जना न्यायाधीश नियुक्तिको सिफारिसप्रति बारको गम्भीर ध्यानाकर्षण भएको बताइएको छ। 'न्यायपालिकाजस्तो महत्त्वपूर्ण अंगमा महिला, विभिन्न भौगोलिक क्षेत्र, वर्ग र समुदायको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित हुनुपर्नेमा, यो नियुक्तिले त्यसलाई अस्वीकार गरेको छ। यस्तो असन्तुलित नियुक्तिले न्यायपालिकामाथि सबैको समान पहुँच र अपनत्वको भावनामा गम्भीर चोट पुऱ्याएको छ। न्याय प्रणालीप्रतिको विश्वासलाई कमजोर बनाएको छ,' बारको दाबी छ।

नेपाल बार न्याय प्रणालीको एक अभिन्न अंग र सरोकारवाला मात्र नभई न्याय परिषद्‌को एक साझेदार भएको बारको दाबी छ। 'महत्त्वपूर्ण र दूरगामी असर पार्ने निर्णय गर्दा परिषद्‌ले बारको सरोकारलाई पुरै बेवास्ता गरेको छ। यो सहकार्य र पारदर्शिताको सिद्धान्त विपरीत छ। यस्ता अभ्यासले स्वेच्छाचारितालाई बढावा दिन्छ।' न्याय परिषद्‌ले यसअघि गरेको नियमावली संशोधनको एउटा बुँदामा आन्दोलन गर्दै आएको नेपाल बारले संशोधित नियमावली खारेज हुनुपर्ने अडानसमेत राखेको छ। बाँकी पृष्ठ २ मा...

- **समानुपातिक समावेशिता बेवास्ता**
  न्याय परिषद्‌ले न्यायाधीश नियुक्तिमा महिला, भौगोलिक क्षेत्र, वर्ग र समुदायको समानुपातिक प्रतिनिधित्व नगरेको आरोप।
- **कानून व्यवसायीको ५० प्रतिशत प्रतिनिधित्व माग**
  सर्वोच्च र उच्च अदालतमा रिक्त पदमा आधाभन्दा बढी न्यायाधीश कानून व्यवसायीबाट नियुक्त गर्नुपर्ने।




## सर्वोच्चको व्याख्या

# बहुमतकै आधारमा सरकार गठन ठीक

**भाषा शर्मा**
**काठमाडौं, साउन २४**

यसअघिका प्रधानमन्त्री पुष्पकमल दाहाल सरकारलाई दिएको समर्थन एमालेले समर्थन फिर्ता लिएपछि सरकार ढल्यो। दाहाललाई माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र एकीकृत समाजवादीले दिएको मत पर्याप्त नहुँदा विश्वासको मतको पक्षमा ६३ र विपक्षमा १९४ मत परेपछि सरकार ढल्यो। २०८१ असार १७ मा दुई ठूला दल कांग्रेस र एमालेबीच सत्ता साझेदारीको सहमति भएपछि प्रधानमन्त्री बनेको डेढ वर्षमा पुष्पकमल दाहालले पाँचौंपटक विश्वासको मत लिएका थिए।

उनी संविधानको धारा ७६ (२) अन्तर्गत प्रधानमन्त्री नियुक्त भएका थिए। तत्काल संसद्मा रहेको बहुमत सदस्यबाट सरकार अस्वीकृत भएपछि २०८१ असार २८ गते संविधानको धारा ७६ (२) अनुसार राष्ट्रपति कार्यालयबाट नै नयाँ सरकार गठनको लागि सूचना आह्वान भएको थियो। त्यसपछि, दुई ठूला दल कांग्रेस र एमाले मिलेर सयुक्त रुपमा एमाले संसदीय दलको नेता केपी शर्मा ओलीलाई प्रधानमन्त्री बनाउन दाबी गरिएको थियो। २०८१ असार ३० गते प्रधानमन्त्रीमा ओली नियुक्ति भएका हुन्।

धारा ७६(२) मा बनेको सरकार ढलेपछि पुनः सोही धारामा नटेकेर धारा ७६(३) मा टेकेर सरकार बनाउन माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरिएको थियो। संविधानको धारा ७६(२) बमोजिमको सरकार ढलेमा संसदमा प्रतिनिधित्व गर्ने ठूलो दललाई सरकार बनाउन र ओली सरकार बदरको माग गर्दै अधिवक्ता दीपक अधिकारीलगायत रिट निवेदनसहित सर्वोच्च पुगेका थिए। यसै मुद्दामा सर्वोच्चले २०८१ साउन ३० मै रिट निवेदन खारेज गरेको फैसलाको लिखित हालै प्रकाशित गरेको हो।

यसै मुद्दामा व्याख्या गर्दै सर्वोच्चले बहुमतको सरकार बनेसम्म त्यसै धारामा टेक्नुपर्ने व्याख्या गरेको छ। 'संसदीय शासन व्यवस्थामा बहुमतको सरकार बन्ने सम्भावना रहेसम्म बहुमतको सरकार गठनको प्रक्रियालाई अवलम्बन गर्न एकपटक प्रयोग गरिसकेका संविधानको धारा ७६(२) पुनः प्रयोग गर्न मिल्ने...' सर्वोच्चको व्याख्या छ।

तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू प्रकाशमान सिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना, कुमार रेग्मीको संवैधनिक इजलासले बहुमतकै आधारमा सरकार बन्नु नै लोकतान्त्रिक पद्धति भएको ठहराएको हो।

'संविधान, प्रचलित कानून तथा नेपालको आफ्नै विकसित मौलिक संसदीय शासन प्रणाली, संसदीय शासनको परम्परा अनुसार स्थापित मूल्य मान्यतालाई संस्थागत गर्न र मुलुकमा स्थापित लोकतन्त्रका लाभहरू संविधानसम्मत ढंगले वितरण गर्न स्थायित्व र परिपक्व राजनीतिक, परम्परासमेत विकास हुँदै जानुपर्छ,' सर्वोच्चले भनेको छ, 'संविधानको धारा ७६ अनुसार मन्त्रिपरिषद् गठनमा समेत प्रतिनिधिसभाले एकपटक धारा ७६ को उपधारा (२) बमोजिम मन्त्रिपरिषद् गठन भए पश्चात पुनः सोही धारा तथा उपधारा बमोजिम मन्त्रिपरिषद् गठन गर्न नमिल्ने भनी व्याख्या गर्न मिल्ने देखिएन।'

जनताबाट निर्वाचित प्रतिनिधिहरूको बहुमतका आधारमा सरकार गठन हुन्छ। यो प्रणालीमा सत्ता प्राप्तिको स्रोत प्रत्यक्ष जनादेश हो। प्रयोग संसद्मा बहुमत सिद्ध गर्ने क्षमतासँग जोडिएको हुन्छ। संविधानको धारा ७६ ले यिनै सिद्धान्तलाई व्यवहारमा उतार्ने उद्देश्यले प्रधानमन्त्रीको नियुक्ति, विश्वासको मत प्राप्त गर्ने तरिका र सरकार गठनको विभिन्न वैकल्पिक उपायहरूलाई प्रष्ट रूपमा व्यवस्थित गरिदिएकोबारे अदालतले विश्लेषण गरिदिएको छ।

संसदीय शासन प्रणालीको आत्मा भनेको संसदमा बहुमत भएको दल वा गठबन्धनले सरकार सञ्चालन गर्ने भएको सर्वोच्चको व्याख्या छ। 'जहाँ कार्यपालिका संसद्प्रति उत्तरदायी रहन्छ। यदि, एकपटक गठबन्धनको सरकार गठन भएको छ र पछि कुनै प्रमुख राजनीतिक दलले सरकारलाई दिएको समर्थन फिर्ता लिन्छ र सरकारले संसद्मा पुनः विश्वासको मत प्राप्त गर्न सक्दैन भने नयाँ गठबन्धन वा नयाँ बहुमत निर्माणको सम्भावना भएमा त्यसलाई संविधानले अस्वीकार गरेको अवस्था रहेको देखिदैन,' सर्वोच्चले भनेको छ, 'यस्तो अवस्थामा, धारा ७६ (२) अन्तर्गत पुनः सरकार गठनको प्रयास गर्न' संवैधानिक रूपमा न्यायोचित मात्र होइन, संसदीय शासन प्रणालीको स्थायित्व सुनिश्चित गर्ने जिम्मेवार अभ्यास पनि हो।' यस्तोमा जहिले पनि जुनसुकै राजनीतिक दलहरूले बहुमत प्रमाणित गर्न सक्छ। उसैले सरकार सञ्चालन गर्ने वैधानिक अधिकार राख्छ। यो व्यवस्थाले शक्ति सन्तुलन कायम गर्न, सत्ताको दुरुपयोग रोक्न, र कार्यपालिका संसदसमक्ष उत्तरदायी रहनुपर्ने संवैधानिक मूल्यमान्यता अक्षुण्ण राख्न मद्दत गर्ने व्याख्या छ।

इदि, रिट निवेदकहरूले दाबी लिएजस्तो धारा ७६ (२) एकपटक मात्र प्रयोग गर्न सकिने अवस्था भएमा, प्रत्येक समर्थन फिर्ता पछि यसले राजनीतिक स्थायित्व, जवाफदेहिता र जनमतको कदरलाई कमजोर बनाउँछ। तसर्थ, बहुदलीय प्रतिस्पर्धात्मक संसदीय शासन प्रणालीमा बहुमत प्राप्त गर्न सक्ने दल वा गठबन्धनले सरकार गठन गर्न सक्ने संवैधानिक व्यवस्थालाई धारा ७६ ले अन्यथा गरेको अर्थ गर्न मिल्दैन। संवैधानिक सिद्धान्तको आधारमा हेर्दा पनि संविधानको कुनै पनि धारा अपरिवर्तनीय र निष्क्रिय तब मात्र हुन्छ जब त्यसको प्रयोग संविधान स्वयंले बन्द गरेको हुनुपर्छ।

संविधानमा धारा ७६(२) मा यस्तो कुनै पनि वाक्य वा सर्त राखिएको पाइँदैन, जसले यस धाराको एकपटक प्रयोगपछि पुनः प्रयोगमा रोक पनि लगाएको छैन। बरु, बहुदलीय प्रतिस्पर्धात्मक संसदीय शासन प्रणालीको मूल मर्म नै जुनसुकै समयमा जो कोही दल वा गठबन्धनले संसदमा बहुमतसिद्ध गर्न सकेमा उसले सरकार सञ्चालन गर्न पाउने सुनिश्चितता दिनु हो। 'यसकारण, धारा ७६ (२) को पुनः प्रयोग संविधान अनुकूल मात्र नभई, राजनीतिक स्थायित्व, कार्यपालिका संसदप्रति उत्तरदायी बनाउने प्रक्रिया र लोकतान्त्रिक अभ्यासको आवश्यक सर्त हो। यसले दलहरूलाई बहुमत प्राप्त गर्न राष्ट्रपति र संसदलाई संवैधानिक प्रक्रिया पालना गर्न बाध्य पार्छ। अदालतलाई संविधानको मूल मर्म अनुसार संविधानको व्याख्या गर्न अवसर दिन्छ।' त्यसैले धारा ७६(२) को बहुमतको सरकारको विश्वास गुमेपछि फेरि धारा ७६ (२) अनुसार बहुमतको सरकार गठन गर्न दिने राष्ट्रपतिको आदेश केवल संविधानसम्मत मात्र नभई त्यो संविधानको धारा ७४ मा कल्पना गरिएको लोकतान्त्रिक प्रतिस्पर्धात्मक संसदीय शासन प्रणालीको व्यवहारिक विस्तार मानिनुपर्छ।



**धारा ७६(२) पुनः प्रयोगको अनुमति** – सर्वोच्च अदालतले बहुमतको सरकार बनेसम्म संविधानको धारा ७६(२) अन्तर्गत बारम्बार सरकार गठन गर्न सकिने स्पष्ट व्याख्या गरेको छ।

**राजनीतिक स्थायित्व र लोकतान्त्रिक मर्म** – बहुदलीय प्रतिस्पर्धात्मक संसदीय शासन प्रणालीमा संसद्मा बहुमत सिद्ध गर्न सक्ने दल वा गठबन्धनलाई हरेक अवस्थामा सरकार गठन गर्ने अधिकार रहने ठहर।

**रिट खारेज र संवैधानिक पुष्टि** – सर्वोच्चले धारा ७६(२) को पुनः प्रयोग रोक्नुपर्ने दाबी खारेज गर्दै यो व्यवस्थाले सत्ता सन्तुलन, जवाफदेहिता र जनमतको कदर कायम राख्ने निष्कर्ष निकालेको छ।

### धारा ७६ मा के-के छ ?

अघिल्लो पटक प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् विघटन गरेपछि परेको मुद्दामा सर्वोच्च अदालतमा संविधानको धारा ७६ बारेमा निकै बहस भएको थियो। धारा ७६ को उपधारा १ ले स्पष्ट बहुमत प्राप्त दलको नेता प्रधानमन्त्री बन्ने व्यवस्था गरेको छ। उपधारा २ मा कुनै दलसँग स्पष्ट बहुमत नभएमा दुई वा बढी दलको समर्थनमा बहुमतको सुनिश्चितता गरी सरकार गठनको सम्भावना राखिएको छ। उपधारा ३ मा उपधारा २ बमोजिम सरकार गठनका प्रयास असफल भएमा प्रतिनिधिसभाको सबैभन्दा बढी सदस्य भएको दलको संसदीय नेतालाई प्रधानमन्त्रीका रूपमा नियुक्त गर्न सकिने व्यवस्था छ।

उपधारा ५ ले सबै प्रयास विफल भएमा कुनै प्रतिधिसभा सदस्यले प्रतिधिसभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्न सक्छ भन्ने व्यवस्था छ। धारा ७६(२)(३)(५) बमोजिम नियुक्त हुने प्रधानमन्त्रीले संविधानले तोके बमोजिम विश्वासको मत प्राप्त गर्न'पर्ने हुन्छ। यसरी धारा ७४ ले राज्यको शासन प्रणालीको नीति तथा शासनको मूल आधार निर्धारण गरेको छ। धारा ७६ ले त्यस आधारमा कार्यान्वयनको ठोस विधि प्रस्ताव गरेको छ।

बहुदलीय प्रतिस्पर्धात्मक संसदीय शासन प्रणालीको मूल आधार भनेको जनमतको कदर र संसदमा बहुमत सिद्ध गर्न सक्ने दल वा गठबन्धन वा नेताले सरकार सञ्चालन गर्न पाउने अधिकार भएको सर्वोच्चको व्याख्या छ। धारा ७६ ले जब धारा ७४ को सिद्धान्तलाई व्यवहारमा लागू गर्छ, तब नयाँ चुनावपछिको पूर्ण बहुमत प्राप्त गर्ने राजनीतिक दलबाहेक क्रमशः गठबन्धनको माध्यमबाट बहुमत सिद्ध होस् वा सबैभन्दा ठूलो दल होस् वा प्रतिनिधि सभाको सदस्य होस्, संसदमा विश्वासको मत सिद्ध गर्न सकेमा उसले सरकार गठन गर्न पाउने संवैधानिक अधिकार सुनिश्चित गर्छ।

यसको अर्थ धारा ७४ ले दिएको लोकतान्त्रिक प्रतिस्पर्धात्मक मूल्यमा आधारित संवैधानिक मर्मअन्तर्गत, धारा ७६ ले धारा ७४ को परिकल्पनाको व्याावहारिक कार्यान्वयन सुनिश्चित गर्न सरकार गठन र प्रधानमन्त्री नियुक्तिको चरणबद्ध प्रक्रिया निर्धारण गरेको छ। यस सन्दर्भमा जब धारा ७६ (२) अन्तर्गत दुई वा बढी दलको समर्थनमा सरकार गठन भएको हुन्छ। सो सरकार सञ्चालनमा रहेमा कुनै एक प्रमुख दलले समर्थन फिर्ता लिएमा सरकारले संसदमा आफ्नो बहुमत कायम रहेको देखाउन पुनः विश्वासको मतबाट लिनुपर्छ। जब धारा ७६ (२) अन्तर्गत सरकार गठन हुन्छ, त्यो सरकार गठबन्धनमा आधारित हुने हुँदा दलहरूको समर्थन सापेक्षिक रहन सक्छ र कुनै पनि समयमा कोही दलले समर्थन फिर्ता लिँदा सरकार अल्पमतमा पर्न सक्छ। संसदको विश्वास गुमाएपछि सरकारको संवैधानिक वैधता समाप्त हुन्छ र नयाँ सरकार गठनको प्रक्रिया सुरु हुन्छ।

## पोखरामा ६.४ किलो अवैध सुनसहित ११ जना पक्राउ

news 24
**पोखरा, साउन २४**

प्रहरीले पोखराका विभिन्न स्थानमा छापा मार्दै ६ किलो ४ सय ग्राम अवैध सुनसहित ११ जना भारतीय नागरिकलाई पक्राउ गरेको छ।

कास्कीका प्रहरी प्रमुख श्यामबाबु ओलियाका अनुसार पक्राउ पर्नेमा भारतका महाराष्ट्र, पश्चिम बंगाल र कोलकत्ताका विभिन्न स्थानमा घर भई पोखरमा लामो समयदेखि सुनको कालिगढका काम गर्नेहरू छन्।

पक्राउ परेकाहरूमा ४१ वर्षका राजेन्द्र रामचन्द जगताप, ४५ वर्षीय मनिकलाल आदक, ३५ वर्षीय सन्दीप ढाव, ४१ वर्षीय सोमनाथ पाल, ४७ वर्षीय दीपक सामन्त, गोविन्दा टिण्डा, ३५ वर्षका असित वर, ४४ वर्षका तापस सामन्त, ३८ वर्षका उज्वल भोमिक, ४० वर्षीया सुनिता पवार र ४९ वर्षीय प्रोभास माझी छन्।

जिल्ला प्रहरी कार्यालय कास्की र मातहत प्रहरी एकाइहरूको संयुक्त टोलीले अपरेसन 'येलो मेटल' अन्तर्गत पोखराका २, ३, ४ र ९ का विभिन्न स्थानमा छापा मार्दै उनीहरूलाई पक्राउ गरेको कास्की प्रहरीले शनिबार पोखरामा पत्रकार सम्मेलन गर्दै जनाएको हो।



पोखरामा अवैध सुन तथा चाँदीको कारोबार भइरहेको भन्ने प्रहरीलाई सूचना आएको थियो। त्यसका आधारमा गत शुक्रबार दिउँसो ४ बजे धरपकड गरेको जनाइएको छ।

छापामारीका क्रममा ५ सय ४९ तोला ४० लाल (६ किलो ४ सय ग्राम) सुन, ४ सय ४४ तोला ७३.९ लाल चाँदी र नगद ५ लाख १४ हजार ६६५ रुपैयाँ बरामद भएको छ। प्रहरीले पक्राउ परेका ११ जनालाई बरामद सुन, चाँदी र नगदसहित आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय बुटवल पठाउने भएको छ।

## सोर्सकोड चोरी आरोपमा दुई पक्राउ

काठमाडौं (संवाददाता)- कम्प्युटर सफ्टवेयरको सोर्स कोड चोरी गरेको अभियोगमा दुईजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा काठमाडौंको बालाजु बस्ने, सर्लाही चन्द्रनगर-५ का २६ वर्षीय सुजनकुमार महतो र ललितपुरको धोबीघाट बस्ने धादिङ ज्वालामुखी-४ का २४ वर्षीय सुमन श्रेष्ठ रहेको प्रहरीले जनाएको छ।

सफ्टवेयर कम्पनीको स्रोत संकेत (सोर्स कोड)मा अनधिकृत पहुँच पुऱ्याई चोरी गरी पीडितको बौद्धिक सम्पत्तिमा आघात पुऱ्याउने मनसाय लिएको घटनाको अनुसन्धानका क्रममा साइबर ब्यूरोबाट खटिएको प्रहरीले दुवैलाई पक्राउ गरेको हो।

उनीहरूविरुद्ध कार्बाहीका लागि विद्युतीय कारोवार ऐन, २०६३ अन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप गरेर आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

## न्यायाधीश नियुक्तिमा...

'संशोधित नियमाली खारेज नभएसम्म न्याय परिषद्बाट हुने कुनै पनि नियुक्तिलाई नेपाल बार एशोसिएशनले स्वागत गर्दैन,' बारले भनेको छ, 'न्यायाधीश नियुक्तिका लागि पारदर्शी, वस्तुनिष्ठ र पूर्वानुमानयोग्य मापदण्ड निर्धारण गरिनुपर्ने र संविधानको मर्मबमोजिम समानुपातिक समावेशी सिद्धान्तलाई पूर्णतः कार्यान्वयन गरिनुपर्ने हाम्रो अविचलित माग हो।'

## कैलाली कारागारमा...

आयोग धनगढीका प्रमुख प्रकाशदत्त भट्टले घटनापछि शनिबार दिउँसो कारागारको निरीक्षण गरिएको बताए। कारागार प्रशासनका प्रमुख बिदामा भएको कारण समन्वयको अभाव, आन्तरिक सुरक्षामा लापरवाही, क्षमताभन्दा बढी कैदीबन्दी र उनीहरूको स्थानान्तरण पारदर्शी नहुनु लगायतका कारणले घटना हुन पुगेको देखिएको उनको भनाइ छ। 'कारागारभित्रका अन्य कैदीबन्दीको अवस्था भने समान्य छ,' उनले भने, 'स्थानीय प्रशासनलाई घाइतेको उपचारमा कुनै कमजोरी नगर्न र उनीहरूका आफन्तलाई सहज रूपमा भेटने वातावरण बनाउन भनेका छौं।' यसअघि कारवाहीमा असुरक्षित रहेको भन्दै कैदीबन्दीहरूले सामूहिक निवेदन दिएका आधारमा समेत प्रशासन सचेत गराइएको पनि उनले बताए

## शिक्षा विधेयकप्रति तीव्र असन्तोष

### सरोकारवालाले दिए आन्दोलनसम्म जाने चेतावनी

news 24
**काठमाडौं, २४ साउन**

प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट सर्वसम्मत पारित भएको शिक्षा विधेयकप्रति विभिन्न सरोकारवालाले तीव्र असन्तोष व्यक्त गर्दै आन्दोलनको चेतावनी दिएका छन्। नेपाल शिक्षक महासंघकी सचिव कल्पना पनेरूले शनिबार काठमाडौंमा आयोजित एक छलफलमा विधेयक आफूहरूका लागि स्वीकार्य नरहेको बताइन। उनले पञ्चायतकालीन शिक्षा ऐनलाई गणतान्त्रिक भनिएको नेपालको सन्दर्भमा मनोमानी ढंगले व्याख्या गरिएको आरोप लगाउँदै समितिले विगतका सम्झौताहरू बेवास्ता गरेको बताइन्।

'नेपाल सरकारसँग २०७५, २०७८, २०८१ सालमा सम्झौता भयो। शिक्षाको जिम्मेवारी हामी लिन्छौं, सरकार जवाफदेही छ भनेर पटक-पटक पठाउने काम भयो। तर, त्यो कार्यान्वयन भएन। आन्दोलनको मर्मलाई नजरअन्दाज गर्ने काम सरकारबाट भएको छ। त्यो अत्यन्त निन्दनीय र आपत्तिजनक छ,' उनले भनिन्।

अस्थायी शिक्षकको न्यायपूर्ण समायोजन र आन्तरिक प्रतिस्पर्धामा ६० प्रतिशत मात्र कोटा स्वीकार्य नभएको पनि उनले बताइन।

समितिका सभापति अम्मरबहादुर थापाले भने शिक्षा विधेयक शिक्षक र विद्यार्थी दुवैप्रति उत्तरदायी रहेको दाबी गरे। उनका अनुसार विधेयकले जागिरेमुखी होइन, उत्पादनमुखी शिक्षा प्रणालीतर्फ लैजाने उद्देश्य राखेको छ। अस्थायी शिक्षकलाई प्रतिस्पर्धामा उमेरहद नलाग्ने र आयोगमा असफल भएमा 'गोल्डेन ह्याण्डसेक' मार्फत बिदाइ गर्ने प्रावधान राखिएको उनले बताए। नयाँ सिर्जना गरिएका ४२ हजार दरबन्दीमध्ये अस्थायी शिक्षकलाई ६० प्रतिशत कोटा दिइएको उल्लेख गर्दै थापाले महासंघसँग सहमतिमा पुगे पनि बाहिर फरक भाषण गर्ने प्रवृत्ति देखिएको टिप्पणी गरे।

'मलाई महासंघसँग के चित्त बुझिरहेको छैन भन्दा भित्र आउने र हामीसँग सहमति गर्ने, बाहिर होइन भन्दै गर्ने। यस्तो हुन हुँदैन। असार १६ गते नै पास हुने विधेयकलाई साउनको २०/२१ गते हामीले पास गरेका छौं। पटक-पटक उहाँहरूसँग सरकारले छलफल गरेको छ। बीचमा मैले पनि छलफल गरेको छु। अध्यक्ष, महासचिव लगायतका साथीहरूसँग बसेर मैले पनि छलफल गरेको छु। छलफलमा उहाँहरू ठीक छ भन्नुहुन्छ। बाहिर भाषणमा अर्कै,' उनले भने।

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) का अध्यक्ष रमेश सिलवालले ५४ वर्षपछि आएको शिक्षा ऐनलाई शिक्षा ऐनभन्दा शिक्षक ऐनजस्तो भएको टिप्पणी गरे। उनले ऐनमा दीर्घकालीन दृष्टिकोण, लक्ष्य र योजनाको अभाव रहेको, साथै कम्पनी ऐनअन्तर्गत विद्यालय सञ्चालन गर्न दिनु तर नाफा नकमाउनुपर्ने व्यवस्था विरोधाभाषपूर्ण भएको बताए। छात्रवृत्ति प्रावधानमा होस्टलसहित ड्रेस, कापी, किताब निःशुल्क दिनुपर्ने प्रावधान व्यावहारिक नभएको भन्दै उनले आपत्ति जनाए। साथै, शिक्षामा रक्सी, चुरोट र गुट्खाभन्दा बढी कर लगाउने राज्यको नीतिलाई उनले आलोचना गरे।

'कम्पनी ऐनअन्तर्गत सञ्चालन भएका संस्थाहरूले कम्पनी ऐनअन्तर्गत नै सञ्चालन हुन पाउने भन्ने सहमति भएको छ। तर, त्यहाँ पनि कम्पनी ऐन भन्दाभन्दै पनि गैरनाफामूलक हुनुपर्ने छ भनिएको छ। ऋण काढेर उसको संरचना तयार बनाएको छ। नोक्सान चाहिँ तैले खा, नाफा खान पाइँदैन ? कम्पनी भनेको गैरनाफामूलक हुन्छ काहीँ ? यो कहाँबाट आयो भन्ने कुरा मैले बुझेको छैन,' उनले भने, 'यो संविधानविपरीत पनि हुन्छ।'

माओवादी केन्द्रका सांसद पूर्णबहादुर घर्तीले गठबन्धन सरकारकै शीर्ष नेतृत्व शिक्षा विधेयकप्रति अनुदार रहेको टिप्पणी गरे। उनका अनुसार पूर्ववर्ती सरकारसँग भएको शिक्षक महासंघको सम्झौता कार्यान्वयन नगरेर वर्तमान सरकारले उदासीनता देखाएको छ। उनले संविधानले व्यवस्था गरेको निःशुल्क शिक्षाको अधिकारबाट कसैलाई वञ्चित गराउन नहुने र शिक्षा-स्वास्थ्यजस्ता सेवा नागरिकको मौलिक अधिकारका रूपमा राज्यको जिम्मेवारीमा पर्न'पर्ने बताए।

## उखु किसानको गुहार: कि बीउ देऊ, होइन भने पारिबाट ल्याउन देऊ

**मुस्कान श्रेष्ठ**
**वीरगञ्ज, साउन २४**

कुनैबेला चिनी निर्यात गर्ने नेपाल केही वर्षयता आयात गर्ने अवस्थामा पुगेको छ। सरकारको कमजोर नीतिका कारण उखु उत्पादनमा ह्रास आउँदै गएको छ। चिनीका लागी आवश्यक कच्चा पद्धार्थ उखु उत्पादन गर्ने किसान मिललाई उखु दिएपछि समयमा भुक्तानी नपाउने समस्याबाट आजित छन्। यस्तै सरकारले समयमा समर्थन मूल्य नतोकिदिने, समयमा बीउ र मल नपाउने समस्याका कारण अहिले उखु खेती तगर्ने किसानको संख्या घट्दै गएको छ।

खाद्य तथा कृषि संगठनका अनुसार उखु उत्पादनमा नेपाल विश्वमा ४१ औं स्थानमा छ भने सार्क राष्ट्रहरूमा तेश्रो स्थानमा छ। पहिलो स्थानमा भारत, दोश्रोमा पाकिस्तान र तेश्रोमा बंगलादेश छ। गत आर्थिक वर्ष २०८१/८२ को तथ्यांकअुनसार ५५ हजार ४ सय ४० हेक्टर क्षेत्रफलमा २७ लाख ६० हजार ४ सय ९५ मेट्रिक टन उखु उत्पादन भएको थियो। नेपालमा मधेश प्रदेशमा मात्रै ६०.६६ प्रतिशत उखु उत्पादन हुन्छ। आधुनिक प्रविधिको प्रयोगले कृषि क्षेत्रमा फड्को मार्ने प्रयासमा विश्व रहँदा नेपाल भने अझै पनि मल, खाद्य, बीउको विषयमा अड्कीरहेको छ। किसानको समस्या बुझ्न र समाधानका लागि भन्दै भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय मधेश प्रदेशले वीरगञ्जमा आयोजना गरेको अन्तरक्रिया कायंक्रममा किसानहरूले बीउ नपाउने, मल नपाउने र उखु उत्पादन भएपछि भाउ नपाउने, बिक्री भएको उखुको भुक्तानी नपाउने गरेको गुनासो पोखेका छन्।

कार्यक्रमलाई सम्बाधन गर्दै मधेश प्रदेशका कृषिमन्त्री जनार्द्धन सिंह क्षेत्रीले कृषि क्षेत्रको विकासका लागि अत्याधुनिक औजारको आवश्यकता रहेको बताए। उनले समयमा किसानहरूलाई आवश्यक पर्ने बीउ पुऱ्याउन नसकेको स्वीकार गर्दै समस्याको समाधान चाँडै गर्ने प्रतिबद्धता व्यक्त गरे।

**उखु उत्पादनमा नेपाल विश्वमा ४१ औं स्थानमा छ भने सार्क राष्ट्रहरूमा तेश्रो स्थानमा छ। पहिलो स्थानमा भारत, दोश्रोमा पाकिस्तान र तेश्रोमा बंगलादेश छ।**

---

**आधुनिक प्रविधिको प्रयोगले कृषि क्षेत्रमा फड्को मार्ने प्रयासमा विश्व रहँदा नेपाल भने अझै पनि मल, खाद्य, बीउको विषयमा अड्किरहेको छ।**

उनले खडेरीका सिँचाइमा भएको समस्या समाधानका लागि मधेश प्रदेशमा ५ सय डीप बोरिङ गर्ने सरकारको योजना दीर्घकालिन समाधान नभएको बताए। कार्यक्रममा विभिन्न जिल्लाबाट आएका उखु किसानहरूले कृषि ज्ञान केन्द्रमा आउने बीउहरू वास्तविक कृषिकहरूले नपाएको र राज्यबाट पाउने अनुदानमा भ्रष्टाचार हुने गरेको आरोप लगाए। उनीहरूले किसान कार्डको व्यवस्था गरी किसानहरूको छुट्टै पहिचान हुने आधारित कार्डको व्यवस्था गर्नुपर्ने भन्दै समयमा बीउको व्यवस्था नगरेको सरकारले किसानहरूलाई भारतबाट बीउ ल्याउन सक्ने व्यवस्था गर्नुपर्ने बताए।

अहिले कृषिकहरूले भारतबाट नै उन्नत जातको बीउ ल्याएर उखुखेती गरिरहेका छन्। बीउको आयु ४/५ वर्ष मात्रै हुने भएपनि नेपालमा २५ वर्षअगाडिको बीउ उपलब्ध हुने गरेको किसानहरू बताउँछन्। यसले खाद्यको गुणस्तर घटाउने भन्दै कि त सरकारले राम्रो बीउ देऊ होइन भने किसानहरूलाई आफैं ल्याउने व्यवस्था गर भन्दै माग रोखका छन्। उखु किसान संघ सर्लाहीबाट प्राप्त तथ्यांकअुनसार आर्थिक वर्ष २०८०/८१ मा मधेश प्रदेशमा ७ वटा चिनी मिल उद्योगले १ करोड २१ लाख ८५ हजार ३ सय ९१ क्विटल उखु पेलेकोमा १० लाख ८० हजार ९ सय ८३ क्वीन्टल चिनी उत्पादन गरेका थिए। अहिले बजारमा ९० रुपैयाँ प्रतिकिलो चिनी बिक्री भइरहेको छ। जबकि, छिमेकी मुलुक भारतको रक्सौलमा चिनीको मूल्य ६० रुपैयाँ पर्छ। नेपाल भन्दा भारतमा चिनीको मूल्य सस्तो भएको कारण उपभोक्ताहरू भारतीय बजारबाट चिनी ल्याएर उपभोग गर्ने गरेका छन्। किसानलाई उपयुक्त अनुदान दिई चिनीको भाउ क मगर्न सक्ने हो भने भारतबाट चिनी आउन बन्द हुने र उखु खेतीमा किसानको आकर्षण बढ्दै जाने सारोकारवालाहरूको भनाइ छ।

## आजको राशिफल

**मेष** – आजको दिन तपाईंको आत्मविश्वास उच्च रहनेछ। व्यापार वा जागिरमा नयाँ अवसर आउने सम्भावना छ। खर्च नियन्त्रणमा राख्न सके आर्थिक स्थिरता रहन्छ। प्रेमसम्बन्धमा समझदारी बढ्नेछ।

**वृष** – योगका प्रभावले करियरमा प्रगति र आर्थिक लाभका संकेत छन्। नयाँ सम्झौता वा लगानी लाभदायक बन्न सक्छ। पारिवारिक वातावरण सुखद रहला।

**मिथुन** – नवप्रवर्तन र नयाँ विचार आज फलदायी हुनेछन्। नयाँ व्यापारिक योजना अघि बढाउन उत्तम समय हो। अध्ययन वा प्रशिक्षणमा राम्रो उपलब्धि मिल्नेछ।

**कर्कट** – कुनै योजनाबाट लाभ हुने सम्भावना छ। पारिवारिक सदस्यको सहयोगले काममा सहजता आउनेछ। स्वास्थ्यमा सानो सतर्कता अपनाउनु उचित हुन्छ।

**सिंह** – पदोन्नति वा जिम्मेवारी बढ्ने सम्भावना छ। नयाँ परियोजना वा नेतृत्व गर्ने अवसर प्राप्त हुन सक्छ। सामाजिक प्रतिष्ठा बढ्ने दिन हो।

**कन्या** – दैनिक कार्यमा स्थिरता रहला। पुराना कामहरू पूरा गर्न अनुकूल समय छ। नयाँ आर्थिक योजना बनाउन सकिनेछ, तर ठूलो जोखिम हाल नलिनु राम्रो।

**तुला** – नयाँ काम सुरु गर्न वा पुरानो योजनामा सुधार ल्याउन दिन उपयुक्त छ। सम्बन्धमा सन्तुलन कायम राख्नु महत्त्वपूर्ण छ। व्यावसायिक साझेदारी लाभदायक बन्न सक्छ।

**वृश्चिक** – आर्थिक लाभको संकेत देखाइरहेको छ। व्यापार वा लगानीबाट राम्रो फाइदा हुने सम्भावना छ। विदेशसम्बन्धी काममा प्रगति हुनेछ।

**धनु** – पेसागत क्षेत्रमा नयाँ अवसर प्राप्त हुने दिन हो। अध्ययन, अनुसन्धान वा प्रशिक्षणमा सफलता मिल्नेछ। यात्राबाट लाभको सम्भावना छ।

**मकर** – कामको चाप बढ्न सक्छ, तर समयमै नियन्त्रण गर्न सकिन्छ। पुराना साथी वा सम्बन्धबाट सहयोग मिल्नेछ। आर्थिक व्यवस्थापनमा सतर्क र हुनु पर्छ।

**कुम्भ** – डिजिटल वा प्रविधि क्षेत्रमा लगानी लाभदायक हुनेछ। नयाँ सम्झौता वा नेटवर्किङको अवसर आउन सक्छ। आत्मविश्वासका साथ अघि बढ्नु फाइदाजनक छ।

**मीन** – आत्मविश्वास र सकारात्मक सोचका कारण पेसागत निर्णय लाभदायक हुनेछन्। आर्थिक लाभको सम्भावना छ। पारिवारिक सम्बन्धमा मिठास बढ्नेछ।

# विपन्नका लागि बनिरहेको घरको जग्गा विवादमा, प्रशासन भन्छ– 'काम रोकिन्न'





**इन्दीप कोइराला,**
**बारा, साउन २४**

बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिका-१६ मा विपन्न तथा दलित समुदायका लागि 'विपन्नसँग मदन भण्डारी आवास कार्यक्रम' अन्तर्गत निर्माण भइरहेको घरको जग्गा स्वामित्वलाई लिएर विवाद उत्पन्न भएको छ। निर्माणस्थल कुन वडाको क्षेत्रभित्र पर्छ भन्ने विषयमा वडा नम्बर १५ र १६ बीच मतभेद चर्किएको हो।

वडा नम्बर १६ ले निर्माण भइरहेको स्थान आफ्नै क्षेत्राधिकारभित्र पर्ने दाबी गर्दै आएको छ भने वडा नम्बर १५ ले उक्त स्थान आफ्नो पर्ने बताउँदै जिल्ला प्रशासन कार्यालय र पूर्वाधार विकास कार्यालयलाई निर्माण रोक्न लिखितरूपमा अनुरोध गरिसकेको छ। निर्माणस्थल पहिल्यैको खोला क्षेत्र हो र केही निजी नम्बरी जग्गा पनि समेटिएको हुनाले त्यहाँ पक्की संरचना निर्माण गर्दा प्रभावित हुने वडा नम्बर १५ को भनाइ छ।

तर वडा नम्बर १६ का पदाधिकारी र स्थानीय बासिन्दाले भने २०७७ सालमै सिमाना नापजाँच भइसकेको र सो भूभाग वडा १६ कै भएको तर्क गरेका छन्। उनीहरूको भनाइमा सोही आधारमा त्यस क्षेत्रमा तटबन्धसमेत वडा १६ कै बजेटबाट निर्माण गरिएको हो।

विवादको चुलिँदो अवस्थाबीच जिल्ला प्रशासन कार्यालय बाराले स्थलगत अनुगमन गरी तत्काल निर्माण कार्य रोक्ने निर्णय नगरेको स्पष्ट पारेको छ। सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराईका अनुसार हाल वर्षा र हिलोका कारण स्थलको सटिक नापजाँच सम्भव छैन। दुवै वडाले आ-आफ्नो तर्क प्रस्तुत गरिरहेका कारण नापी कार्यालयबाट प्राविधिक खटाएर मात्र यथार्थ टुंगोमा पुग्न सकिने उनको भनाइ छ।

उता डिभिजन वन कार्यालय बाराका प्रमुख राजीव झा भन्छन्, 'विवादित क्षेत्र वन क्षेत्र हो वा निजी स्वामित्वको हो भन्ने विषय तत्काल प्रस्ट भइसकेको छैन। नदीको धार परिवर्तनका कारण भू-स्वरूपमा परिवर्तन आएको पनि हुनसक्छ। त्यसैले, नापजाँच नगरी निष्कर्षमा पुग्न सकिँदैन।'

यसैगरी, पूर्वाधार विकास कार्यालय बाराकी प्रमुख रिम्पुकुमारी यादव निर्माण कार्य सबै प्राविधिक मापदण्ड र अनुमोदित इस्टिमेट अनुसार नै अगाडि बढिरहेको बताउँछिन्। उनले सो स्थान दलित तथा विपन्न समुदायको बसोबास भएको क्षेत्र भएकाले केही व्यक्तिहरूले नियोजित रूपमा विकासमा अवरोध गरिरहेको आरोप लगाइन्। 'हामी लालपूर्जा हेर्दैनौं, वडाबाट सिफारिस आएको स्थानमा मात्र आवास निर्माण गर्दै आएका छौं,' उनले भनिन्। हाल बाराका ३२५ स्थानमा यस्ता आवास निर्माण भइरहेका छन्।

विवाद चर्किएपछि वडा नम्बर १५ का अध्यक्ष रामप्रसाद लामिछाने स्थलगत अनुगमन गर्न पुगेका थिए। तर स्थानीय बासिन्दाले उनको दाबीको विरोध गरेपछि अवस्था केही तनावपूर्ण बनेको थियो। अवस्था कतिसम्म बिग्रियो भने वडा नम्बर १६ का अध्यक्ष हरिदेव खरेलले लामिछानेलाई सुरक्षितरूपमा घेराउमुक्त गर्नुपरेको थियो। स्थानीयहरूले भने अध्यक्ष लामिछानेले झुटो दाबी गर्दै जानाजान विकास कार्यमा अवरोध गरिरहेका कारण घेराउ गर्नु परेको बताएका छन्।

वडा नम्बर १६ का वर्तमान अध्यक्ष खरेल र पूर्व अध्यक्ष केदार बजगाईं दुवैले यो क्षेत्र आफ्नै पर्ने तथ्य सन् २०७७ कै नापजाँचबाट पुष्टि भइसकेको दाबी गरेका छन्। अध्यक्ष खरेलका अनुसार झुपडीमा जीवन गुजारिरहेका दलित र माझी समुदायका लागि सम्मानजनक बास निर्माण थालिएपछि केही व्यक्तिहरू असहज बनेका छन् र योजनाबद्ध रूपमा अवरोध सिर्जना गर्ने प्रयास भइरहेको छ। उनले यस कार्य समुदायको आत्मसम्मान र भविष्यप्रतिको आशामा चोट पुऱ्याउने खालको भएको बताए।

हाल सो क्षेत्रमा विपन्न र दलित समुदायका लागि २० वटा पक्की घर निर्माणाधीन छन्। विकासको बाटोमा विवादको छाया पर्न थालेको यस घटनाक्रमले अब कस्तो मोड लिन्छ भन्ने यकिन छैन। तर, जिल्ला प्रशासनको धारणा भने प्रस्ट छ- 'काम रोकिन्न।'

# 'झन्झटिलो नीतिका कारण अस्पताल सञ्चालनमा चुनौती'

**सुमन ढुंगाना/राजु गिरी**
**कास्की, साउन २४**

गण्डकी प्रदेशका निजी अस्पताल सञ्चालकहरूले राज्यको स्वास्थ्य नीतिमा आफूहरूको भूमिका र योगदानलाई उपेक्षा गरिएको गुनासो गरेका छन्। पोखरामा आयोजित अन्तरक्रियामा उनीहरूले झन्झटिलो नीति-नियम, फोहोर व्यवस्थापनको समस्या, र नवीकरण प्रक्रियाको सरलीकरणको माग गर्दै गण्डकी सरकारलाई सुधारका लागि आग्रह गरेका छन्।

नेपाल सरकारको स्वास्थ्य नीति अध्ययन गर्दा केही नीति राम्रा भए तापनि धेरैजसो नीति अन्य देश र अन्तर्राष्ट्रिय सम्मेलनबाट कपी-पेस्ट गरी बनाइएको हुँदा नेपालका लागि उपयुक्त नभएको निजी अस्पताल सञ्चालकहरूले बताए। विशेषगरी स्वास्थ्य सेवा प्रवाह गर्ने निजी अस्पतालहरूलाई राज्यले पर्याप्त महत्व नदिएको उनको गुनासो छ।

गण्डकी प्रदेश सरकारले हाल प्रदेश स्वास्थ्य ऐन बनाउँदैछ, जसमा अस्पतालको फोहोर व्यवस्थापन, ३ वर्षे नवीकरण प्रक्रिया ५ वर्षसम्म पुऱ्याउने लगायतका विषयमा ध्यान दिनुपर्ने उनीहरूको जोड छ। निजी अस्पताल सञ्चालक बुद्धिबहादुर थापाले भने, 'राज्यले मानव स्वास्थ्य क्षेत्रलाई छोडेर पर्यटन र उद्योगलाई मात्र बढी प्राथमिकता दिएको छ। हामीलाई पनि योजनाहरू ल्याएर हौसला दिन आवश्यक छ।'एसोसियसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन नेपाल (अफिन) गण्डकीका अध्यक्ष कपिल पोखरेलले भने, 'निजी अस्पतालहरूले सबै नीति नियम पालना गर्न तयार छन्, तर नियमहरू अव्यवस्थित र झन्झटिलो भएकाले सञ्चालनमा धेरै समस्या भइरहेका छन्। यसलाई सरल बनाउन सरकारले पहल गर्नुपर्छ।'

अन्तर्क्रियामा निजी अस्पताल सञ्चालकहरूले झन्झटिलो नीति-नियम र सरकारी कागजी प्रक्रिया सञ्चालनलाई थप कठिन बनाएको बताए। यसले निजी अस्पताल सञ्चालनलाई दिनदिनै चुनौतीपूर्ण बनाउँदै लगेको हो। गण्डकी प्रदेशका स्वास्थ्य मन्त्री कृष्णप्रसाद पाठकले भने, 'सरकार र निजी अस्पतालबीच संवाद आवश्यक छ। निजी क्षेत्रलाई लगानीमा झुक्याएर अप्ठेरोमा पार्नु हुँदैन। समस्या समाधानका लागि साझा प्रयास गर्नुपर्छ।'

हाल गण्डकी प्रदेशमा २३ सयभन्दा बढी शैया क्षमताका ३४ वटा निजी अस्पतालहरू छन्। स्वास्थ्य सेवा जनताको मौलिक अधिकार भएकाले राज्य र निजी क्षेत्रबीच सहकार्य, संवाद र सहज नीतिबाट मात्र गुणस्तरीय सेवा उपलब्ध गराउन सकिन्छ। मानव स्वास्थ्यसँग जोडिएको विषय भएकाले दुवै पक्षले संवेदनशील भएर काम गर्नुपर्ने अवस्था देखिएको छ।

# वैदेशिक रोजगारीमा ठगिएकाको ५५ लाख फिर्ता

**बागलुङ (संवाददाता)–** बागलुङको काठेखोला गाउँपालिका-७ रेश घर भएका चेतबहादुर थापाको रोजगारीको सिलसिलामा २०७२ सालमा साउदीमा मृत्यु भयो। उनको मृत्युपछि परिवारले १० वर्षसम्म कुनै क्षतिपूर्ति तथा राहत पाएनन्। तर, आप्रवासी स्रोत केन्द्रको पहलमार्फत थापाको परिवारले १० वर्षपछि राहत रकम प्राप्त गरे।

साउदी सरकारले व्यक्तिको विवरण पत्ता लगाउन नसक्दा भएको समस्या केन्द्रले समन्वय गरी पत्ता लगायो। वैदेशिक रोजगारीमा गएर अंगभंग भएका परिवारले उपचारका लागि आवश्यक सहयोग, शव झिकाउने, क्षतिपूर्ति दिलाउने र मनोपरामर्शजस्ता काममा केन्द्रको सक्रियता देखिएको छ।

केन्द्रले यहाँ एक वर्षमा १२८ वटा वैदेशिक रोजगारीसँग सम्बन्धित घटना दर्ता भएकामा ५८ वटा समस्या समाधान गरेको केन्द्रका सूचना तथा परामर्शकर्ता गंगा शर्माले बताए। उनले ७२ वटा वैदेशिक ठगीमध्ये २२ वटा ठगीको उजुरी समाधान भएर ठगिएको रु ५५ लाख १५ हजार फिर्ता भएको जानकारी दिए। सम्पर्कविहीन, कागजपत्र नभएको, विदेशमा जेल जीवन बिताउँदै आएका २५ वटा उजुरी दर्ता भएकामा १३ वटा समस्या समाधान भएको बताए।

त्यसैगरी, एक वर्षमा १० जना विदेशमा मृत्यु भएकाको शव ल्याउने र राहत रकम परिवारलाई भुक्तानी गरेको छ। दश मृत्यु तथा छ वटा अङ्गभङ्ग भएका उजुरीमध्ये १३ वटाको समस्या समाधान गरिएको र परिवारले रु ६७ लाख छ हजार राहत रकम प्राप्त गरको शर्माले जानकारी दिए।

आप्रवासी स्रोत केन्द्र बागलुङका प्रमुख मीन उपाध्यायले वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दै गएकाले ठगी, अंगभंग, मृत्यु तथा जेल पर्नेजस्ता घटनाको संख्यामा वृद्धि भएको बताए। उनका अनुसार काम, दाम, कम्पनी फरक र पासपोर्ट जफतलगायतका १५ वटा उजुरी दर्ता भएकामा १० वटा उजुरीको समस्या समाधान गरिएको छ।

उपाध्यायले जिल्ला प्रशासन कार्यालयको सहजीकरणमा कन्सुलर सेवा विभागबाट प्राप्त रु २१ लाख ३० हजार २५४ वैदेशिक रोजगारीसँग सम्बन्धित पीडितलाई उपलब्ध गराइएको बताए।

*रासस*

## तनहुँका चितुवा–पीडितलाई ३७ लाख राहत

**तनहुँ (संवाददाता)–** तनहुँ जिल्लामा चितुवा लगायतका वन्यजन्तुबाट मानवीय तथा पशुधन क्षति भएका घटनापछि डिभिजन वन कार्यालय तनहुँले झण्डै ३७ लाख रुपैयाँ राहत वितरण गरेको छ।

डिभिजन वन कार्यालय तनहुँका सूचना अधिकारी राजकुमार श्रेष्ठका अनुसार आर्थिक वर्ष २०८१/८२ मा चितुवाको आक्रमणबाट मृत्यु भएका तीन बालबालिकाका परिवारलाई जनही १० लाख रुपैयाँका दरले राहत वितरण गरिएको हो। साथै, वन्यजन्तुबाट घाइते भएकाहरू र पशुधन क्षति भएकाहरूलाई समेत राहत प्रदान गरिएको उनले बताए।

बन्दीपुर गाउँपालिकामा भएको तीनवटा दर्दनाक घटनामा चितुवाको आक्रमणबाट १३ वर्षीय सुन्दर कुमाल (कामीडाँडा-५), १० वर्षीया अनुजा विक (कामीडाँडा-२), र ६ वर्षीय उत्सव गुरुङ (कुवादी-२) को ज्यान गएको थियो।

सरकारले पारित गरेको वन्यजन्तु क्षति राहत निर्देशिका, २०६९ (संशोधित २०७५) अनुसार मृत्यु भएका व्यक्तिका परिवारलाई अधिकतम १० लाख रुपैयाँसम्म राहत दिने व्यवस्था छ।

यसका अतिरिक्त, चितुवाको आक्रमणबाट घाइते म्याग्दे गाउँपालिका-२ का मानबहादुर गर्जा मगरलाई उपचार खर्च स्वरूप एक लाख सात हजार रुपैयाँ र भालुको आक्रमणबाट घाइते भएकी भानु नगरपालिका-१२ की कल्पना गिरीलाई २४ हजार चार सय ३९ रुपैयाँ राहत दिइएको छ।

पशुधन क्षतिपूर्तिका लागि पनि वन कार्यालयले पाँच लाख ६२ हजार रुपैयाँ वितरण गरेको छ। चितुवाको आक्रमणबाट सो अवधिमा ४७ वटा बाख्रा, १२ वटा गाईगोरु र १ भैंसी मरेका थिए। वन कार्यालयका अनुसार पछिल्लो आठ वर्षमा मात्र तनहुँमा चितुवाको आक्रमणबाट १६ बालबालिकाले ज्यान गुमाएका छन्। भानु, बन्दीपुर र आँबुखैरेनी क्षेत्र चितुवाको आक्रान्त क्षेत्रका रूपमा चिनिँदै आएका छन्।

डिभिजन वन कार्यालय तनहुँले चितुवाको जोखिम न्यूनीकरणका लागि नागरिकलाई बेलुका र राति घर तथा गोठ उज्यालो राख्न, घर वरिपरिका झाडी सफा गर्न, एक्लै नहिंड्न, र बालबालिका तथा वृद्धवृद्धाको विशेष ख्याल राख्न आग्रह गर्दै आएको छ।

*रासस*

## मुस्ताङमा खोलाले बगाउँदा एक युवा बेपत्ता

**मुस्ताङ (संवाददाता)–** मुस्ताङको घरपझोङ गाउँपालिका-५ फेन्ताङस्थित जंगलमा च्याउ टिप्न गएका एक युवक खोलाले बगाउँदा बेपत्ता भएका छन्। बेपत्ता हुने युवक बागलुङको निसीखोला गाउँपालिका-६ घर भई हाल इको ब्रो कृषि फार्म, फेन्ताङमा कार्यरत अन्दाजी २३ वर्षीय हिमाल विक हुन्। उनी विगत छ महिनादेखि सो फार्ममा कार्यरत रहेको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ।

प्रहरीका अनुसार शुक्रबार श्रीमतीसहित पाँच जनाको समूह च्याउ टिप्न कोभाङ फेदीको जंगल गएका थिए। त्यही क्रममा धुम्बा खोला तर्दै गर्दा अचानक खोला बढेपछि विक बगाएर बेपत्ता भएका हुन्।

स्थानीय डिल्लीजंग गुरुङले घटनाको जानकारी प्रहरीलाई दिएका थिए। जानकारी प्राप्त भएको केही समयमै जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रमुख प्रहरी नायब उपरीक्षक (डीएसपी) छिरिङ किप्पा लामाको नेतृत्वमा ८ जनाको टोली र सहायक निरीक्षक सुरज श्रेष्ठको कमाण्डमा थप ७ जनाको टोली खटिएको प्रहरी निरीक्षक विकास क्षेत्रीले जानकारी दिए।

घटनास्थल जिप्रका मुस्ताङबाट करिब ७ किलोमिटर पश्चिमतर्फ पर्दछ। हालसम्म विकको अवस्था अज्ञात छ भने खोजी कार्य जारी रहेको प्रहरी स्रोतले जनाएको छ। घटनाबारे थप विवरण संकलन भइरहेको छ।

*रासस*

# झापामा बढ्यो तस्करी, राजस्व घट्दा पनि सरोकारवाला उदासीन





**युवराज आचार्य**
**झापा, साउन २४**

नेपाल-भारत खुला सीमाको फाइदा उठाउँदै झापाको सीमावर्ती क्षेत्रमा वर्षौंदेखि तस्करी मौलाउँदै आएको छ। यसले राज्यको राजस्व संकलनमा प्रत्यक्ष असर पारिरहेको भए पनि यस्ता गतिविधि नियन्त्रक निकाय मौन छन्। सुरक्षा निकायदेखि भन्सार र स्थानीय तहसम्मका जिम्मेवार निकायले कारबाहीभन्दा चुप्पी रोज्दा झापा तस्करीको मुख्य केन्द्र बन्दै गएको छ।

झापामा एक सय ४४.८ किलोमिटर लामो नेपाल-भारत खुला सिमाना रहेको छ। मेचीडाँगी, काँकरभिट्टा, भद्रपुर, नकलबन्दा, केचना, बाहुण्डाँगी, गौरीगञ्ज लगायतका नाकाहरू तस्करीका मुख्य मार्ग बनेका छन्। लत्ताकपडा, मोटरपार्टस्, गुट्का, मोबाइल, कृषिजन्य तथा घरेलु उपभोग्य सामग्री दैनिक लाखौं रुपैयाँ बराबरमा भित्रिने गरेको छ।

### कागजमै सीमित नियन्त्रण अभियान

नेपाल र भारतबीचको खुला सीमाले सहज आवतजावतको सुविधा दिए पनि त्यसको दुरुपयोग चरमरूपमा भइरहेको छ। सीमामा सुरक्षाका लागि सशस्त्र प्रहरी, नेपाल प्रहरी, भन्सार र स्थानीय प्रशासन खटिए पनि व्यवहारमा प्रभावकारी नियन्त्रण देखिँदैन। तस्करी नियन्त्रणको नाममा चेकपोस्ट बनाइएका छन्, गस्ती बढाइएको भनिन्छ, तर ती प्रयासहरू कागजमै सीमित देखिएका छन्।

स्थानीय जानकारहरू भन्छन्, 'सुरक्षानिकाय, भन्सार र स्थानीय प्रशासनबीच समन्वयको अभाव छ। कतिपय अवस्थामा मिलेमतो पनि देखिन्छ, जसले तस्करी नियन्त्रण असफल बनाइरहेको छ।'

### रातको समयमा तस्करीको उराठलाग्दो दृश्य

स्थानीय बासिन्दाहरूका अनुसार राति ८ बजेदेखि बिहान ४ बजेसम्म 'तस्करीको समय'का रूपमा परिचित भएको छ। काँकरभिट्टाका दुर्गा श्रेष्ठ भन्छन्, 'मोटरसाइकल, सिटी रिक्सा र पिकअप गाडीमार्फत गुट्का, रेडिमेड कपडा, इलेक्ट्रोनिक्स सामानहरू सजिलै बजारसम्म आइपुग्छन्।'

यस्ता कार्यमा बेरोजगार स्थानीय युवाहरूलाई प्रयोग गरिन्छ। केही पैसा कमाउने लोभमा युवाहरू जोखिम मोलेर तस्करीमा संलग्न भइरहेको बताइन्छ।

### राजस्व गुम्दा भन्सार लक्ष्यमा असफल

तस्करीले राज्यलाई ठूलो राजस्व गुमाइरहेको छ। उदाहरणस्वरूप, काँकरभिट्टास्थित मेची भन्सार कार्यालयले १७ अर्ब ३४ करोडको लक्ष्य राखेपनि गत आर्थिक वर्षमा जम्मा १५ अर्ब ९३ करोड मात्रै राजस्व संकलन गर्न सकेको छ। भद्रपुर भन्सारको अवस्थासमेत उस्तै छ।

तस्करीको सामान सस्तोमा बजारमा उपलब्ध भएपछि कर तिरेर व्यापार गर्ने व्यवसायीहरू प्रतिस्पर्धाबाट बाहिरिँदै गएका छन्। मेचीनगरका युवा व्यवसायी दिपेश तिवारी भन्छन्, 'हामी कर तिरेर ल्याएका सामानभन्दा सस्तो तस्करीको सामान बजारमा आउँछ। यस्तो अवस्था रहिरहे, व्यवसाय छाडेर विदेश जानुपर्ने बाध्यता आउँछ।'

### सुरक्षाकर्मी र राजनीतिक संरक्षणको आरोप

तस्करी नियन्त्रणमा खटिएका सुरक्षाकर्मी र भन्सार कर्मचारी स्वयं मिलेमतोमा संलग्न भएको आरोप पनि उठ्दै आएको छ। रातको समयमा आँखा चिम्लिने, ट्र्याकिङ नगर्ने, 'सस्तो शुल्क'मा पास गरिदिने कामले सुरक्षा निकायको निष्पक्षतामाथि प्रश्न उठाएको छ।

स्थानीयको भनाइमा, तस्करी संरक्षणमा उच्च तहका कर्मचारी र राजनीतिक पहुँचसम्पन्न व्यक्तिहरूको मिलेमतो हुन्छ। यसले गर्दा साना ओसारपसारकर्तालाई पक्राउ गरिए पनि ठूला गिरोह सजिलै उम्कन सफल भइरहेका छन्।

### स्थानीय सरकारको भूमिकामा उदासीन

तस्करी नियन्त्रणमा स्थानीय सरकारको भूमिका महत्त्वपूर्ण मानिन्छ, तर झापाका अधिकांश स्थानीय तह (मेचीनगर, भद्रपुर, गौरीगञ्ज, कचनकवल आदि) गम्भीर देखिँदैनन्। निगरानी टोली छैनन्, जनचेतना कार्यक्रम छैनन्, बरु बजेट, योजना र राजनीति केन्द्रित गतिविधिमा स्थानीय सरकार व्यस्त देखिन्छन्।

यसको असर स्थानीय उत्पादनमाथि परेको छ। सस्तो भारतीय तस्करीका सामानले नेपाली लत्ताकपडा, किराना, दूधजन्य र तरकारी बजार दबिएको छ। बेरोजगारी बढ्दै जाँदा युवा वर्ग घरेलु उद्यम वा कृषिमा लाग्नुभन्दा तस्करीमा आकर्षित भइरहेका छन्, जुन दीर्घकालीन रूपमा समाज र अर्थतन्त्र दुवैका लागि खतरनाक संकेत हो।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले
दैनिक पत्रिका
news24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको
उत्तरोत्तर प्रगति र पूर्ण सफलताको
हार्दिक बधाई तथा शुभकामना
व्यक्त गर्दछौं ।

SOHETO NEPAL
Broadcast & Communication Professionals

## सम्पादकीय

# विकास, विपद् र विकल्प

*साउन महिनामा निरन्तर र हल्का झरीको अनुभव चालीस वर्ष कटेका सबै नेपालीले गरेका हुन्। तीन दशक अघिसम्म साउने झरीले खेतबारीमा पर्याप्त पानी पुग्ने, रोपाइँ हुने, र हरियालीले गाउँठाउँ ढाकिने गरेको थियो। तर, अहिले साउने झरीको साटो असिनासहितको आरीघोप्टे पानी अर्थात् 'क्लाउड ब्रस्ट' हुन थालेको छ।*

*मौसमी फेरबदल जलवायु परिवर्तनको असर हो। यी असरले वायुमण्डलीय तापक्रम बढ्नु, समुद्री सतहमा ताप वृद्धि हुनु, र मनसुन प्रणाली असन्तुलित हुँदै जाँदा वर्षा अनपेक्षित र अनियमित हुँदैछ। छोटो समयमा धेरै पानी पर्ने त कहिले लामो समयसम्म खडेरी पर्ने गरेको छ। नेपालका हिमालपारिका जिल्ला मुस्ताङ, मनाङ, डोल्पा, र हुम्ला जस्ता माथिल्ला भेगमा वर्षा नहुने परम्परा अब बदलिए र घना वर्षा हुन थालेको छ। जसले हाम्रो उच्च हिमाली क्षेत्रको मौसमी चक्र फेरिइसकेको पुष्टि गरेको छ। सदियौंदेखि सुक्खा ती क्षेत्रको भूवनोट कमलो मानिन्छ। जब ती क्षेत्रमा पानीको प्रभाव पर्न थाल्छ, तब थारै पानीले पनि खुकुलो माटो, गेग्रान बग्न थाल्छ। माथिबाट, बग्दै आउने पानी, बाढी तल झर्दै जाँदा त्यसको चाप बढ्दै जान्छ र तल्लो तटीय क्षेत्र खतरामा पर्छ। यसले त्यहाँको र तल्लो भेगको कृषिमा गम्भीर असर पारेको छ। जलवायु परिवर्तनका यी प्रभाव दुःखदायी छन्।*

*अबका दिनमा हामीले जलवायु परिवर्तन विकसित देशको आर्थिक दौडको दुष्परिणामजस्ता 'ठूला कुरा' भन्दा हिमालपारिका जिल्लामा पर्ने पानी र त्यहाँबाट आउनसक्ने बाढीले तल्लो तटीय क्षेत्रमा के कस्तो प्रभाव पार्न सक्छ ? त्यसबाट बच्न के कसो गर्न सकिन्छ भन्ने संवादलाई द्रुत बनाउनुपर्छ। संवादका साथसाथै तततत् ठाउँमा तत्काल काम पालिकाहरूले के गर्न सक्छन् भन्ने उपायको खोजीलाई तीव्र बनाउनुपर्छ।*

*केही दिनअघि भारतको उत्तराखण्डको जस्तो नियति कसैले पनि भोग्न नपरोस् भन्नेमा बेलैमा सचेत हुनु आवश्यक छ। चार वर्षअघि मेलम्चीमा आएको लेदो बाढीले पूर्वाधार निर्माणमा त्यो तहको आकलन नभएको हामीलाई बुझाइसकेको छ। गत वर्ष असोज १२ गते आएको पानीले ल्याएको बाढीले राजधानी र आसपासका जिल्लामा पुऱ्याएको अकल्पनीय क्षति ताजै छ। अब पालिकाहरूले निर्माण संवेदनशीलता अपनाउनुपर्ने देखिएको छ। खोलाको बहावमार्ग, बगर खोलाकै सम्पत्ति हो भन्ने विज्ञको भनाइलाई मनन गर्दै जथाभावी संरचना बन्न दिनुभएन। नदीको बहाव मार्ग साँघुरो बनाउँदै जाँदा लेदो तथा गेग्रानसहितको बाढीले आकलन भन्दा ठूलो क्षति गर्ने सम्भावनालाई मनन गर्नुपर्छ। अब बाढीको कुरा गर्दा पानी मात्रै नभएर त्यसँगै बगेर आउने गेग्रानको पनि हिसाब गरिनु पर्ने देखिएको छ। विकासका लागि निर्माण कार्य अघि बढाउने नाउँमा जथाभावी पहाड, नदीकिनारमा धक्का पुऱ्याउनु हुँदैन।*

*इसिमोडजस्ता संस्थाहरूले विगतमा महत्वपूर्ण अध्ययन, तथ्यांक संकलन, र चेतना फैलाउने काम गरेका छन्, जसले नीति निर्माणमा सघाएको छ। तर त्यतिले पुग्दैन। जलवायु परिवर्तनको प्रभाव तीव्र हुँदै जाँदा, उच्च हिमाली क्षेत्रमा सुरक्षित जनजीवन सुनिश्चित गर्न तत्काल काम गर्नु आवश्यक छ। तीनवटै तहका सरकार, नागरिक समाज र अन्तर्राष्ट्रिय साझेदारहरू मिलेर काम गर्न अबेला भइसक्यो। अब शहरीकरणको लहरले पानी पुनर्भरणका क्षेत्रबाट कुनै सोचाइ नहुँदा विपद् बढ्ने देखिन्छ। जोखिमको पहिचान गरी जोखिमयुक्त क्षेत्रमा बसोबास नियन्त्रण, सुरक्षित स्थानमा पुनर्वास, र निर्माण कार्यको वातावरणीय वैज्ञानिक मूल्यांकन गरी सामुदायिक स्तरमै पूर्वसूचना प्रणाली विकास गर्ने र मौसमको जानकारी, बाढी पूर्वानुमान र विपद् अघि सचेत गराउने प्रविधिमा सबैको पहुँच विस्तार गर्नुपर्छ। दीर्घकालीन उपायमा वातावरणमैत्री विकासलाई प्राथमिकता दिई वन जोगाउने, वर्षा संकलन प्रणाली, भूक्षय रोक्ने उपाय खोज्ने काम तत्कालै गर्नुपर्छ।*

# गाईजात्राको सन्देश

**शेखर लामिछाने**

गाईजात्रा पर्व नेवार समुदायको मौलिक सांस्कृतिक पर्व हो, जुन प्रत्येक वर्ष भाद्र शुक्ल प्रतिपदा अर्थात्, जनैपूर्णिमाको भोलिपल्ट दिवंगत आफन्तहरूको सम्झनामा मनाइन्छ। यस पर्वमा गाई वा गाईको भेषमा सिँगारिएका बालबालिकालाई नगर परिक्रमा गराइन्छ, जसको मुख्य उद्देश्य मृत आत्माको मोक्षको कामना गर्न' हो। गाईजात्राको उत्पत्तिसँग सम्बन्धित प्रचलित किंवदन्ती अनुसार, राजा प्रताप मल्लले आफ्ना पुत्रको मृत्युले शोकमा डुबेकी रानीलाई सान्त्वना दिन जनताबाट गाई निकाल्न लगाई गाईजात्रा सुरु गराए। तर, ऐतिहासिक अभिलेख अनुसार यो पर्व प्रताप मल्लभन्दा पहिल्यै लिच्छवीकाल वा प्रारम्भिक मल्लकालमा प्रचलित थियो। गोपालराज वंशावली र ठ्यासफूमा उल्लिखित 'सायात' शब्दले यस पर्वको प्राचीनता पुष्टि गरेको छ। भक्तपुरमा वि.सं. १४३७ मा जयस्थिति मल्लको पालामा यो पर्व मनाइएको प्रमाण उपलब्ध छ।

काठमाडौं उपत्यकाका विभिन्न स्थानहरूमा गाईजात्रा फरक शैलीमा मनाइन्छ। काठमाडौंमा मृतकका परिवारले बालबालिकालाई गाईको भेषमा सिँगारी नगर परिक्रमा गराउँछन्। भक्तपुर र पनौतीमा 'ताहामचा' नामक लिंगाकार संरचना बोकेर जात्रा गरिन्छ, जसमा मृतकको तस्वीर र गाईको चित्र राखिन्छ। कुमाले समुदायले माटोको गाई बनाएर सहभागी हुन्छन्। कीर्तिपुर र पाँगामा भने मृतकको सम्झनामात्र होइन, नयाँ घर बनाउँदा पनि गाईजात्रा निकालिन्छ। यहाँ 'धेपाँधेधे' नृत्य, मुखुण्डो, भेषभूषा र बाजासहित प्रस्तुति हुन्छ। भक्तपुरमा गाईजात्रा आठ दिनसम्म मनाइन्छ, र मुख्य आकर्षण 'घिन्ताङघिसी' नाच हो, जहाँ हास्यव्यंग्य प्रस्तुतिहरू गरिन्छन्।



पर्वको क्रममा ३६५ प्रकारका सामग्री, जस्तै रोटी, फलफूल, पैसा आदि वितरण गरिन्छ। दूध, दही र अन्नको दान दिने चलन पनि छ। धार्मिक ग्रन्थहरूमा गाईजात्राको उल्लेख नपाइए पनि, यसले नेवार समुदायमा सांस्कृतिक रूपमा विशेष स्थान बनाएको छ। बौद्ध परम्परामा पाटनको 'मतयाः जात्रा'लाई गाईजात्रासँग जोड्ने प्रयास गरिएको पाइन्छ। गाईजात्रा अहिले काठमाडौं उपत्यका बाहिरका शहरहरू र विदेशमा पनि मनाइन्छ। हास्यव्यंग्य, प्रहसन, व्यंग्यचित्र र सामाजिक विकृतिमाथि टिप्पणी गर्दै जनचेतना फैलाउने माध्यमका रूपमा गाईजात्रा विकास हुँदै आएको छ। यो पर्वले शोकलाई शक्तिमा रूपान्तरण गर्दै सामाजिक एकता र सांस्कृतिक अभिव्यक्तिको प्रेरणादायी उदाहरण प्रस्तुत गर्छ।

**लेख तथा टिप्पणीका लागि:**
desk.news24daily@gmail.com

# जनार्दनले ल्याएको हुरी

## कम्युनिष्ट पार्टीले नेतृत्वमाथिको प्रश्न रूचाउँदैन

news24 दैनिक



**मुमाराम खनाल**



- **प्रचण्डले जानेकै अरूलाई लडाउने, फुटाउने र पार्टी कब्जा गरिरहने हो, जुन उनले चालीस वर्षदेखि गर्दै आएका छन्।**
- **यो पृथ्वीमा प्रचण्ड नहुँदा केही फरक पर्नेवाला छैन, बरू उनी नहुँदा पार्टी र देशको भलाइ हुनेछ।**
- **कांग्रेसमा नेतृत्व विरूद्ध बोल्दा त्यसलाई स्वभाविक ढंगले लिइन्छ, हिजो शेरबहादुर गिरिजाको प्रतिपक्ष थिए, आज शेरबहादुरलाई गगनहरूले चुनौती दिइरहेका छन्।**
- **झलनाथ खनाल उमेरले वृद्ध भए पनि विचारले बालक हुन्।**

पार्टीलाई अखण्ड ढंगले हेर्ने कम्युनिष्ट पार्टीहरूको विश्वव्यापी चरित्र हो। नेपालको मात्रै होइन संसारका सबै पार्टी चल्ने नै यसैगरी हो। पार्टीभित्र समाज, राजनीतिक एजेण्डा, विचारलाई हेर्ने दृष्टिकोण हुन्छन्। ती दृष्टिकोण फरक हुन्छन्। तर कम्युनिष्ट पार्टीको हकमा के हुन्छ भने जब कुनै सदस्यले फरक मत राख्न थाल्छ, उसलाई व्यक्तिगत रुपमै प्रहार गर्न थालिन्छ। त्यो क्रममा व्यक्तिगत लाञ्छना लगाइन्छ। तर नेतृत्वले आफूतिर हेर्न प्रयास भने गर्दैन।

नेपालको कम्युनिष्टहरूका हकमा टुटफुट र विभाजन उनीहरूको प्राकृतिक स्वभाव सरह छ। माओवादी संगठित हुने आधार पाएको नेपाल कम्युनिष्ट महाधिवेशन (चौथो महाधिवेशन) टुटफुट र विभाजनको तिक्त इतिहास बोकेको संगठन हो। त्यहाँभित्र जो-जोसँग विवाद भयो, ती सबै पार्टीबाट अलग भएका छन् र पार्टी चालीस वर्षदेखि एक जनाको कब्जामा छ। पार्टीमा मोहन वैद्यले बिमतीको मत जाहेर गरे, पार्टीबाट निष्किए। बाबुराम भट्टराईसँग विवाद भयो, उनी पनि अलग्गिए। गोपाल किराँती, आहुति, नेत्रबहादुर चन्दसँग बिमति भयो, सबै बाहिरिए। पार्टी छ-सात टुक्रा भइसकेको छ। नेतृत्वसँग मिलेको तप्काले पहिला हाम्रो नेतृत्व संसारकै उत्कृष्ट हो भनेर प्रशंसा गर्छन्। बिमति हुन थालेपछि नेतृत्वको दानवीकरण थाल्छन्। अर्कोतिर, नेतृत्वले पार्टीलाई निजी कम्पनी सरक ठानिरहेको हुन्छ। नेतृत्वले आफ्नो मात्र नाफाघाटा हेर्छ, जहाँ जनताको सवालले स्थान पाउँदैन।

नेतृत्वलाई चुनौती दिनु, नेतृत्व हस्तान्तरणको मुद्दा उठाउनु पार्टीको हितमा छ। पार्टीलाई जीवन्त राख्ने आधार त्यही हो। हाम्रा कम्युनिष्ट पार्टीले भने नेतृत्वमाथिको प्रश्न रुचाउँदैन। माओवादी पार्टीमा जनार्दनद्वारा राखिएका तर्क सतप्रतिशत सही छ। सबैका कमजोरी हुन्छन्, जनार्दनका पनि होलान्। तर अहिलेको माओवादीमा प्रतिपक्षको आवाजलाई जनार्दनले प्रतिनिधित्व गरिरहेका छन्।

पार्टीलाई जीवन्त राख्न पार्टीभित्र प्रतिपक्षको आवाज हुनुपर्छ। लोकतान्त्रिक अभ्यास हुनुपर्छ। हिजो पुष्पकमल दाहालले महाधिवेशनमा आफूलाई अध्यक्ष चुनेर अरुलाई महासचिवमा पनि प्रतिस्पर्धा गर्न नदिएको होइन र ? त्यसैले अहिले जनार्दनहरूले बोल्नु अर्घेल्याइँ होइन।

उनले प्रश्न उठाउँदा दोस्रो पुस्ताले चालीस वर्षदेखिको तानाशाही नेतृत्वको रक्षा गर्नु ती 'बुख्याँचा'हरूको समस्या हो। हिजो जनार्दन आफैं एक 'बुख्याँचा' थिए। जब उनले नेतृत्व परिवर्तन हुनुपर्दो रहेछ भन्ने बुझे र बोल्न थाले, उनी पार्टीको आँखी भए। यदि त्यो पार्टीमा निरन्तर नेतृत्व परिवर्तनको गुञ्जायश भएको भए मोहन वैद्य त्यो पार्टी छोड्न बाध्य हुँदैनथे होलान्। पार्टीको अध्यक्ष भइन्छ भन्ने भएको भए बाबुरामले पनि पार्टी छोड्दैनथे होलान्। कांग्रेसमा त त्यो सम्भावना छ र मानिसहरू लागिरहेका छन्। तर कम्युनिष्ट पार्टीमा त्यो सम्भावना हुँदैन।

माओवादी व्यक्तिको निजी कम्पनीजस्तो पार्टी भइसक्यो। बिमतीको कुरा राख्ने बित्तिकै पार्टीबाट बाहिरिनुपर्छ। त्यहाँ प्रचण्डलाई रिझाएर खाने परजिवीहरूको जमात छ। त्यो जमातमा कमसेकम एक जनाले चुनौती दिइरहेका छन्। त्यसलाई त अरुले समर्थन पो गर्नुपर्ने थियो। पार्टीभित्र निरन्तर दोस्रो पुस्ताले आवाज उठाएन भने नेतृत्व तानाशाह बन्छ। प्रचण्डले आफ्नै वकालत गर्दै हिँड्नु आश्चर्यलाग्दो छ। 'आफ्नो आवश्यकता अझै पार्टीमा छ' भन्दै हिँडेनु उनको अहंकार मात्रै हो। पृथ्वीमा कयौं प्रतिभाशाली मान्छे आए, गए तर यो पृथ्वीलाई केही फरक परेको छैन भने प्रचण्ड नहुँदैमा केही फरक पर्दैन। यत्रो विश्वको एउटा सानो देशको, एउटा सानो पार्टीमा प्रचण्ड नुहँदा के फरक छ र ? बरु उनी नहुँदा पार्टी र देशलाई फाइदा छ।

'म नहुँदा पार्टी मर्छ' भन्नुको अर्थ मेरो कमाउने भाँडोमा अर्कोले धावा बोल्ला भन्ने चिन्ता मात्रै हो। पार्टीलाई कमाउने भाँडो ठानिएको छ र त्यसमा आजन्म हालिमुहाली गर्न पाउनुपर्छ भन्ने उनलाई लागिरहेको छ। उनले के बुझ्न चाहेका छैनन् भने पार्टीमा त सबैले रगत पसिना बगाएका छन्। तर नाफाजति आफ्नो पोल्टामा पार्ने र बलिदान जति अर्काको पोल्टामा पार्ने प्रवृत्ति हावी भयो। त्यस्तो, नेतृत्व परिवर्तन हुनुपर्छ भन्नु स्वभाविक हो।

कांग्रेसमा गगन थापाले सभापतिलाई चुनौती दिइरहेका छन्। सभापतिविरुद्ध बोल्दा त्यहाँ त पार्टीबाट हट्नुपर्दैन। कांग्रेसमा नेतृत्वविरुद्ध आवाज उठाउँदा त्यसलाई स्वभाविक रुपमा लिइन्छ। शेरबहादुर देउवा पनि गिरिजाविरुद्ध आवाज उठाएर स्थापित भएका हुन्। माओवादीमा भने जुनसुकै कारणले, जोसुकैले आवाज उठाएको होस् त्यो नाजायज छैन। मूल प्रश्न एउटा व्यक्ति चालीस वर्षसम्म नेतृत्वमा रहनु हुँदैन भन्ने हो। नेतृत्वले धेरै भए दश वर्षमा छोडिदिनुपर्छ। उनको क्षमता रहेछ भने पाँचै वर्षमा देखिन्छ।

पार्टीलाई सानो सानो बनाएर सिद्धाएर, कहिले कांग्रेससँग गठवन्धन गरेको छ, कहिले एमालेसँग गठवन्धन गरेको छ। मूल एजेण्डा र लक्ष्य केही छैन। पार्टीभित्रै गिजोल्ने, बिथोल्ने काम मात्र भएको छ। के त्यो नेतृत्वलाई सफल मानिन्छ ? त्यो नेतृत्व हिजो पनि सफल थिएन, आज पनि छैन। हिजो पनि षडयन्त्र भएको हो, आज पनि षडयन्त्र नै भइरहेको छ। पालुङटार सम्मेलनसम्म त तीनवटा पक्ष पार्टीमा समातान्तर रूपमा थिए। प्रचण्डले आफ्नो शक्तिलाई प्रयोग गरेर कथित दोस्रो/तेस्रो पुस्ताका नेतृत्वलाई उचालेर अर्काकाविरुद्ध लडाएर पार्टी छिन्नभिन्न पारे, आफूले नेतृत्व हत्याए।

अर्को चुनावमा त रोल्पा, रुकुमबाहेक माओवादीले अन्त जित्ने सम्भावना नै छैन। त्यसैले त्यहाँको नेताले आवाज उठाउँदा प्रचण्डलाई सकस परेको हो। अब के हुन्छ भने जसले बढी जनार्दनलाई गाली गर्छ ऊ प्रचण्डको नजिक पुग्छ। कथित दोस्रो पुस्ताका नेता जनार्दनलाई गाली गर्दै प्रचण्डको नजिक पुग्ने प्रतिस्पर्धा गर्नेछन्। प्रचण्डले केहीलाई उचाल्छन्। एउटा पक्षलाई जनार्दनमाथि तरुन्तै कारबाही हुनुपर्छ भन्न लगाउँछन्। अर्कोलाई आत्मालोचना गराउनुपर्छ भन्न लगाउँछन्। सबैले सबैलाई गाली गराइसकेपछि 'मैले मिलाएँ' भन्ने पार्ने र पानीमाथिको ओभानो बनेर 'पार्टीमा कुनै मतभेत छैन' भन्नेछन्। उनले जनार्दनलाई या त आत्मसमर्पण गराउँछन्, या पार्टीबाट निकाल्छन्। यो दुई विकल्पबाहेक प्रचण्डले आजसम्म अर्को कुरा केही सिकेकै छैनन्।

नेपालको राजनीतिक वातवरण लोकतान्त्रिक भएकाले नेपाली कम्युष्टिहरूले केही कुरा मान्न बाध्य हुनुपरेको हो। हाम्रो संविधान, राजनीतिक पद्धति लोकतान्त्रिक भएका कारण उनीहरूले लोकतन्त्रप्रतिको प्रतिबद्धता गर्नुपरेको हो, जुन उनीहरूको ओठे भक्ति मात्रै हो।

उदार लोकतन्त्र, हाम्रो बहुलवादी प्रणालीप्रति उनीहरूको विश्वास छैन। यसले कम्युनिष्टहरूको दुविधा प्रकट हुन्छ। उनीहरूले लोकतन्त्रलाई हिजो लेनिनले भनेजस्तै 'खशीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो हो' भन्ने हिसाबले नै हाम्रा संस्थाहरूलाई लिएका कारणले नै हाम्रा संस्थाहरू कहिँ पनि फङ्सनल छैन।

नेकपा समाजवादीमा पनि त्यहीँ हाल छ। पार्टी प्रमुखलाई भ्रष्टाचारको मुद्दा लागेर थाना पुसिकेपछि माधव नेपालले तुरुन्त पदबाट रानीनामा दिनु पर्दैन ? अभियोग नै लागिसकेको अवस्थामा नेतृत्व सुम्पिएको भए पार्टीको छवि निर्माणमै सहयोग पुग्थ्यो। तर, आफ्नो जस्तोसुकै सानो गुट होस्, त्यो छिन्नभिन्न होला भनेर कम्युनिष्टहरू डराइ रहन्छन्। अहिले पार्टी अरुलाई जिम्मा लगाउँदा भोलि फर्केर आउँदा पार्टी अर्कैले हडपिसक्छ। कम्युनिष्ट पार्टीको यो प्रवृत्ति साना, ठूला सबैमा पार्टीमा लागू हुन्छ।

फेरि समाजवादी आफैं जन्मिएको पार्टी होइन। त्यसलाई अदालतले जन्माइदिएको हो। नत्र त्यो गुट या एमालेको टाँसो लगाएर बस्थ्यो या माओवादीको टाँसो लगाएर बस्थ्यो। एमाले र माओवादीको विभाजनपछि जुन भागदौड राजनीतिमा मच्चियो। त्यसमा सबैका खुट्टा भाँच्चिएपछि भोलिपल्ट समाजवादी पार्टी खुलेको हो। त्यो भागदौडमा मर्ने मेर, भाग्ने भागे। जो घाइते भए तिनले समाजवादी खोले। यो पार्टीले आफ्नो औचित्य पुष्टि गर्न सकेकै छैन। किनभने नोकरशाही एमाले र अराजक माओवादीमा नअटेका मान्छेहरूले खोलेको पार्टी हो, त्यो।

आफैं त त्यो पार्टी ठूलो छैन, तर समस्या भने धेरै छन्। झलनाथ खनाल र माधव नेपालबीचको मतभेद त्यही हो। झलनाथ खनाल त २०४० सालदेखि जहाँको त्यहीँ हुनुहुन्छ। २०४० सालतिर उहाँ जे कुरा गर्नुहुन्थ्यो, अहिले पनि उहाँको कुरा त्यही नै छ।

उमेरले उहाँ वृद्ध हुनुभयो, विचारले उहाँ बालक नै हुनुहुन्छ। उहाँ कहिले 'प्रधान शत्रु' खोजिरहनु हुन्छ। यद्यपि, उहाँको औचित्य नभएको कुरा चाहिँ सत्य हो। औचित्य त माधव नेपालको पनि छैन। उसको न राजनीतिक एजेण्डा छ, संगठित हुने राजनीतिक विचार नै छ।

एमालेजस्तो नोकरशाही पार्टी, जहाँ जसको बहुमत भयो पार्टी त्यतैतिर टासो लाग्छ। जसले पार्टीको साधन र स्रोत कब्जा गरेर बहुमत लिन्छ, पार्टी त्यसैको हुन्छ। त्यही नाकरशाही पार्टीको अंग भएर यत्रो वर्ष नेता भएका होइनन् उनीहरू ? उनीहरूबाट के आश गर्न सकिन्छ ? एमालेमा हुँदा हुन्थ्यो त्यो समावजादीबाट हुँदैन। त्यसैको रोष हो, उहाँहरूको असन्तुष्टि। उहाँहरूले आफूले गरेको त्यागभन्दा कयौं गुणा प्रतिफल लिइसक्नुभयो। त्यसो हुनाले उहाँलाई सम्मान गर्न जरुरी छैन।

उहाँहरू अझै पनि यो बुढेसकालमा मैले पाइनँ भनेर दौडधुप गरिरहनु भएको छ। उहाँहरूले अब घर बस्ने, नाती नातीना हेर्ने, उनीहरूलाई आफ्नो अनुभव सुनाउने, आफ्नो अनुभव लेख्ने काम पो गर्नुपर्ने हो। नेपालमा गृहमन्त्री भएका हरेकलाई प्रधानमन्त्री हुन्छु भन्ने सपना हुन्छ। त्यही सपना बोकेर मलाई अन्याय भयो भनिहरनुभएको छ। त्यसको अर्थ मैले राज्यसत्तालाई दोहन गरेर लाभ पाइनँ भन्ने रोष हो। यसो भनेर उहाँहरूले आफ्नै उपहास गरिरहनुभएको छ। उहाँहरू नेपालको लागि मात्र होइन, आफ्ना परिवारको लागि पनि सन्दर्भहीन हुनुभएको छ। कमसेकम यो बुढेसकाल परिवारको लागि लगाएको भए हुन्थ्यो। अहिलेका बच्चाहरूलाई नेपाली सिकउनै समस्या छ, त्यो सिकाए हुन्थ्यो। अरु त उहाँहरूले के नै सिकाउन सक्नुहुन्छ र ? पचासको दशकअघिका जन्मेकाहरूका लागि त भूमिगत हुँदाका कुरा, संघर्षका कुरा, हलो जोतेको कथा सनाउनु हुन्थ्यो होला। त्यस्तो कथाले अबका पुस्ता आकर्षित हुँदैन। बरु राजनीतिमा हामीले यो-यो गल्ती गऱ्यौं भनेर आफूले गरेका नराम्रा कामहरूका बारे भने हुन्थ्यो, राम्रा काम गरेको छु भन्नलाई त्यस्तो केही गरेकै छैन।

एमालेको विकासक्रम ५० को दशकदेखि रोकिएको छ। नेपालको संसदीय व्यवस्थामा सहभागी भएर संसदीय प्रक्रियामा भाग लिनुबाहेक पार्टीको अरु कर्म नै सकिएको थियो।

त्यो बेला बरु पार्टीभित्र एउटा विचार थियो। संसदीय व्यवस्थालाई हिजो पञ्चायतमा जस्तै सिर्जनशील ढंगले उपयोग गर्ने कि संसद्वादमै समर्पित हुने भन्ने प्रश्न थियो। त्यो आवाज 'इन्टरमिडियटरी बडी' को रुपमा थियो। एउटा संस्थापक शक्ति र अर्को विपक्षी शक्ति थियो। विगतमा ओलीको गुट अलि विद्रोही थियो, माधव नेपालको चाहिँ संस्थापन शक्ति थियो। त्यस बीचमा घनश्याम भूसालजस्ता व्यक्ति थिए। त्यसले एमालेलाई अहिलेको जस्तो व्यक्तिवादी नेतृत्व, अलोकतान्त्रिक नेतृत्वमा जानबाट पार्टीलाई रोकी कराखेको थियो। ओली बलियो हुँदै जाँदा त्यो प्रतिपक्षी शक्तिलाई कमजोर बनाउने काम भयो। प्रतिपक्षको नेतृत्वमा जुन लोभ हुन्छ, त्यसको लोभ र डरमाथि खेल्ने काम भयो। पदको लोभ र पार्टीको निष्कासनमा परिने डरले ती डराए, अनि त्यो पक्षभित्रै फुट आउन थाल्यो।

त्यसलाई 'इन्ट्याक्ट' राख्न नेतृत्व असफल भयो। धनश्याम भूसालहरूको काम पार्टीका कमजोरहरूलाई ल्याएर मार्क्सवाद पढाउने काम मात्र भयो। जसले मार्क्सवाद बुझ्नै सक्दैन, त्यस्तालाई पढाएर के हुन्छ ? गर्नुपर्ने काम अर्कै थियो खाली एउटा रेटोरिक बनाउने काम मात्र भयो। एक चरणसम्म त्यो काम ठिक थियो, आवश्यक पनि। जुन दिन त्यो पक्ष दश भाइको नाममा भागाभागमा पऱ्यो, त्यसदिनदेखि एमालेभित्रको बहस नै सकियो। ओलीको हातमा नेतृत्व जाँदै गर्दा, त्यो पक्ष कमजोर बन्दै गयो र बहस पनि शिथिल हुँदै गयो र अन्ततः ओलीको तानाशाही नेतृत्व स्थापित हुँदै गयो। त्यो हुँदै गर्दा पार्टीमा विभाजन पनि आयो, उनका विरोधीहरू सबै बाहिरिए।

अब त पार्टीमा एकलौटी भयो। तर पार्टीको चरित्र त त्यस्तो हुँदैन। पार्टीभित्र दुईजना रहँदासम्म पनि फुट र विभाजन र फरकपन आउँछ। त्यो फरकपनलाई सम्बोधन गर्ने नेता त ओली होइनन्। 'मलाई जान्ने होइन, मान्ने मान्छे चाहिन्छ' भन्ने नेता हुन् ओली। त्यसकारण जान्ने पल्टिनु पनि भएन। 'मान्नेहरू मात्र आओ' भनेकै हुन् ओलीले। प्रचण्ड र ओलीमा केही फरक छैन। यी दुवै व्यक्तिवादी र तानाशाही हुन्। पार्टीलाई प्राइभेट लिमिटेडका रुपमा चलाउने व्यक्ति हुन्। अब अहिले विद्या भण्डारीको आगमनले के देखियो भने पार्टी सर्लक्कै मेरो हो भन्ने केपीको बुझाइ भत्कियो। पार्टीभित्र त विवाद, संवाद, अन्तरक्रिया भइरहन्छ। पार्टीभित्र नेतृत्वलाई चुनौती दिने मान्छे आइरहन्छन्।

अहिले पार्टी त्यसले चलाउँछ, जोसँग पैसा छ। चाहे माओवादीमा जनार्दनले कुरा उठाओस्, चाहे एमालेमा विद्याले कुरा उठाउन्। पर्याप्त आर्थिक जोहो नभइ पार्टी चलाउन सकिँदैन भन्ने उनीहरूले बुझेका छन्। पार्टीभित्र पनि जोसँग पैसा छैन, ऊ अगाडि बढ्न खोज्दैन। पार्टी सञ्चालन गर्ने पद्धति नै यति महंगो बनाइएको छ कि पार्टी चलाउन पैसा भएको वा पैसा जुटाउन सक्ने मान्छे चाहिन्छ। कानुनसम्मत काम गर्ने व्यापारीले ठूलो पैसा दिँदैन। पार्टीलाई राज्य ठग्ने व्यापारी चाहियो, किनभने पैसा दिनसक्ने त उही हुन्छ। त्यसकारण आज व्यापारीको नाममा विचौलिया उदाइरहेका छन्। खास व्यापारीहरू भागिरहेका छन्, दुई नम्बरीहरू जागिरहेको स्थिति छ।

केन्द्रिय समितिमा कुरा मिल्दैन तर हरेक विवाद एउटा व्यापारीको आवरण भएको विचौलियाकोमा गएर मिल्छ। केन्द्रिय समिति, पोलिटब्युरो, स्थायी कमिटीमा नमिलको कुरा बिचौलियाकोमा गएर मिल्छ किनभने त्यहाँ 'यो विवाद यति करोडले मिलाउने' भन्न मिल्दैन। विचौलिया कहाँ जाने बित्तिकै सबै विवाद मिल्छ, किनभने लेनदेन हुन्छ। त्यसकारण पार्टीभित्र जतिसुकै विवाद भए तापनि एउटा ब्यापारी कहाँ गएर विवाद सल्टिन्छ। भन्नलाई त जे भनिदिए पनि भयो नि। आसन्न चुनावमा के होला भन्दा कम्युनिष्टहरूले आफूलाई संकट पर्दा एकताको कुरा गर्छन्। ८४ सालसम्म आफैंलाई संकट आउने भएपछि र ओली र प्रचण्डले 'हामी मिल्यौं', 'जहाजका दुई पाइलट भयौं' भन्न केही बेर लाग्दैन। एमालेको मतमा त्यति ठूलो अन्तर नआउला। त्यो नोकरशाही पार्टी हो, पब्लिक पर्सेप्सनबाट आउने मतको केही अन्तर बाहेक उसको भोटमा खासै अन्तर पर्दैन।

अहिलेको नेतृत्वले आफैं हामी नमर्दासम्म हाम्रै नेतृत्व हुन्छ भनेका छन्। उनीहरूले आफू बाँच्दासम्म अरुलाई नदिने भनेर घोषणा नै गरेका छन्। कमसेकम कांग्रेसमा दुई कार्यकालपछि सभापति हुन नपाइने विधान छ। विधान फेर्न कम्युनिष्टहरूले जस्तो निर्लज्जता उनीहरूले नगर्ने हुनाले शेरबहादुर नदोहोरिएलान् भन्ने मान्न सकिन्छ।

बाबुराम भट्राईको लघु आकारको पार्टी भए पनि नेतृत्व उहाँकै छ, नेतृत्व परिवर्तन भएको छैन। उपेन्द्र यादवले ६२/६३ को आन्दोलनदेखि अहिलेसम्म कसैलाई नेतृत्व दिनुभएकै छैन। पार्टी चाहिँ पाँच टुक्रा भइसक्यो। कम्युनिष्ट पार्टी नेतत्वले हामी नमर्दासम्म अरुले आश नगर भनेर घोषणा नै गरिसकेका छन्। त्यस हुनाले नेतृत्व परिवर्तन चाहने हो भने नेता मर्ने दिन कुर्ने त होला !

## पाठक-पत्र

### मन्त्रीको गैरकानूनी कार्य

हालै लुम्बिनी प्रदेशका युवा तथा खेलकुद मन्त्री सन्तोष पाण्डेयको कार्यशैलीले राजनीतिज्ञको जिम्मेवारीबारे गम्भीर प्रश्न खडा गरेको छ। जनप्रतिनिधिको जिम्मेवारी भनेको जनताको समस्या समाधान गर्नु हो, न कि कानून कार्यान्वयन गरिरहेका सुरक्षाकर्मीलाई सार्वजनिक रूपमा अपमान गर्नु। मन्त्री पाण्डेयले प्रहरीलाई पटक-पटक धम्क्याएको, जाँच रोक्न लगाएको, र कानूनी प्रक्रिया अवरोध गरेको घटनाले जनप्रतिनिधिले आफूलाई नियमभन्दा माथि ठान्ने प्रवृत्तिको झल्को दिएको छ। कुनै पनि कानूनी राज्यमा प्रहरीलाई सवारी जाँच गर्ने अधिकार हुन्छ। विदेशी पर्यटक वा विदेशी गाडीमाथि जाँच गर्नु प्रहरीको दायित्व हो। त्यसमा प्रहरी चुकेको छ भने त्यसको कानूनी समाधान खोजिनुपर्छ, न कि मन्त्री आफैं सडकमा आएर प्रहरीलाई अपमान गर्नु उपयुक्त हो। प्रहरीलाई काम गर्न नदिनु, जरिवाना ठेली खोस्नुजस्ता कार्यले संस्थागत प्रक्रियामाथि नै आघात पुऱ्याउँछ। मन्त्री जस्तो जिम्मेवार पदमा रहेका व्यक्तिले शालीनता, सहिष्णुता र कानूनी प्रक्रिया पालन गर्नु आवश्यक हुन्छ।

मन्त्री सन्तोष पाण्डेयलाई उनी सम्बद्ध जनमत पार्टीले घटनाको गम्भीरता औपचारिक रूपमा स्वीकार गर्दै आन्तरिक छानबिन प्रक्रिया सुरु गर्नुपर्छ। यदि आरोप पुष्टि भए, मन्त्री पाण्डेयलाई मन्त्री पदबाट निलम्बन गर्नुपर्छ। यसले पार्टीको उत्तरदायित्वबोध र कानूनप्रति सम्मान देखाउँछ। साथै, पार्टीले के पनि स्पष्ट पार्नुपर्छ भने कुनै पनि नेता कानूनभन्दा माथि हुँदैनन्।

*विनोद भट्टराई, भैरहवा*

# युक्रेन शान्तिका लागि पुटिन–ट्रम्पको पहल अझै शंकाको घेरामा



**एजेन्सी, साउन २४**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच आउँदो शुक्रबार (अगस्त १५) अलास्का राज्यमा भेटवार्ता हुने तय भएको छ। यस भेटवार्ताको मुख्य उद्देश्य सन् २०२२ को फेब्रुअरीमा सुरु भएको युक्रेन युद्धलाई अन्त्य गर्ने प्रयासलाई अघि बढाउनु हो।

ट्रम्पले आफ्नो दोस्रो कार्यकाल सुरु भएदेखि नै '२४ घण्टाभित्र युद्ध रोक्ने' दाबी गर्दै शान्ति स्थापना प्रयास गरिरहेको बताउँदै आएका छन्। तर, अहिलेसम्म भएका विभिन्न वार्ता, टेलिफोन संवाद र कूटनीतिक भ्रमणहरूले ठोस परिणाम दिन सकेका छैनन्।

ट्रम्पले आफ्नो सामाजिक सञ्जाल 'ट्रुथ सोसल' मार्फत अगस्ट १५ मा अलास्कामा हुने बैठकको घोषणा गरेका छन्, जसलाई क्रेमलिनले पनि पुष्टि गरेको छ। क्रेमलिनका अनुसार उक्त स्थान 'तार्किक र उपयुक्त' रहेको छ। राष्ट्रपति ट्रम्पले पुटिन र युक्रेनी राष्ट्रपति भोलोदीमिर जेलेन्स्कीलाई समेत भेट्न तयार रहेको जनाउँदै भने, 'यदि उनीहरूले मसँग भेट गर्न चाहन्छन् भने म युद्ध रोक्न कुनै पनि प्रयास गर्न तयार छु।' उनले पत्रकारहरूसँग कुरा गर्दै भने, 'केही भूभाग साटासाट गरिनेछ, जसबाट दुवै पक्षलाई लाभ हुनेछ।' थप जानकारी भने दिएनन्।

अलास्कालाई बैठक स्थलका रूपमा चयन गर्नुको कारण ऐतिहासिक र भौगोलिक दुवै पक्षसँग जोडिएको छ। सन् १८६७ मा रसियाले अलास्का अमेरिकालाई बेचेको थियो भने भौगोलिक रूपमा अलास्काको पश्चिमी किनारा र रसियाको पूर्वी भागबीच बेरिङ जलसन्धि मात्र पर्दछ।

क्रेमलिनका सल्लाहकार युरी उशाकोभका अनुसार, 'अलास्का र आर्कटिक क्षेत्रमा दुवै मुलुकका आर्थिक हितहरू मिल्दछन् र आपसी सहकार्यका लागि ठूलो सम्भावना छ।' उनको भनाइ छ, 'मुख्य ध्यान युक्रेन संकटको दीर्घकालीन शान्तिपूर्ण समाधानमा केन्द्रित हुनेछ।' साथै, उनीहरूले आगामी बैठक रसियामा आयोजना गर्ने प्रस्ताव ट्रम्पलाई पठाइसकेको पनि जनाएका छन्। यसअघि पुटिनमाथि अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) ले पक्राउ आदेश जारी गरेको कारण बैठक स्थल छनोटमा केही चुनौतीहरू थिए। त्यसैले संयुक्त अरब इमिरेट्स, टर्की, चीन र भारतजस्ता देशहरू सम्भावित बैठक स्थलका रूपमा छलफलमा थिए।

युक्रेनी राष्ट्रपति जेलेन्स्कीले यो शिखर बैठकलाई त्रिपक्षीय बनाउन चाहेको र पुटिनसँग प्रत्यक्ष भेटमात्रै शान्ति सम्भव हुने बताउँदै आएका छन्। ट्रम्पका विशेष दूत स्टीभ विटकोफले यसै साता पुटिनसँग वार्तामा त्रिपक्षीय बैठक प्रस्ताव गरेका थिए। तर रसियाली पक्षले युक्रेनसँगको प्रत्यक्ष वार्ता वार्ताको अन्तिम चरणमा मात्र हुने भनिसकेको छ। ट्रम्पले 'पुटिनले जेलेन्स्कीलाई भेट्नुपर्छ?' भन्ने प्रश्नमा 'होइन, अनिवार्य छैन' भनी जवाफ दिएका छन्।

ट्रम्प र पुटिनबीच अन्तिमपटक २०१९ मा जापानमा भएको जी-२० सम्मेलनमा भेट भएको थियो। त्यसभन्दा पहिले २०१८ मा फिनल्याण्डको हेलसिंकीमा उनीहरूको महत्त्वपूर्ण बैठक भएको थियो।

विभिन्न शान्ति प्रयास भइरहे पनि रसिया र युक्रेनबीच अहिलेसम्म ठोस सहमति बनेको छैन। पश्चिमी मुलुकहरू, युक्रेन र अमेरिकाले तत्काल युद्धविरामको आग्रह गरिरहेका छन्, तर रसियाले चारवटा क्षेत्र खाली गर्न, युक्रेनले तटस्थ राष्ट्र बन्ने, पश्चिमी सैन्य सहायता अस्वीकार गर्ने र नेटोमा नजाने प्रतिबद्धता जनाउने शर्त राखेको छ।

यस वर्ष रुस र युक्रेनबीच तीन चरणसम्म वार्ता भए पनि ठोस सहमति कायम हुन सकेको छैन। राष्ट्रपति पुटिनले हालसम्म युक्रेनी समकक्षीसँग प्रत्यक्ष वार्ता गर्न अस्वीकार गर्दै आएका छन्, जबकि राष्ट्रपति जेलेन्स्कीले शान्तिका लागि उच्चस्तरीय प्रत्यक्ष संवाद अपरिहार्य रहेको धारणा राख्दै आएका छन्।

राष्ट्रपति ट्रम्पले शुक्रबार शिखर वार्ता घोषणा गर्दै केही भूभाग आदान-प्रदान हुने सम्भावना संकेत गरेको भएपनि त्यसको विस्तृत विवरण भने दिएका छैनन्। सन् २०२२ फेब्रुअरीदेखि जारी युद्धले ठूलो भौगोलिक, मानविय र राजनीतिक प्रभाव पारेको छ। हालसम्म हजारौं नागरिकको मृत्यु भइसकेको छ भने लाखौं विस्थापित भएका छन्। युक्रेनी सेनाले पूर्वी र दक्षिणी क्षेत्रमा विशेषगरी डोनबास र खेरसनजस्ता क्षेत्रमा आफ्नो भूभाग पुनः कब्जा गर्ने प्रयास जारी राखिरहेको छ।

रसियाले पनि युक्रेनका केही मुख्य क्षेत्रहरू आफ्नो नियन्त्रणमा राख्दै तटस्थता र सुरक्षा सर्तहरू स्थापना गर्न दबाब दिइरहेको छ। युक्रेनले युरोपेली संघ र पश्चिमी मुलुकबाट आर्थिक र सैन्य सहयोग लिँदै आफ्नो प्रतिरोधलाई थप बलियो बनाएको छ। तर युक्रेनका राष्ट्रपति जेलेन्स्कीले कुनै भूभाग छोड्ने प्रस्तावलाई पूर्ण रूपमा अस्वीकार गरिसकेका छन्।

पश्चिमी देशहरूले रसियामाथि कडा आर्थिक प्रतिबन्ध लगाउँदै आएका छन् र युक्रेनलाई आधुनिक हतियार र रणनीतिक सहयोग दिइरहेका छन्। युक्रेन युद्धले विश्वव्यापी उर्जा र खाद्यान्न संकट निम्त्याएको छ, जसले अन्तर्राष्ट्रिय बजारमा अस्थिरता ल्याएको छ।

अलास्कामा तय भएको वार्तालाई अमेरिकी र रुसी राष्ट्रपतिहरूबीचको महत्त्वपूर्ण संवादका रूपमा हेरिएको छ। शान्ति वार्ताको यो नयाँ प्रयासले के कस्तो मोड लिन्छ भन्ने कुरामा विश्वको ध्यान केन्द्रित छ। धेरै विश्लेषकले ट्रम्प-पुटिन वार्ताले युक्रेन युद्धलाई टुंग्याउन महत्त्वपूर्ण भूमिका खेल्न सक्ने भए तापनि, पक्षहरूबीचको राजनीतिक र भूराजनीतिक विरोधाभासले यसलाई सजिलो नरहेको टिप्पणी गरेका छन्।

## जेलेन्स्की भन्छन्–



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच युक्रेनमा शान्ति स्थापनासम्बन्धी शिखर वार्ताको सन्दर्भमा युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले युक्रेनको सहभागिताबिना गरिने कुनै पनि निर्णय प्रभावकारी नहुने धारणा व्यक्त गरेका छन्।

शनिबार टेलिग्राम पोस्टमा जेलेन्स्कीले भने कि 'युक्रेनका नागरिकहरूले आफ्नो भूमिमा कुनै पनि किसिमको अतिक्रमण स्वीकार गर्दैनन्। हाम्रो सहभागिताविना गरिने निर्णयहरू शान्तिप्रति सहयोगी हुने छैनन्।' उनले शान्तिको लागि कुनै पनि समाधानमा युक्रेन संलग्न हुनुपर्ने कुरा दोहोऱ्याए, र 'वास्तविक' र 'स्थायी' शान्तिको लागि साझेदारहरूसँग काम गर्न तयार रहेको बताए। तर, यस्तो शान्ति सम्मानजनक र देशको सार्वभौमिकतालाई सम्मान गर्ने किसिमको हुनुपर्ने कुरामा जोड दिए।

जेलेन्स्कीले भने कि युक्रेनले 'रुसलाई उसले गरेको कामको लागि पुरस्कार दिने छैन।' उनले थपे 'युक्रेनी क्षेत्रीय मुद्दाको जवाफ पहिले नै युक्रेनको संविधानमा छ। कोही पनि यसबाट विचलित हुनेछैन र हुन सक्दैन।' जेलेन्स्कीले युक्रेन 'शान्ति ल्याउन सक्ने वास्तविक समाधान' को लागि तयार रहेको बताए तर युक्रेनलाई यसमा संलग्न हुन आवश्यक रहेको कुरामा जोड दिए। 'हाम्रो विरुद्धमा रहेका कुनै पनि समाधानहरू, युक्रेन बिनाका कुनै पनि समाधानहरू, एकै साथ शान्तिविरुद्धका समाधानहरू हुन्,' उनले भने।

'हामी राष्ट्रपति ट्रम्पसँगै, सबै साझेदारहरूसँग मिलेर वास्तविक र सबैभन्दा महत्त्वपूर्ण कुरा, दिगो शान्तिको लागि काम गर्न तयार छौं - एउटा शान्ति जुन मस्कोको चाहनाका कारण ध्वस्त हुनेछैन।' युक्रेनका राष्ट्रपति ट्रम्पको आलोचना नगर्न सतर्क रहेपनि, सामाजिक सञ्जालमा उनको पोस्टले उनी यसलाई स्वीकार नगर्ने स्पष्ट पार्छ।

## 'भन्सार शुल्क वृद्धिका कारण विश्व व्यापारमा मन्दीको संकेत'

**एजेन्सी, साउन २४**

विश्व व्यापार संगठन (डब्लूटीओ) ले सन् २०२६ का लागि विश्व वस्तु व्यापार (मर्चेन्डाइज ट्रेड) वृद्धिदरको पूर्वानुमान घटाएर १.८ प्रतिशत मा झारेको छ। यसअघि सो दर २.५ प्रतिशत हुने भनिएको थियो। डब्लूटीओले यो गिरावटको प्रमुख कारणको रूपमा अमेरिकाले भन्सार शुल्क वृद्धि गरेको नीतिलाई औंल्याएको छ।

डब्लूटीओले शुक्रबार सार्वजनिक गरेको पछिल्लो व्यापार पूर्वानुमान अनुसार, हालैका भन्सार परिवर्तनहरूले विश्व व्यापारको समग्र अवस्था कमजोर बनाउने देखिएको छ। अमेरिकाले अगस्ट ७ मा लागू गरेको' पारस्परिक भन्सार दर' ले न केवल अमेरिकाको आयात घटाउनेछ, तर साझेदार मुलुकहरूको निर्यातमा समेत गम्भीर असर पार्नेछ।

यो असर सन् २०२५ को दोस्रो अर्धवार्षिकदेखि सन् २०२६ सम्म झनै गहिरिने अनुमान गरिएको छ। सोही सन्दर्भमा डब्लूटीओले सन् २०२५ का लागि पनि व्यापार वृद्धिदरको अनुमान संशोधन गर्दै ०.९ प्रतिशत मा ल्याएको छ। यसअघि अप्रिलमा यो दर ०.२ प्रतिशत हुने पूर्वानुमान गरिएको थियो।

यद्यपि, हालको अनुमान पनि भन्सार नबढाउने अवस्थामा गरिएको २.७ प्रतिशतको वृद्धिदरभन्दा निकै कम रहेको डब्लूटीओले स्पष्ट पारेको छ। यो आंशिक रूपमा अमेरिकाबाट भइरहेको अग्रिम आयात (फ्रन्टलोडिङ) को असर भएको बताइएको छ। क्षेत्रगत विश्लेषण अनुसार, एसियाली मुलुकहरू आगामी वर्षमा विश्व व्यापार वृद्धिका मुख्य सकारात्मक चालक बन्नेछ भने उत्तर अमेरिकी क्षेत्र सन् २०२५ र २०२६ दुवै वर्षमा नकारात्मक प्रभाव पार्ने अनुमान गरिएको छ।

डब्लूटीओकी महानिर्देशक एनगोसी ओकोन्जो-इवेलाले भन्सार नीतिमा भइरहेको अनिश्चितताको गम्भीर असरबारे चेतावनी दिँदै भनिन्, 'भन्सारको अनिश्चितता व्यवसायिक आत्मविश्वास, लगानी र आपूर्ति प्रणालीमा गहिरो दबाबको कारण बनिरहेको छ। यो अनिश्चितता विश्व व्यापार वातावरणका लागि अत्यन्त विघटनकारी साबित भइरहेको छ।'

## चीनले समुद्रबाट 'स्मार्ट ड्र्यागन–३' रकेट प्रक्षेपण गऱ्यो



**एजेन्सी, साउन २४**

चीनले शनिबार बिहान आफ्नो 'स्मार्ट ड्र्यागन -३' (एसडी-३) नामक रकेटमार्फत 'गेली-०४' उपग्रह समूह सफलतापूर्वक पृथ्वीको कक्षमा पठाएको छ। यो प्रक्षेपण पूर्वी चीनको सान्दोंग प्रान्त, रीजाओ शहर नजिकै समुद्रबाट गरिएको थियो।

'गेली-०४' उपग्रह समूहमा साना साना उपग्रहहरू समावेश छन्, जसले सञ्चार, नेभिगेशन, मौसम पूर्वानुमान र वैज्ञानिक अनुसन्धान जस्ता क्षेत्रहरूमा काम गर्ने उद्देश्य राख्दछन्। यसले पृथ्वी अवलोकन र डाटा संकलनमा सुधार गर्दै विभिन्न सेवा र प्रविधिहरूमा सटीकता र विश्वसनीयता बढाउने अपेक्षा गरिएको छ। चीनियाँ समय अनुसार बिहान १२:३१ बजे, रकेटलाई समुद्री प्रक्षेपणस्थलबाट आकाशतर्फ उडाइएको थियो। यस अभियानलाई ताइयुआन उपग्रह प्रक्षेपण केन्द्रले सञ्चालन गरेको थियो।

समुद्रबाट गरिएको यो सफल प्रक्षेपण चीनको बढ्दो प्रविधिक क्षमताको स्पष्ट संकेत हो, जसले वैज्ञानिक अनुसन्धान, सञ्चार र सही स्थान निर्धारण प्रणालीमा थप योगदान पुऱ्याउने विश्वास गरिएको छ। *रासस*

## प्लास्टिक प्रदूषण नियन्त्रणका लागि भएका प्रयास अपर्याप्त



**एजेन्सी, साउन २४**

प्लास्टिक प्रदूषणको समस्यासँग जुध्नका लागि ऐतिहासिक सम्झौता गर्ने विषयमा संयुक्त राष्ट्रसंघमा भएको वार्तामा प्रगति अपर्याप्त भएको शनिबार बताइएको छ।

प्रदूषणको समस्यासँग जुध्नका लागि भएका पहल अपर्याप्त भएको वार्ताको नेतृत्व गरिरहेका समितिका अध्यक्ष लुइस भायस भाल्डिभिसोले बताए।

उनले सम्झौताका लागि भएका उल्लेख्य प्रयास भए पनि यो अझै अपर्याप्त रहेको मध्यमार्गी आकलन गरेका छन्।

मंलबारदेखि शुरु भएको वार्तामा वातावरण मासिने बढ्दो समस्यासँग जुध्न कानुनी रूपमा बाध्यकारी उपायमा सहमति खोज्न चार दिन बाँकी छ।

इक्वेडरका कूटनीतिज्ञ भाल्डिभिसोले १८४ देशका सबै प्रतिनिधिमण्डल मुख्य सभाहलमा भेला भएका बेला प्रतिनिधिहरूलाई सारांशमा भने, 'प्रगति पर्याप्त भएको छैन।'

उनले भने, 'हामी एक महत्वपूर्ण चरणमा पुगेका छौं। बिहीबारको समयसीमा अघि हाम्रो साझा लक्ष्य हासिल गर्न अझै ठूलो प्रयास आवश्यक छ।'

उनले थप भने, 'अगस्ट १४ हाम्रो कामको लागि मात्र समय सीमा होइन, यो एउटा यस्तो मिति हो जुन दिन हामीले नतिजा दिनैपर्छ।'

शनिबारको अधिवेशनअघि सार्वजनिक रूपमा सार्वजनिक गरिएको मस्यौदाको पाठ अहिले २२ पृष्ठबाट बढेर ३५ पृष्ठमा पुगेको छ र पाठमा कोष्ठकको संख्या तीन सय ७१ बाट बढेर एक हजार ५०० पुगेको छ।

यसले कुन देश वा समूहले प्रस्तावित पाठ घुसायो भनेर निर्दिष्ट गर्दैन। यसको अर्थ परिवर्तनहरू बहुमतद्वारा समर्थन गरिएको वा एक देशले मात्र अघि सारेको हुन सक्छ।

'केही विषयहरूमा अझै पनि नसुल्झिएका मुद्दाहरू छन् र साझा समझदारीमा पुग्ने दिशामा थोरै प्रगति देखिन्छ,' भाल्डिभिसोले भने।

'हामीले प्रतिनिधिमण्डललाई प्रस्ताव राख्ने साढे दुई वर्षको अवसर पाएका छौं,' उनले थपे, 'हस्तक्षेपका लागि अब समय छैन।'

दक्षिण कोरियाको बुसानमा गत डिसेम्बरमा बिना सहमति टुंगिएको पाँचौं तथा अन्तिम चरणको वार्ता असफल भएपछि जेनेभास्थित संयुक्त राष्ट्रसंघमा विश्वभरबाट प्रतिनिधिहरू पुनः भेला भएका हुन्। *रासस*

## अनुसन्धानः क्यान्सरका बिरामीलाई कृत्रिम गुलियो घातक



**एजेन्सी**
**साउन २४**

पछिल्ला केही वर्षयता बजारमा कृत्रिम स्वीटनर (कृत्रिम गुलियो)को प्रयोग तीव्र गतिमा बढिरहेको छ। मधुमेह नियन्त्रण, तौल घटाउने चाहना र 'स्वस्थ' जीवनशैलीको खोजीले गर्दा सुक्रालोज, एसिल्फेम के, एस्पार्टेमजस्ता कृत्रिम गुलियो (स्वीटनर)हरूलाई व्यापक रूपले प्रयोग गरिँदै आएको छ। तर, हालै सम्पन्न एक वैज्ञानिक अध्ययनले यिनै स्वीटनरहरूसँग गम्भीर स्वास्थ्य जोखिम जोडिएको देखाएको छ। विशेषतः क्यान्सर उपचारमा प्रयोग हुने इम्युनोथेरापी गर्दा यस्ता कृत्रिम गुलियोले नकारात्मक प्रभाव पारेको देखिएको हो।

**स्वीटनरले इम्युनोथेरापीमा पार्ने असर**

पेनसिल्भेनियास्थित पिट्सबर्ग विश्वविद्यालयकी वैज्ञानिक डा. अबिगेल ओभेरेक्रे-डेल्गोफेको नेतृत्वमा गरिएको अध्ययन अनुसार, कृत्रिम गुलियो सेवन गर्ने क्यान्सरका बिरामीहरूले इम्युनोथेरापी उपचारमा अपेक्षित सफलता प्राप्त गर्न सक्दैनन्। इम्युनोथेरापी उपचार विधिले शरीरको प्रतिरक्षा प्रणालीलाई सक्रिय गरी क्यान्सर कोषहरू पहिचान गरी नष्ट गर्न सघाउँछ। यद्यपि, यो सबै बिरामीमा प्रभावकारी नहुनुका कारणहरूमा पेटको 'गट माइक्रोबायोम' (पाचन तन्त्रमा पाइने लाभदायक सूक्ष्मजीवहरूको समूह) को भूमिकामाथि वैज्ञानिकहरूको ध्यान बढ्दै गएको छ।

कृत्रिम स्वीटनरले यिनै माइक्रोबायोमहरूको सन्तुलनमा गडबडी ल्याउने प्रमाणहरू फेला परेपछि यो अध्ययन गरिएको हो।

**अध्ययनमा के देखियो ?**

तीन महिनासम्म इम्युनोथेरापी गराएका एक सय ५७ बिरामीहरूको जीवनशैली र आहार विश्लेषण गरिएको थियो।

९१ जना अग्रविकसित मेलानोमा (छालाको क्यान्सर) का बिरामी, ४१ जना फोक्सोको क्यान्सरका बिरामी र २५ जना शल्यक्रियापछि पुनः क्यान्सर फर्कने जोखिममा रहेका थिए।

उपचार सुरु गर्नुअघि उनीहरूबाट संकलित आहारसम्बन्धी विवरणको विश्लेषण गर्दा, प्रतिकिलोग्राम शरीर तौलअनुसार दैनिक ०.१६ मिलिग्रामभन्दा बढी सुक्रालोज सेवन गर्नेहरूमा उपचारको असर कमजोर देखियो।

**अध्ययनका प्रमुख निष्कर्षहरू:**

मेलानोमा भएका बिरामीमा कम सुक्रालोज सेवन गर्नेहरू औसतमा पाँच महिना बढी क्यान्सर नफैलिई बाँचे।

फोक्सोको क्यान्सर भएका बिरामीमा बढी समय बाँच्ने समयको यो अन्तर ११ महिनासम्म पुग्यो।

क्यान्सर फर्कने जोखिम भएका बिरामीहरूमा, कम स्वीटनर सेवन गर्नेहरूले औसत ६ महिना बढी क्यान्सरमुक्त समय बिताए। यस्तै, असर एसिल्फेम के नामक अर्को कृत्रिम गुलियोको उच्च सेवनमा पनि देखियो।

> **कृत्रिम गुलियोले स्वाद मात्र दिइरहेको छैन शायद उपचारको बाटो पनि अफ्ठ्यारो बनाइरहेको छ। गुलियोको स्वादले स्वास्थ्यको जोखिम निम्तिएला सचेत बनौं, सन्तुलित आहार अपनाऔं। आहारका विकल्पहरू 'स्वस्थ' देखिनुमात्र पर्याप्त छैन, शरीरमा तिनको वैज्ञानिक प्रभाव बुझ्नु पनि जरूरी छ।**

**मुसामाथिको प्रयोगले पुष्टि गऱ्यो**

मानव नतिजालाई थप स्पष्ट पार्न वैज्ञानिकहरूले क्यान्सर भएका मुसाहरूमा सो प्रयोग गरे। इम्युनोथेरापीको क्रममा पानीमा सुक्रालोज दिएको मुसाहरूमा ट्युमर तीव्ररूपमा बढ्यो, र उनीहरूको बाँच्ने दर घट्यो।

आनुवांशिक विश्लेषणले मुसाहरूको टी-कोष कमजोर बनेका थिए। गट माइक्रोबायोममा तीव्र असन्तुलन देखिएको थियो। आर्जिनिन (टी-कोषले काम गर्न आवश्यक अमिनो एसिड) को घट्ने दर उच्च थियो। जसको कारण प्रतिरक्षा प्रणालीको कार्यक्षमता घट्यो। तर, जब मुसाहरूलाई आर्जिनिन पूरक दिइयो, उनीहरूको बाँच्ने सम्भावनामा केही सुधार देखियो।

**के यो असर मानिसमा पनि पर्छ ?**

यो अहिलेसम्म वैज्ञानिक रूपले पुष्टि भएको छैन। मेरिल्याण्डस्थित जोन्स हप्किन्स विश्वविद्यालयका वैज्ञानिक जोथम सुएज भन्छन्-'मुसामा देखिएको असर मानव शरीरमा पनि हुन्छ भनेर ठोकुवा गर्न सकिँदैन। तर, प्रारम्भिक नतिजाले थप अनुसन्धान आवश्यक रहेको देखाउँछ।'

**मिठासमात्रै कि खतरा ?**

सुक्रालोज, एसिल्फेम के, एस्पार्टेमजस्ता कृत्रिम गुलियोहरूलाई बजारमा स्वस्थ विकल्पका रूपमा प्रवर्द्धन गरिन्छ। तर, यदि तपाईं क्यान्सर उपचारको क्रममा हुनुहुन्छ भने, यी 'मिठास' तपाईंको उपचारमा अवरोध बन्न सक्छन् भन्ने सम्भावनालाई बेवास्ता गर्न सकिन्न। अध्ययनले स्वीटनर तत्काल त्याग्नुपर्ने भनेको छैन। तर, उपचाररत बिरामीका लागि यी पदार्थहरूको सेवनबारे चिकित्सकसँग स्पष्ट सल्लाह गर्नु अहिलेको आवश्यकता हो।

**मिठास छ तर जोखिम पनि छ**

यो अनुसन्धानले वैज्ञानिक समुदायलाई मात्र होइन, आम उपभोक्तालाई पनि चेतावनी दिएको छ। हामीले जीवनशैलीमा सस्तो, कम क्यालोरी भएको, चिनी बिना गुलियो बनाउने, 'स्वस्थ' देखिने विकल्पहरू रोज्दा, तिनको दीर्घकालीन असरबारे पनि सोच्न आवश्यक छ। कृत्रिम गुलियोले मात्र स्वाद दिइरहेको छैन- सायद उपचारको बाटो पनि अफ्ठ्यारो बनाइरहेको छ। गुलियोको स्वादले स्वास्थ्यको जोखिम निम्तिएला सचेत बनौं, सन्तुलित आहार अपनाऔं। आहारका विकल्पहरू 'स्वस्थ' देखिनुमात्र पर्याप्त छैन- शरीरमा तिनको वैज्ञानिक प्रभाव बुझ्नु पनि जरुरी छ।



बबरमहलस्थित नेपाल आयल निगमको अत्याधुनिक भवन। २०७२ को भूकम्पले चर्किएको पुरानो भवन भत्काएर आयल निगमले भ्याटबाहेक ८१ करोड लागतमा निर्माण गरेको हो। २०७८ मंसिरबाट निर्माण सुरु भई ३० महिनामा सम्पन्न भएको हो। *तस्बिर: फोटो लाइब्रेरी*

# 'डी-ट्यारिफ' कार्यान्वयन नगरी संयन्त्र बनाउने प्राधिकरणको प्रस्तावमा इप्पान असहमत

news24

**काठमाडौं, साउन २४**

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले नेपाल बीमा प्राधिकरणले 'डि-ट्यारिफ' कार्यान्वयन नगरी नयाँ संयन्त्र बनाउने प्रस्ताव अस्वीकार गरेको छ। प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले इप्पान, नेपाल बीमक संघ र पुनर्बीमा कम्पनीहरूसँग भएको छलफलका क्रममा समस्या समाधानका लागि भन्दै नयाँ संयन्त्र प्रस्ताव गरेपछि इप्पानले अस्विकार गरेको हो।



**बीमा प्राधिकरणले जलविद्युत क्षेत्रको बीमामा देखिएका कमजोरीहरूलाई सुधार्न छलफल अघि बढाएको र सेवालाई दिगो बनाउने र लागत न्यून गर्ने सन्दर्भमा पहललाई जारी राख्ने**

बीमा प्राधिकरणले २०७८ साल असार ६ गते 'मिनिमम प्रिमियम रेट फर नन-ट्यारिफ इन्सुरेन्स' निर्देशिका जारी गर्दै ५ सय प्रतिशतसम्म प्रिमियम शुल्क बढाएपछि इप्पान आन्दोलनमा उत्रिएको थियो। तत्कालीन अध्यक्ष सूर्यप्रसाद सिलवालले इप्पान र बीमक संघबीच सहमति भएमा पहिलाकै डि-ट्यारिफको प्रावधान कार्यान्वयन गर्ने भन्दै दुवै पक्षको समिति बनाई सहमतिका साथ आउन आग्रह गरेका थिए।

इप्पान र बीमक संघबीच २०८० असार १७ गते सहमति भएको थियो। त्यसपछि पनि पटक पटक छलफल गरेर २०८१ साल साउन १३ गते कार्यान्वयनका लागि बीमा प्राधिकरण पठाइएको थियो। तर, डि-ट्यारिफसहित छुट्टै ऊर्जा बीमा नीति लगायतमा देखिएका समस्या समाधानका लागि गत बिहीबारको बैठकमा कार्यकारी निर्देशक सुवेदीले पुनः नयाँ संयन्त्र बनाउन प्रस्ताव गरेका थिए। सुवेदीको प्रस्तावलाई इप्पानका बरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगी, उपाध्यक्ष उत्तम भ्लोन लामा र उप-महासचिव प्रकाश दुलालले तत्कालै अस्वीकार गर्दै पहिला डि-ट्यारिफको कार्यान्वयनपछि मात्र नयाँ उपसमिति निर्माण गर्न सकिने र गठन गरेमा सहभागी नहुने बताए।

'पहिला डि-ट्यारिफ कार्यान्वयन हुनुपर्छ, अनि मात्र अन्य संयन्त्र निर्माण गर्ने कुरा हुन्छ, जर्बरजस्ती बनाएमा हामी त्यसमा सहभागी हुँदैनौ', वरिष्ठ उपाध्यक्ष डाँगीले भने, 'बीमा प्राधिकरणको शुल्क बढाउनेविरुद्धको इप्पानको आन्दोलन जारी छ, बीमा प्राधिकरणकै निर्देशनमा बीमा गर्ने र गराउनेबीच सहमति भएपछि पनि कार्यान्वयन नगर्न' गलत हो, अब कार्यान्वयन नभएमा अझ शसक्त आन्दोलनमा जान्छौ।'

इप्पान उपाध्यक्ष भ्लोनले बीमाको शुल्क बढाउँदा कुल लागतको १.५ प्रतिशत बीमाका लागि मात्र तिर्न'पर्ने अवस्था सिर्जना भई आयोजनाको लागत महंगो भएको र निर्माण सम्पन्न भएपछि कुल आम्दानीको ६ देखि ८ प्रतिशत बीमाका लागि खर्च गर्न'पर्ने अवस्था आएको बताए। 'नेपालको बीमा शुल्क संसारकै सबैभन्दा महंगो छ, यसले जलविद्युत आयोजनालाई धेरै घाटा पुऱ्याइरहेको छ,' उनले भने, 'जलविद्युत आयोजनाले थेग्नै नसक्ने गरी प्रिमियम बढाइएको छ, डि-ट्यारिफमा जानुको विकल्प छैन।'

उपमहासचिव दुलालले बीमाका लागि छुट्टै ऊर्जा बीमा नीति आवश्यक परेको बताउँदै बीमक संघसँगको सहमति कार्यान्वयनपछि मात्र संयन्त्र बनाएर जानुपर्ने र यसले अहिले देखिएका समस्या समाधान गर्न'पर्ने बताए। छलफलमा इप्पान कार्य समितिका सदस्यहरू उत्तरकुमार श्रेष्ठ र सुमन जोशीले आयोजनालाई मर्का पर्ने गरी बढाइएको प्रिमियमले आयोजनालाई महंगो भएको बताए।

डि-ट्यारिफ कार्यान्वयन नगरी नयाँ संयन्त्र गठनमा सहभागी नहुने इप्पानको अडानपछि कार्यान्वयनबारे थप छलफल गरिने बताउँदै बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुवेदीले तत्कालका लागि संयन्त्र निर्माण स्थगित गरिएको बताए। उनले बीमा प्राधिकरणले जलविद्युत क्षेत्रको बीमामा देखिएका कमी कमजोरीहरूलाई सुधार गर्न सबैसँग छलफल अघि बढाएको र सेवालाई दिगो बनाउने र लागत न्यून गर्ने सन्दर्भमा पहललाई जारी राखिने बताए। जलविद्युत क्षेत्रको छुट्टै बीमालेख निर्माण र बीमा सचेतना अभिवृद्धिलाई विशेष महत्व दिनुपर्ने उनको भनाइ थियो।

कार्यक्रममा नेपाल बीमक संघका पदाधिकारीहरू र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले नेपालमा जलविद्युत क्षेत्रमा अत्यधिक जोखिम भएको भन्दै अन्तर्राष्ट्रिय पुनर्बीमा कम्पनीहरूले जलविद्युत क्षेत्रको बीमाको पुनर्बीमा गर्न नमानेको र अत्यधिक जोखिमका कारण स्वदेशी पुनर्बीमकले पनि कतिपय अवस्थामा पुनर्बीमा गर्न नसकेको बताएका थिए। उनीहरूले बीमा कम्पनीहरूले जलविद्युत पुल निर्माण गर्नका लागि उपसमिति निर्माण गरी बीमक संघ अघि बढीसकेको जानकारी पनि दिएका थिए।

नेपाल बीमक संघका अध्यक्ष बीरेन्द्र बैद्धवार क्षेत्री, पूर्वअध्यक्ष चंकी क्षेत्री, उपाध्यक्ष अशोक खड्का लगायतले सैद्धान्तिक रुपमा डि-ट्यारिफमा बीमक संघले सहमति जनाइसकेको बताउँदै पछिल्लो समयमा जोखिममा आधारित बीमाका नीतिहरूको आवश्यकता रहेको औंल्याए। छलफलमा इप्पानका प्रतिनीधिहरूले, खुला बजार अर्थतन्त्रमा माग र आपूर्तिका आधारमा बजारले नै बीमादर निर्धारण गर्ने व्यवस्था गर्नुपर्ने उल्लेख गर्दै जोखिमको आधारमा निजी क्षेत्रले बीमा गर्ने भएकोले प्रतिपर्ष्धाको आधारमा गरिने बीमाले आयोजनालाई सस्तो बनाउन सहयोग गर्ने बताएका थिए। उनीहरूले डि-ट्यारिफमा जाँदा जोखिमको आधारमा जति पनि शुल्क तिर्न तयार रहेको समेत बताएका थिए।

# विद्युत व्यापारमा साढे ४ अर्ब नाफा

news24

**काठमाडौं, साउन २४**

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालले भारत र बंगलादेशसँगको विद्युत व्यापारबाट साढे ४ अर्ब रुपैयाँ मुनाफा आर्जन गरेको बताएका छन्। उनले सामाजिक सञ्जाल फेसबुकमार्फत नेपालले आर्थिक वर्ष २०८१/८२ मा आयातभन्दा बढी विद्युत निर्यात गरी नाफा आर्जन गरेको बताएका हुन्।




'हामीले विद्युत आयात घटाएर निर्यात परिमाणलाई बढाउँदै लागेका छौं। आयातभन्दा बढी विद्युत निर्यात हुँदा एक वर्षमा साढे ४ अर्ब रुपैयाँ नाफा भएको छ,' सामाजिक सञ्जालमा लेखेका छन्। उनले घरायसी ग्राहकका लागि लोडसेडिङ अन्त्य भए पनि उद्योगहरूले विद्युत कटौतीको मार खेप्दै आएकोमा अहिले विद्युत आपूर्ति नियमित गरिएको पनि उल्लेख गरेका छन्। विद्युत आयातभन्दा निर्यात परिमाण बढाएर नाफा आर्जन हुनु देशका लागि ठूलो उपलब्धी भएको पनि बताएका छन्।

नेपाल विद्युत प्राधिकरणले गत आर्थिक वर्षमा साढे १७ अर्ब रुपैयाँ बराबरको विद्युत भारत र बंगलादेश निर्यात गरेको छ। यस्तै, सुख्खा यामको विद्युतको माग व्यवस्थापन गर्न १३ अर्ब रुपैयाँ बराबरको आयात गरेको छ।

प्राधिकरणले एक वर्षमा भारतमा १७ अर्ब १९ करोड रुपैयाँ र बंगलादेशमा २६ करोड ६७ लाख रुपैयाँ बराबरको निर्यात गरेर आम्दानी गरेको छ। प्राधिकरणले दुवै देशमा विद्युत निर्यात गरेबापत १७ अर्ब ४५ करोड ६७ लाख रुपैयाँ आम्दानी गरेको छ। आयात गर्दा भारतलाई तिरेको रकम घटाउने हो भने ४ अर्ब ५३ करोड ७६ लाख रुपैयाँ नाफा हुन्छ। प्राधिकरणले बर्खा सुरु भएपछि अहिले विभिन्न प्रसारण विन्दुबाट ७ सय मेगावाट बढी विद्युत निर्यात गरिरहेको छ। भारतको प्रसारण लाइनबाट बंगलादेशमा पनि निर्यात भइरहेको छ।

# एक दिन थपियो नाइमा मोबिलिटी एक्स्पो

news24

**काठमाडौं, साउन २४**

गत बुधबारदेखि काठमाडौंको भृकुटीमण्डपमा जारी नाइमा नेपाल मोबिलिटी एक्सपो सोमबारसम्म चल्ने भएको छ। आइतबारसम्म चल्ने भनिएको एक्सपो अपेक्षा गरिएभन्दा बढी दर्शक आएको भन्दै आयोजकले एक दिन समय थपिएको जनाएको छ।

नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एशोसिएशन (नाइमा) द्वारा आयोजित 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२५'मा शनिबार अवलोकनकर्ताको उत्साहजनक उपस्थिति देखिएको थियो। पाँच दिन खुल्ने भनिएको एक्स्पोमा अवलोकनकर्ताहरूको मागलाई थोरै समयमा सम्बोधन गर्न गाह्रो भएपछि एक दिन समय थप गरिएको नाइमाले जनाएको छ।




आफूलाई मनपर्ने सवारीसाधनहरू अवलोकन गर्ने, सोधपुछ गर्ने, बुकिङ गर्ने, साथै खरिद गर्नेहरूको घुइचो एक्सोमा शनिबार सबैभन्दा बढी भएको आयोजकले बताएको छ। अरु दिन कार्यालयको कामकाजमा व्यस्त रहने व्यक्तिहरूले शनिबार एक्सपोको अवलवोकन गर्न पुगेका कारण भीडभाड देखिएको थियो। नाइमाले प्रदर्शनीको पहिलो दिन पन्ध्र हजार, दोश्रो दिन साढे तेह्र हजार, तेस्रो दिन साढे उन्नइस हजार र शनिबार एक्काइस हजार पाँचसय अवलोकनकर्ताहरूले एक्स्पो अवलोकन गरेको जनाएको छ।

स्थापनाको केहि महिनामै आयोजना गरिएको पहिलो प्रदर्शनीमा अवलोकनकर्ताहरूको अपार माया र समर्थन प्राप्त गर्न सफल भएको नाइमाको दावी छ। नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२५मा ५० भन्दा बढी सवारी ब्रान्डहरू सहभागी छन्। साउन २१ गतेदेखि २५ गतेसम्म सर्वसाधारणका लागि खुला रहने भनिएको प्रदर्शनी अब श्रावण २६ गते, सोमबार सम्म खुल्ने भएको छ।

# नेपाल-स्पेन व्यापार प्रवर्धन समझदारी हुँदै

काठमाडौं (संवाददाता) - नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र स्पेन चेम्बर अफ कमर्सकी प्रमुख कार्यकारी अधिकृत इमाकुलाडा रियरा रेनेबीच भेटवार्ता भएको छ। ढकाल र रेनेबीच महासंघ सचिवालयमा औपचारिक भेटवार्टा भएको हो।

भेटवार्तामा दुई देशबीचको आर्थिक सहकार्य, व्यापार, लगानी, साना तथा मझौला उद्यम र दीर्घकालीन साझेदारीका विषयमा छलफल भएको छ। भेटका अवसरमा महासंघका अध्यक्ष ढकालले नेपाल-स्पेन सम्बन्धलाई निजी क्षेत्रमार्फत अझ मजबुत बनाउनुपर्ने आवश्यकता औंल्याउँदै स्पेनसँग सहकार्य गरी नेपाली बजारमा प्रविधि, पुँजी र अनुभव भित्र्याउन सकिने बताए। उनले त्यसका लागि निजी क्षेत्र पूर्णरूपमा तयार रहेका बताए।

स्पेन चेम्बर अफ कमर्ससँगको प्रस्तावित समझदारीपत्रको प्रारम्भिक मस्यौदा प्रति आभार व्यक्त गर्दै अध्यक्ष ढकालले त्यसले साझा दृष्टिकोण र दीर्घकालीन सम्बन्धका लागि आधारशिला बनाउने विश्वास व्यक्त गरे। उनले समझदारीपत्रको विस्तृत अध्ययनपछि छिट्टै दुवै पक्षले हस्ताक्षर गर्ने प्रतिबद्धता जनाए। 'प्रस्तावित यो समझदारीपत्रमा व्यापार प्रवर्द्धन, लगानी, बजारसम्बन्धी जानकारी आदानप्रदान, प्रतिनिधिमण्डलको सहयोग, र साना तथा मझौला उद्योगहरू बीच सहकार्यजस्ता व्यावहारिक पक्ष समेटिएका छन्, जुन सकारात्मक छन्', उनले भने।

संयुक्त लगानी, प्राविधिक सहकार्य, र ज्ञान साझेदारीका लागि समझदारीपत्र एक सशक्त प्लेटफर्म बन्ने उनको भनाई छ। ढकालले



स्पेनिश व्यवसायहरूलाई नेपालबारे बुझ्न सजिलो हुने र नेपाली व्यवसायीहरूका लागि स्पेनलाई युरोप प्रवेशको ढोका बनाउने आधार यस समझदारीपत्रले तयार पार्ने उल्लेख गरे।

उनले साना तथा मझौला उद्योगहरूको भूमिकालाई विशेष रूपमा उल्लेख गर्दै नेपाल-स्पेन दुवै देशमा यी उद्यमहरू अर्थतन्त्रको मेरुदण्ड भएको बताए।

नेपालमा धेरै सकारात्मक नीतिगत परिवर्तनहरू भएको उल्लेख गर्दै उनले यी परिवर्तनले नेपालमा बाह्य लगानीको लागि प्रशस्त अवसरहरू सिर्जना गरेको बताए। उनले पर्यटन, पूर्वाधार, जलविद्युत, नवीकरणीय ऊर्जा, कृषि प्रशोधन, र सूचना प्रविधिजस्ता क्षेत्रमा स्पेनिश लगानीको ठूलो सम्भावना रहेको बताए। स्पेन चेम्बर अफ कमर्सकी कार्यकारी प्रमुख इमाकुलाडा रियरा रेने रियराले नेपालमा लगानीको सम्भावना अत्यन्त आकर्षक रहेको बताउँदै व्यापारिक सहकार्य सशक्त बनाउन इच्छुक रहेको बताइन्। उनले पर्यटन, प्रविधि, कृषि, नवीकरणीय ऊर्जा र पूर्वाधारमा सम्भाव्यता रहेको बताइन्।

उनले महासंघसँग हुने समझदारीले नेपाल र स्पेनबीचको निजी क्षेत्रीय समन्वय र विश्वासलाई नयाँ उचाइमा पुऱ्याउने धारणा राखिन। भेटका क्रममा दुवै पक्षले आपसी आर्थिक सम्बन्धलाई थप गहिरो बनाउन संयुक्त पहल आवश्यक रहेको र साझा कार्यक्रम तथा सहकार्यबाट व्यवसायिक समुदायहरू लाभान्वित हुनेमा विश्वास व्यक्त गरेका थिए।

भेटवार्ताका अवसरमा महासंघका पूर्व अध्यक्ष चन्डिराज ढकाल, महासंघका कोषाध्यक्ष भरतराज आचार्यको पनि सहभागिता थियो। गत जुन महिनामा स्पेनमा आयोजित कार्यक्रममा नेपालका प्रधानमन्त्री केपी शर्मा ओली सहितको टोलीमा सम्मिलित रहँदा महासंघका अध्यक्ष ढकालले स्पेन चेम्बर अफ कमर्सकी कार्यकारी प्रमुख रिएरालाई नेपाल भ्रमणको निम्तो दिएका थिए।

# सानिमा रिलायन्स र नारायणी सामुदायिक हस्पिटलबीच सम्झौता

**चितवन (संवाददाता)** – सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स र नारायणी सामुदायिक हस्पिटलबीच स्वास्थ्य सेवाको शुल्कमा छुट दिने सम्झौता भएको छ। सम्झौतापत्रमा इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डे र अस्पतालका कार्यकारी अध्यक्ष डा. भक्तमान श्रेष्ठले हस्ताक्षर गरेका छन्।



सानिमा रिलायन्स लाईफ इन्स्योरेन्ससँग आवद्ध, विमित, अभिकर्ता, कर्मचारीहरूले उपचारमा १० प्रतिशतसम्म छुट पाउने गरी सम्झौता भएको इन्स्योरेन्सका प्रबन्धक इशा प्रधानले जानकारी दिइन्। इन्स्योरेन्ससँग सहकार्य गरि स्वास्थ्य सेवाको शुल्कमा सहुलियत दिइएको र आगामी दिनमा पनि आवश्यकता अनुसार थप सहयोग गर्न सकिने अस्पतालका अध्यक्ष डा. भक्तमान श्रेष्ठले बताए। सम्झौता हस्ताक्षर गरेकै मितिबाट लागू भई दुई वर्ष अवधिसम्म कामय हुनेछ।

क्षेत्र प्रबन्धकको समन्वयमा भएको सम्झौता कार्यक्रममा अस्पतालका कार्यकारी निर्देशक विष्णु कुवर, म्यानेजर अरूण लम्साल, इन्स्योरेन्स कम्पनीका मार्केटिङ अफिसर प्रदिप पराजुलीको उपस्थिति थियो।

# काबेली-३ क्यासकेडको बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा

news24

**काठमाडौं, साउन २४**

ताप्लेजुङस्थित २१.९३ मेगावाटको काबेली-३ क्यास्केड जलविद्युत आयोजना राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ। काबेली हाइड्रोपावर कम्पनी लिमिटेडले जिल्लाको सिरीजंघा गाउँपालिका वडा नं. ५, ६, र ७ मा निर्माण गरेको आयोजना राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको हो। आयोजनाका उपकरण एवं संरचना परीक्षण गरी विद्युत उत्पादन सुरु गरेको प्रवर्द्धक कम्पनीका सञ्चालक मोहनविक्रम कार्कीले बताए। उनका अनुसार आयोजनाबाट अहिले परीक्षण उत्पादन भइरहेको छ। 'निर्माण थालेको साढे २ वर्षमा यो आयोजना सम्पन्न गरी सञ्चालनमा ल्याएका छौं,' उनले भने, 'अहिले परीक्षण उत्पादनको चरणमा छ, २ साताको परीक्षण अवधि सकिएपछि व्यापारिक उत्पादन सुरु गर्ने तयारी भइरहेको छ।'

आयोजनाले उत्पादन गरेको विद्युत पाँचथरको हिलिहाङ गाउँपालिका वडा नं. १ स्थित अमरपुर दुबिचौर १३२ केभी अमरपुर सबस्टेसनमा जोडिएको छ। प्रवर्द्धक कम्पनीले आयोजनाको विद्युतगृहदेखि सबस्टेसनसम्म आवश्यक प्रसारण निर्माण गरी विद्युत लगेर जोडेको हो। जिल्लाको सिरीजंघा वडा नं. ७ खेवाङको ओथाममा आयोजनाको बाँध निर्माण गरिएको छ। बाँधदेखि विद्युतगृहसम्म ५.१४० किलोमिटर लामो मुख्य सुरुङ निर्माण गरिएको छ भने विद्युतगृह सिरीजंघा वडा नं. ५ पेदाङ स्थित खोलाखेतमा निर्माण गरिएको छ।

कम्पनीले २०७९ माघ ५ गते आयोजनाको संरचना निर्माणको काम सुरु गरेको थियो। निर्माण थालेको साढे २ वर्षमा यो आयोजना सम्पन्न भएको कम्पनीले जनाएको छ। आयोजना निर्माण गर्न ४ अर्ब २८ करोड ५० लाख १ हजार रुपैयाँ खर्च भएको अनुमान छ। कूल लागत मध्ये २५ प्रतिशत स्वपुँजीबाट र ७५ प्रतिशत ऋण लगानीबाट व्यवस्थापन गरिएको छ। आयोजनामा एनएमबी बैंकको अगुवाईमा प्रभु र नबिल बैंकले ऋण लगानी गरेका छन्।

# नबिल बैंकलाई दुई उपाधि

**काठमाडौं, (संवाददाता)** - नबिल बैंकले एशियन बैंकिङ एण्ड फाइनान्स अवार्डस्, २०२५ मा दुई प्रतिष्ठित उपाधि प्राप्त गरेको छ। बैंकले 'साइबर सेक्युरिटी इनोभेसन अवार्ड नेपाल' र 'नेपाल डोमेस्टिक प्रोजेक्ट फाइनान्स बैंक अफ द इयर' अवार्ड प्राप्त गरेको हो। अत्याधुनिक प्रविधि, उत्कृष्ट सेवा र ग्राहक तथा सरोकारवालाप्रति देखाएको प्रतिबद्धताका कारण अवार्ड प्राप्त गरेको बैंकले जनाएको छ। साइबर सेक्युरिटी इनोभेसन अवार्ड बैंकले डिजिटल सुरक्षालाई प्राथमिकतामा राख्दै सुरक्षित, भरपर्दो र सहज बैंकिङ अनुभव प्रदान गर्न अपनाएको रणनीतिका कारण प्राप्त गरेको हो।

यसैगरी, बैंकले मुलुकका महत्वपूर्ण पूर्वाधार तथा विकास आयोजनाहरूमा वित्तीय साझेदारी गरेका कारण नेपाल डोमेस्टिक प्रोजेक्ट फाइनान्स बैंक अफ द इयर अवार्ड प्राप्त गरेको हो। सबै कर्मचारीहरूको मेहेनतल र निरन्तरको परिश्रम तथा नवप्रवर्तनप्रतिको समर्पणको प्रतिफल स्वरूप अवार्ड प्राप्त भएको बैंकका प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले बताए। उनले बैंकलाई विश्वास गर्ने ग्राहक, साझेदार र सरोकारवालाप्रति आभार समेत व्यक्त गरेका छन्। उनले भविष्यमा पनि स्मार्ट र सुरक्षित बैंकिङ सेवामार्फत नेपाली बैंकिङलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिबद्धता जनाए। नबिल बैंक नेपालको एक अग्रणी बैंक हो। नबिलले २५ लाखभन्दा बढी सेवाग्राहीहरूलाई देशभरिको २६८ शाखा र ३२१ एटिएममार्फत सेवा प्रदान गर्दै आएको छ। विगत चार दशकदेखि नबिल बैंकले नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवात गर्न अग्रणी भूमिका खेल्नुका साथै नेपालको बैंकिङ विकासको इतिहासमा कोसेढुंगाका रूपमा काम गर्दै आएको छ।

# वैकल्पिक विकास वित्त विधेयकमा ६६ संशोधन

काठमाडौं (संवाददाता)- प्रतिनिधिसभामा दर्ता भएको 'वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२' मा ६६ वटा संशोधन परेको छ। संसद सचिवालयका अनुसार १४ जना सांसदले संशोधन प्रस्ताव दर्ता गरेका हुन्।

शुक्रबार अर्थसमितिले यो विधेयकबारे नेपाल राष्ट्र बैंकका गभर्नर विश्वनाथ पौडेल र विज्ञहरूबाट सुझाव लिएको थियो। यस्तै संशोधनकर्ता सांसदहरूसँग पनि अर्थसमितिले सुझाव लिएको छ। छलफलमा सांसदहरूले कोषको प्रभावकारिता र सञ्चालक समितिको स्वायत्तताको विषयलाई महत्वका साथ उठाएका थिए।

परम्परागत लगानीका स्रोतका अतिरिक्त वैकल्पिक स्रोतको पहिचान र उपयोग गर्ने उद्देश्यका साथ ल्याइएको सो विधेयक चाँडो पारित भई कार्यान्वयनमा ल्याइनुपर्नेमा सत्तापक्ष र प्रतिपक्ष दुवै सहमत छन्। तर वैकल्पिक विकास वित्त कोषको प्रभावकारिता तथा सञ्चालक समितिसम्बन्धी व्यवस्थामा धेरैजसो सांसदको चासो देखिएको छ।

पूर्वाधार क्षेत्रमै लगानी गर्ने उद्देश्य राखेर सरकारको लगानीसहित स्थापना भएका नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा) र हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल)बाट लक्षित नतिजा दिन नसकिरहेकाबेला सोही प्रकृतिको 'वैकल्पिक विकास वित्त कोष' ल्याउन आवश्यक छ की छैन भनेर सोच्नुपर्ने पूर्वअर्थमन्त्री वर्षमन पुनले छलफलमा बताए।

'यो कोष निफ्रा र एचआइडिसिएलभन्दा कसरी फरक छ ? केही व्यक्तिलाई जागिर दिनका लागि मात्रै कम्पनी खडा गर्न लागिएको त होइन ? वा कतै सरकारले विभिन्न कोषहरू गाभेर एउटै कोष बनाएर चलाउन खोजेको त होइन ? यी प्रश्नको जवाफ चाहिन्छ', पुनले भने। त्यस्तै सञ्चालक समितिमा कोको रहने, कार्यकारी अधिकार कसलाई दिनेजस्ता विषयलाई पनि स्पष्ट पारिनुपर्ने उनको भनाइ थियो।

सांसद वासुदेव घिमिरेले वैकल्पिक विकास वित्त कोषलाई बलियो र प्रभावकारी बनाउन अर्थमन्त्रीलाई नै त्यसको सञ्चालक समितिको अध्यक्ष बनाइनुपर्ने र लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतलाई पनि सञ्चालक समितिमा सदस्यका रुपमा ल्याइनुपर्ने बताए। सांसद माधव सापकोटाले सञ्चालक समितिको अध्यक्षलाई नीतिगत निर्णय गर्नेमात्रै अधिकार दिएर प्रमुख कार्यकारी अधिकृतलाई कार्यकारी अधिकार दिनुपर्ने र राजनीतिक हस्तक्षेपबाट मुक्त गराउनुपर्ने धारणा राखे।



## सञ्चालक समिति बलियो बनाउन गभर्नरको सुझाव

अर्थ समितिको बैठकमा राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलले सञ्चालक समिति बलियो बनाउन सकेमात्र कोषको प्रभावकारिता बढी हुने बताएका छन्। 'अर्थमन्त्री वा अर्थसचिवले नै नेतृत्व गर्नेगरी कोषको सञ्चालक समिति बनाउनु उपयुक्त हुन्छ, पुरानै शैलीको संरचनाले नयाँ खालको नतिजा दिन सक्दैन, त्यसकारण फरक तरिकाले सोच्नुपर्छ', गभर्नर पौडेलले भने।



कोषको सञ्चालक समितिको अध्यक्ष अर्थ मन्त्रालयको सचिव रहने व्यवस्था विधेयकमा राखिएको छ। विधेयकको उक्त व्यवस्थामाथि सांसद हितराज पाण्डेले राष्ट्रिय योजना आयोगको उपाध्यलाई र सांसद प्रकाश ज्वालाले अर्थमन्त्री अध्यक्ष रहनुपर्ने मतसहित संशोधन राखेका छन्। सांसद प्रेम सुवालले सञ्चालक समितिसम्बन्धी व्यवस्था नै हटाइ 'मन्त्रीको अध्यक्षतामा राज्यको स्वामित्वलाई जोड दिने वित्तशास्त्री र अर्थशास्त्रीको व्यवस्थापन समिति गठन गरिनुपर्ने' संशोधन राखेका छन्। सांसद सोविता गौतम र शिशिर खनालले प्रमुख कार्यकारी निर्देशकलाई अध्यक्षको जिम्मेवारी दिइनुपर्ने प्रस्ताव गरेका छन्।

कार्यकारी निर्देशक हुनका लागि अर्थशास्त्र, व्यवस्थापन, वित्त, इन्जिनियरिङ वा सम्बन्धित विषयमा स्नातकोत्तर, कम्तीमा १५ वर्षको प्राविधिक वा व्यवस्थापकीय अनुभव, वैकल्पिक वित्त तथा सार्वजनिक-निजी साझेदारी र लगानी परियोजना विश्लेषणको अनुभव हुनुपर्ने प्रस्ताव सांसदहरूले गरेका छन्।

विधेयकमा कोषको व्यवस्थापन तथा सञ्चालन गर्न अर्थ मन्त्रालयको सचिव अध्यक्ष रहनेगरी सञ्चालन समितिको व्यवस्था गरिएको छ। अर्थ मन्त्रालयको सहसचिव, पूर्वाधार विकाससँग सम्बन्धित मन्त्रालयका इन्जिनियरिङ सेवाका सहसचिवमध्येबाट मन्त्रालयले तोकेका दुई सहसचिव, शेयरधनीका तर्फबाट एक जना प्रतिनिधि र स्वतन्त्र विशेषज्ञबाट एक गरी सञ्चालक तोकिनुपर्ने उल्लेख छ। वैकल्पिक विकास वित्त कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्थाका रुपमा रहने व्यवस्था विधेयकमा राखिएको छ।

मुलुकको समृद्धि, दीगो विकास तथा उत्पादकत्व वृद्धिका लागि अत्यावश्यक पूर्वाधार परियोजना कार्यान्वयन गर्न परम्परागत लगानीका अतिरिक्त वैकल्पिक वित्त परिचालन आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो।

विधेयकअनुसार कोषको अधिकृत पुँजी एक खर्ब र चुक्ता पुँजी २५ अर्ब रुपैयाँ हुनेछ। त्यसमा नेपाल सरकारको ५१ प्रतिशत अर्थात् १२ अर्ब ७५ करोड रुपैयाँ बराबरको शेयर लगानी गर्ने प्रस्ताव विधेयकमा गरिएको छ।

कोषमा नेपाल सरकार, अन्तर्राष्ट्रिय वित्तीय संस्था वा वदेशी बैंक वा वित्तीय संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, बीमा कम्पनीले लगानी गर्न पाउनेछन्।

परियोजना कार्यान्वयन गर्ने निकायको प्रत्याभूति लिएर परियोजनाका लागि विशेष ऋण उठाउने, स्वदेशी वा विदेशी लगानीकर्ताबाट दीर्घकालीन पुँजी संकलन गरी लगानी कोष खडा गर्न' पनि वैकल्पिक वित्तको प्रमुख उपाय हुन्। विदेशमा रहेका नेपाली नागरिक वा गैरआवासीय नेपालीबाट तोकिएको रकम संकलन गरी विप्रेषण कोष (रेमिट फण्ड) खडा गर्ने कार्य पनि वैकल्पिक वित्तको स्रोत हुन जान्छ।

अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट पूर्ण वा आंशिक जमानत लिएर ऋण वा ऋणपत्र जारी गर्न जमानत कोष खडा गर्न सकिने विषयलाई पनि वैकल्पिक वित्त परिचालनसम्बन्धी विधेयकमा समेटिएको छ। साथै कुनै निकाय वा परियोजनाको सम्पत्ति वा कारोबारलाई मौद्रीकरण गरी त्यस्तो निकायले कार्यान्वयन गर्ने परियोजनाका लागि परियोजना कोष खडा गर्ने व्यवस्था विधेयकमा राखिएको छ। वैकल्पिक वित्त परिचालनबाट जम्मा भएको रकम रोजगारी प्रवर्द्धन गर्ने, उल्लेख्य आर्थिक प्रतिफल दिने वा कूल गार्हस्थ उत्पादन वृद्धि गर्न सघाउ पुऱ्याउने परियोजनाको पहिचान, अध्ययन, विकास, निर्माण वा कार्यान्वयनका लागि प्रयोग हुने उल्लेख छ।

विद्युत् उत्पादन, प्रसारण तथा वितरण आयोजना, सडक, रेलमार्ग, विमानस्थल, सुरूङमार्ग, औद्योगिक विकास पूर्वाधार निर्माण (विशेष आर्थिक क्षेत्र, औद्योगिक पार्क, सुक्खा बन्दरगाह वा सूचना प्रविधि पार्क) निर्माणका लागि वैकल्पिक वित्तका स्रोत प्रयोग गर्न सकिनेछ। त्यस्तै, सहरी विकास पूर्वाधार निर्माण, केबुलकार, रज्जुमार्ग, पोड वेलगायत संरचना निर्माण एवं सञ्चालनका लागि यस्ता कोष परिचालन गरिने जनाइएको छ। निजी क्षेत्रले कार्यान्वयन गर्ने सार्वजनिक-निजी साझेदारीअन्तर्गतको राष्ट्रिय प्राथमकिता प्राप्त परियोजनामा पनि कोषले लगानी गर्न सक्नेछ।

एक अर्बभन्दा कम लागत अनुमान भएको परियोजनामा भने कोषबाट लगानी हुनेछैन। त्यस्तै तत्काल प्रतिफल दिन नसक्ने परियोजना, ऋण वा जमानतबापत धितो दिन नसक्ने परियोजना, कोषले जारी गरेको ऋणपत्र वा डिवेञ्चर धितो वा जमानत राखी ऋण माग गर्ने परियोजना, कुनै प्राकृतिक व्यक्तिले कार्यान्वयन गर्ने परियोजनामा कोषले लगानी गर्ने छैन। *रासस*

---

## शेयरबजारमा बिक्रीचाप

# लगानीकर्ताको रणनीति पर्ख र हेर

news24

**काठमाडौं, साउन २४**

शेयरबजार गतसाता पाँच कारोबार दिनमध्ये तीन दिन घट्यो भने दुई दिन बढ्यो। कारोबार मापक नेप्से परिसूचक समग्रमा ७२.२६ अंकले घटेको छ। यसअघि छोटो समयमा उच्च अंकले बढेको बजारबाट राम्रो नाफा कमाएका लगानीकर्ताले शेयरको बिक्री बढाउँदा बजार दबाबमा परेको हो।

ठूला र चलाख लगानीकर्ताले शेयर बेचेर नाफा सुरक्षित गरेको देखिन्छ भने साना लगानीकर्ताहरू पर्ख र हेरको रणनीतिमा देखिन्छन्। यहीकारण बजारमा शेयरको माग न्यून हुँदै गएको विश्लेषकहरू बताउँछन्।

नेप्सेसँगै कारोबार रकम पनि घटेको छ। अघिल्लो साता दैनिक १९ अर्ब ३८ करोडको शेयर किनबेच भएकोमा गतसाता नौ अर्ब ८८ करोडको कारोबार भयो। आइतबार सबैभन्दा धेरै १५ अर्ब ९९ करोडको शेयर कारोबार भएको थियो भने बुधबार सबैभन्दा कम सात अर्ब ६३ करोडको किनबेच भएको थियो। अघिल्लो साताको तुलनामा दैनिक औसत कारोबार ४९ प्रतिशतले घटेको हो।

एक सातामा लगानीकर्ताको सम्पत्ति एक खर्ब १९ अर्ब रुपैयाँले घट्यो। अघिल्लो साता ४८ खर्ब ७६ अर्ब रहेको बजार पुँजीकरण गतसाता ४७ खर्ब ५७ अर्ब रुपैयाँमा झरेको छ। साधारण शेयर तर्फको बजार पुँजीकरण पनि ४१ अर्ब रुपैयाँ घटेर १६ खर्ब १४ अर्ब रुपैयाँमा झरेको छ। सूचीकृत १३ समूहमध्ये व्यापार समूहको परिसूचकबाहेक सबै घटेका छन्। व्यापार समूहको परिसूचक ०.०९ प्रतिशत बढेको छ। अघिल्लो साता ४२९३.२० विन्दुमा बन्द भएको यस समूहको सूचक गत साता ३.९७ अंक बढेर ४२९७.१७ विन्दुमा पुगेको छ।



अन्य समूहको सूचक सर्वाधिक ५.२५ प्रतिशत घटेको छ। अघिल्लो साता २७६६.६३ विन्दुमा बन्द भएको यो समूह गतसाता १४५.३३ अंक घटेर २६२१.३० विन्दुमा झरेको छ। अंकका आधारमा भने यस साता निर्जीवन बीमा समूह सर्वाधिक ४५२.७२ अंक घटेको छ।

समाज लघुवित्त वित्तीय संस्था लिमिटेडका शेयर लगानीकर्ताले सर्वाधिक १८.२६ प्रतिशत कमाएका छन्। अघिल्लो साता २ हजार ३७२ रुपैयाँ ३९ पैसा रहेको यो कम्पनीको शेयरमूल्य यस साता २ हजार ८०५ रुपैयाँ पुगेको छ। दोस्रो धेरै शेयरमूल्य बढ्ने कम्पनी सिक्लेस हाइड्रोपावर लिमिटेड छ। यो कम्पनीको शेयरमूल्य १४ प्रतिशतभन्दा बढी बढेको छ। सान्भि इनर्जीका शेयरधनीले गतसाता सर्वाधिक १३.२८ प्रतिशत गुमाएका छन्। नेप्सेमा यस साता स्वरोजगार लघुवित्त वित्तीय संस्थाको ९ लाख ३२ हजार ४२१.१० कित्ता बोनस शेयर सूचीकृत भएको छ।

बजारमा बिक्रीचाप बढेपछि लगानीकर्ता पर्ख र हेरको रणनीतिमा देखिएका छन्। अर्थतन्त्रका अधिकांश सूचकहरू सकारात्मक छन्। बैंकमा प्रसस्त तरलता छ, ब्याजदर घटेर न्यून विन्दुमा छ। आधारभूत रुपमा हेर्दा ब्याजदर घट्दा शेयरबजारमा सकारात्मक असर पर्छ। अहिले त्यही असर देखिन थालेको बजारका विश्लेषकहरू बताउँछन्। ब्याजदर थप घट्ने अवस्था नरहेपनि केन्द्रीय बैंकले शेयर धितो कर्जामा लिएको लचिलो नीतिका कारण बजारमा लगानी बढेको थियो। त्यसैले साउन महिनाको सुरुका दिनमा बजारमा राम्रो वृद्धि देखिएको थियो। त्यसबाट राम्रो फाइदा कमाएका लगानीकर्ताले अहिले शेयर बिक्री गर्न खोज्दा दबाब देखिएको हो।

---

# बैंकमा पैसा राख्दा ब्याजमात्रै होइन, सुरक्षा पनि हेरौं

news24

**काठमाडौं, साउन २४**

नेपालमा १९९४मा नेपाल बैंक लिमिटेडको स्थापना भएदेखि नै बैंकमा पैसा राख्ने चलनको सुरुवात भएको हो। पछिल्लो समय आर्थिक सचेतना बढ्दै जाँदा सर्वसाधारण नागरिकदेखि लिएर सरकारी तथा अर्धसरकारी कोषहरूले समेत आफ्नो रकम सुरक्षित रूपमा राख्न बैंकलाई रोज्ने गरेका छन्।

बैंकमा पैसा राख्दा सुरक्षित हुने विश्वास गरिन्छ। तर, केही बैंक समस्याग्रस्त बन्दा आम सर्वसाधारणको निक्षेप जोखिममा परेको छ। पछिल्लो समय कर्णाली विकास बैंकले पनि धेरै सर्वसाधारणको निक्षेप फिर्ता दिन सकेको छैन। त्यसैले, बैंकमा निक्षेप राख्दा ब्याजदरको लोभमात्रै नगरी विभिन्न आधारमूत पक्षमा समेत ध्यान दिनुपर्नेहुन्छ।

नेपाल राष्ट्र बैंकले पनि आफ्ना विभिन्न कोषहरूमा भएको पैसा बैंकमा राख्दा स्पष्टसँग शर्तहरू तोकेको हुन्छ। तिनै शर्तहरू पुरा गरेका बैंक तथा वित्तीय संस्थामा पैसा राख्नु एउटा बुद्धिमानी निर्णय बन्न सक्छ। सर्वसाधारणका लागि सबैभन्दा महत्वपूर्ण पक्ष भनेको आफ्नो निक्षेपको सुरक्षा हो। यसका लागि बैंकको वित्तीय अवस्था, पुँजी पर्याप्तता, खराब कर्जा, ब्याजदर र तरलता अवस्थालाई गहिरो अध्ययन गर्नुपर्छ।

### बैंक इजाजतप्राप्त हुनुपर्छ

कसैले पनि दुःख गरी कमाएको पैसा सुरक्षित होस् भन्ने चाहन्छ। यदि, त्यसो हो भने सबैभन्दा पहिला सम्बन्धित बैंक वा वित्तीय संस्था नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त छ कि छैन भनेर हेर्नुपर्छ। अवैधरूपमा सञ्चालनमा रहेका सहकारी वा अर्धवित्तीय संस्थाहरूमा रकम राख्दा ठूलो जोखिम हुन्छ।

### इन्स्योरेन्सबारे बुझ्नुहोस्

नेपाल राष्ट्र बैंकअन्तर्गतको डिपोजिट एन्स्योरेन्स एन्ड क्रेडिट ग्यारेन्टी फन्डमार्फत प्रत्येक व्यक्तिको नाममा रहेको पाँच लाख रुपैयाँसम्मको निक्षेप ग्यारेन्टी गरिएको छ। यो भनेको यदि निक्षेप राखिएको बैंक टाट पल्टिएमा ५ लाख रुपैयाँसम्म निक्षेप फिर्ता सुरक्षित रहन्छ। यो सुविधा नेपालका सबै इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरूमा पाइन्छ। पाँच लाख रुपैयाँभन्दा माथिको रकम भने जोखिममा पर्न सक्छ। त्यसैले, बैंक छान्दाखेरि सावधानी अपनाउनु बुद्धिमानी हुन्छ।

### ब्याजदरमात्रै हेर्नुहुँदैन

बैंक तथा वित्तीय संस्थाले आफूलाई पैसा चाहिएमा ब्याजदर बढाएर बजारको पैसा तान्ने कोसिस गर्छन। तर, ब्याजदर मात्रै हेरेर निक्षेप राख्दा तपाईंको पैसा जोखिममा पर्न सक्छ। किनभने, मुद्दती निक्षेपमा उच्च ब्याज पाइए पनि तोकिएको अवधिसम्म पैसा झिक्न मिल्दैन। बचत खातामा तत्कालै पैसा झिक्न मिल्छ, तर ब्याज कम हुन्छ। चालू खातामा ब्याज पाइँदैन तर कारोबारका लागि सजिलो हुन्छ।



### वित्तीय अवस्था

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रेडिट रेटिङ, एनपीएल (नन-परफर्मिङ लोन) को दर, पुँजी पर्याप्तता, तरलता अवस्था आदिको अध्ययन गरेर बैंक वित्तीय संस्था कुन अवस्थामा छ भनेर हेर्न सकिन्छ। बैंक तथा वित्तीय संस्थाले सार्वजनिक गर्ने त्रैमासिक वित्तीय विवरणबाट यी तथ्यांक हेर्न सकिन्छ। खासगरी पुँजी पर्याप्त नभएका वा एनपीएल उच्च भएका बैंकहरू जोखिमपूर्ण मानिन्छन्।

### राष्ट्र बैंकले के कुरामा ध्यान दिन्छ ?

राष्ट्र बैंकले पनि आफ्नो विभिन्न कोषमा रहेको पैसा बैंकमा मुद्दती निक्षेप राख्ने गर्दछ। केन्द्रीय बैंकले आफूसँग भएको पैसा बैंकमा निक्षेप राख्न विभिन्न मापदण्डहरू निर्धारण गरेको हुन्छ।

वित्तीय अवस्था बलियो भएको, सुशासन राम्रो भएको बैंक तथा वित्तीय संस्थामा मात्रै राष्ट्र बैंकले पैसा राखेको हुन्छ। खासगरी, बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तिमा दुई वर्ष पूरा गरेको, न्यूनतम कुल पुँजीकोष अनुपात कायम गरेको, निष्क्रिय कर्जा ८ प्रतिशत र खुद निष्क्रिय कर्जा अनुपात ३ प्रतिशत ननाघेको, खुद तरल सम्पत्ति अनुपात, कर्जा निक्षेपको अनुपात केन्द्रीय बैंकले निर्धारण गरेको सीमाभित्र हुनुपर्नेछ।

यसैगरी, अघिल्लो आर्थिक वर्षमा नाफामा रहेको, शीघ्र सुधारात्मक कारबाहीमा परेको भए फुकुवा भएको कम्तीमा ६ महिना पूरा भएको, समस्याग्रस्त घोषणा नभएको वा भएको भए कारबाही फुकुवा भएको ६ मपहिना अवधि पूरा भएको, सर्वसाधारणको लागि छुट्याएको शेयर जारी गरिसकेको हुनुपर्नेछ। यी शर्तहरू पूरा गरेका बैंक वित्तीय संस्थामा मात्रै केन्द्रीय बैंकले निक्षेप लगानी गरेको हुन्छ। त्यसैले, सर्वसाधारण निक्षेपकर्ताले पनि यी विषयहरूलाई अनुसरण गरेर पैसा राख्दा आफ्नो बचत सुरक्षित हुन सक्छ।

### सम्झौता पढ्नुपर्छ

बैंकमा कुनै पनि खाता खोल्दा हस्ताक्षर गर्नुअघि त्यसको नियम र शर्तहरू राम्ररी बुझ्नुपर्छ। जस्तै, पैसा समयअगावै झिक्न पाइन्छ कि पाइँदैन, ब्याजदर घटबढ हुँदा जानकारी गराइन्छ कि गराइँदैन, जरिवाना लाग्ने अवस्था के-के छन् आदि विषयमा राम्रोसँग बुझेर मात्र हस्ताक्षर गर्ने र त्यसको प्रतिलिपि आफूले पनि सुरक्षित राख्नुपर्छ।

### बैंकमा पहुँच

पछिल्लो समय डिजिटल बैंकिङ सेवामा मानिसहरूको आकर्षण बढ्दै गएको छ। त्यसैले बैंकिङ सेवा लिँदा डिजिटल सुविधा कति सहज छ, शुल्क कति लाग्छ आदि कुरामा ध्यान दिनुपर्छ। मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, एटीएम सुविधा छ कि छैन, शाखा तथा एटीएमको पहुँच कति सहज छ भन्नेबारे पनि थाहा पाएर मात्रै बैंकमा खाता खोल्ने र पैसा राख्ने काम गर्नुपर्छ। किनभने, सहज र व्यावहारिक सेवा सुविधा दिने बैंकमा पैसा राख्दा जीवन सहज बन्न सक्छ।

बैंकमा पैसा राख्नु केवल वित्तीय व्यवहार होइन, भविष्यको सुरक्षा पनि हो। त्यसैले, ब्याजदरको लोभमा मात्र नपरी, सम्पूर्ण पक्षको मूल्यांकन गरेर मात्र निर्णय लिनु बुद्धिमानी हुन्छ। नेपाल राष्ट्र बैंकको नीति, नियम र सार्वजनिक जानकारीको सहारा लिएर आम नागरिकले पनि आफूलाई आर्थिक रूपले सुरक्षित राख्न सक्छन्।

---

## सानिमा रिलायन्सको 'ब्राभो एनुअल कन्क्लेभ'

SANIMA RELIANCE LIFE INSURANCE
खुलेर जिऔं

काठमाडौ (संवाददाता) - एक आर्थिक वर्षको कार्य मूल्यांकन र आगामी वर्षको योजना तर्जुमाका लागि सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले 'ब्राभो एनुअल कन्क्लेभ २०८२' सम्पन्न गरेको छ। पोखरामा आयोजना गरिएको कार्यक्रममा गत आर्थिक वर्षमा गरेको व्यवसायको समीक्षा र यस आर्थिक वर्षका लागि रणनीतिबारे छलफल भएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै कम्पनीका अध्यक्ष रतनलाल केडियाले गत वर्ष आर्थिक वर्षमा ७०० करोड रुपैयाँ बराबरको बिमाशुल्क संकलन गर्न सफल भएको जानकारी दिए। उनले व्यवसाय बढाउँदै लैजान नयाँ प्रविधि र नयाँ सोचलाई अपनाउनु पर्ने र नयाँ अभिकर्ताहरूको संख्या विस्तार गर्दै जानुपर्नेमा जोड दिए। कर्मचारीहरूले आफ्नो 'कम्फर्ट जोन'बाट बाहिर निस्केर थप मेहनत गर्नुपर्ने, र सो कुराले प्रतिस्पर्धात्मक बजारमा अग्र स्थानमा स्थापित गराउन मद्दत पुऱ्याउने उनले बताए। कार्यक्रममा बोल्दै प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डेले असम्भव शब्दभित्र सम्भव लुकेको हुनाले एकजुट प्रयास, सकारात्मक सोच र निरन्तर मेहनतले सम्भव बनाउन सकिनेबारे कुराको प्रकाश पारे। साथै कम्पनीले लिएको यस वर्ष लक्ष्य प्राप्तिको लागि कार्य योजनासहित काम गर्नका लागि निर्देशन दिए।

गत आर्थिक वर्षमा विभिन्न विधामा उत्कृष्ट कार्य तथा लक्ष्य हासिल गरेका क्षेत्रीय प्रबन्धक, एरिय म्यानेजर शाखा, उपशाखा प्रमुख, मार्केटिङ अफिसर लगायत कस्टमर सर्भिस एक्जुकेटिभहरूलाई सम्मानित गरिएको थियो। तीन दिनसम्म सञ्चालन भएको कार्यक्रममा कम्पनीका वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृतले कम्पनीमा नयाँ र आकर्षक बिमालेखहरू मार्फत ग्राहक संख्या विस्तार गरिने बताए भने नायव प्रमुख कार्यकारी अधिकृतले कम्पनीको गत आर्थिक वर्षको डेटा प्रस्तुत गर्दै यस वर्ष कम्पनीलाई नयाँ उचाइमा पुऱ्याउन सबैले अहोरात्र खटिएर काम गर्नुपर्ने बताए। कार्यक्रममा उत्कृष्ट शाखा प्रबन्धक तथा क्षेत्रीय प्रबन्धकहरूले आफ्नो कार्यानुभव साटासाट गरेका थिए। कार्यक्रमलाई ज्ञानवर्धक बनाउनका लागि प्रख्यात स्पिकर मान्सी अग्रवाललाई आमन्त्रित गरिएको थियो। उनले असल नेतृत्वमा हुनुपर्ने गुणहरूको आवश्यकता र महत्त्वका बारेमा चर्चा गरेकी थिइन्।

---

## एलएलडीसीमा नेपाल

# सहयोग र साझेदारी विस्तारमा जोड




**भूपरिवेष्ठित मुलुकको विकास र समृद्धिका लागि भूपरिवेष्टितबाट भूजडित, पारवहन निर्भरबाट व्यापार प्रतिष्पर्धी र जलवायु संकटापन्नबाट जलवायु प्रतिरोधी मुलुकका रूपमा रूपान्तरणका लागि आवाजा कार्यक्रम एउटा कोशेढुंगा सावित हुने**

काठमाडौं (संवाददाता) - भूपरिवेष्ठित विकासशील राष्ट्रहरू (एलएलडीसी)को तुर्कमेनिस्तानमा सम्पन्न तेस्रो संयुक्त राष्ट्रसंघीय सम्मेलनमा नेपालको तर्फबाट आपसी सहयोग र साझेदारी विस्तारमा जोड दिइएको छ।

प्रधानमन्त्री केपी शर्मा ओली सम्मेलनमा नेपाली प्रतिनिधित्व मण्डलको नेतृत्व गरी शनिबार स्वदेश फर्किएपछि परराष्ट्र मन्त्रालयले आयोजना गरेको पत्रकार सम्मेलनमा भूपरिवेष्ठित विकासशील राष्ट्रहरूलाई विकास साझेदारहरूले थप सहयोग गर्नुपर्नेमा नेपालजस्ता देशले आवाज उठाएको जानकारी दिएको छ।

सम्मेलनमा प्रधानमन्त्री ओलीले भूपरिवेष्ठित मुलुकको विकास र समृद्धिका लागि भूपरिवेष्टितबाट भूजडित, पारवहन निर्भरबाट व्यापार प्रतिष्पर्धी र जलवायु संकटापन्नबाट जलवायु प्रतिरोधी मुलुकका रूपमा रुपान्तरणका लागि आवाजा कार्यक्रम एउटा कोशेढुंगा सावित हुने परराष्ट्र सचिव अमृतबहादुर राईले जानकारी दिए।

स्मार्ट पूर्वाधारको निर्माण, राजमार्ग र रेलवे विस्तार, व्यापारिक मार्ग निर्माण र हरित ऊर्जा, कोरिडोर निर्माणमार्फत् सीमापार सम्पर्क विस्तारमा नेपालले काम गरिरहेको सम्मेलनमा प्रधानमन्त्री ओलीले स्पष्ट पारेको उनले बताए। प्रधानमन्त्री ओलीले नेपालको विकास यात्रामा थप सहयोग गर्न छिमेकी मुलुक, विकास साझेदार तथा दातृ निकायलाई आह्वानसमेत गरेको जानकारी पनि पत्रकार सम्मेलनमा गराइएको थियो।



# खुसी खोज्न अन्त जानै पर्दैन, आफैंमा हुन्छ

केदार घिमिरे

**कलाकार केदार घिमिरेको पहिचान नै 'माग्ने बुढा' बनिसकेको छ। उनले दर्शकबाट पाएको नाम नै चिनारीका रुपमा प्रयोग गर्ने गरिन्छ। रेडियोमा अन्तर्वार्ता गर्ने र कलाकारहरू भेट्ने क्रममै अभिनयप्रति आकर्षित भएका कलाकार घिमिरे एक प्लेट म:म र टेलिशृंखलामा ३० सेकेन्ड देखिन दिनभर छायांकन स्थलमा बिताउँथे। अहिले भने उनी निर्माता र निर्देशकको रोजाइमा पर्ने कलाकार बनिसकेका छन्।**

**'छक्का पञ्जा' चलचित्रका शृंखलाबाट ठूलो पर्दामा स्थापित कलाकार घिमिरेका फिल्महरू 'माग्ने राजा' भदौ, 'माइतीघर' असोज र 'जेरी अन टप' कात्तिकमा प्रदर्शन हुँदैछन्। यसै सेरोफेरोमा कलाकार घिमिरेले 'माग्ने बुढा' हुँदै 'माग्ने राजा' सम्मको कलाकारिता यात्राको विषयमा भएको कुराकानी:**

**कलाकारितामा कसरी जोडिनु भयो ?**

म रेडियोमा काम गर्थें। त्यो समयमा 'हिजो आजका कुरा' टेलिशृंखला लोकप्रिय थियो। म त्यही सिलसिलामा विभिन्न कलाकारको अन्तर्वार्ता लिने गर्थें। उहाँहरूसँग कुराकानी गर्दागर्दै सामीप्यता बढ्यो। मलाई विस्तारै कलाकारिता गर्ने रहर जाग्यो। त्यसपछि मैले अग्रज कलाकारलाई अभिनय गर्ने इच्छा जाहेर गर्न थालें। अभिनय सिक्न सुझाव आएपछि त्यही अनुरुप अगाडि बढें। निर्देशक सन्तोष पन्तको घर अगाडि लाइन लागेर नै 'अडिसन' दिएको छु। त्यो भिडमा म छानिएर अभिनय गर्न पाउनु मेरो भाग्य हो। नत्र त्यहाँ एकसे एक मान्छे थिए, जो कलाकार बन्न चाहन्थे। तर, म छानिएँ र कलाकारितामा पाइला अगाडि बढाउन सफल भएँ।

**सुरुवाती दिनमा कस्तो काम पाउनुभयो ?**

म आफैं लेखक पनि भएकाले म लेख्न सक्छु भन्दै काम माग्थें। टेलीशृंखलामा तीस सेकेन्ड देखिन पाउँदा, एक दुई संवाद बोल्न पाउँदाको खुसीलाई शब्दमा व्यक्त गर्न सक्दिनँ। कमलादीमा एउटा अभिनय सिकाउने ठाउँ थियो। त्यहाँ अधिकांश कलाकार आउनुहुन्थ्यो, सोही क्रममा दीपक दाइ (दीपकराज गिरी), दमन दाइ (दमन रुपाखेती), जितु दाइ (जितु नेपाल) लगायतसँग चिनजान भयो। त्यसपछि उहाँहरूलाई म कलाकारिता गर्छु भनेर काम माग्थें।

**'माग्ने बुढा' को नाम कसरी पाउनुभयो ?**

अभिनय सिक्ने ठाउँमा चिनजान भएपछि दीपक दाइले 'तीतो सत्य' नामक टेलिशृंखला शुरू गर्नुभयो। त्यो लोकप्रिय हुँदा पनि मैले चाहेजस्तो लामो भूमिका पाएको थिइनँ। म लेख्न सक्छु भनेर 'प्रेसर' दिन्थें। तर, नयाँ कलाकारको रहर र निर्देशकको बाध्यता अहिले बुझ्न थालेको छु। 'तीतो सत्य' मा अभिनयको भोक नमेटिएपछि 'जिरे खुर्सानी' टेलिशृंखलासँग जोडिएँ। 'तीतो सत्य' सुरु भएको एक वर्षपछि सुरु भएको 'जिरे खुर्सानी' मा म व्यस्थापकको रुपमा जोडिएँ। अभिनय पनि गर्थें र अन्य सबै कममा सहयोग गर्थें। टेलिशृंखला लोकप्रिय भएपछि नयाँ र स्थापित कलाकार थपिन थाले। फेरि मैले आफूले चाहेजस्तो अवसर पाउन सकिनँ।

सोही टेलिशृंखलामा दमन दाइ र सीतारामजी (सीताराम कट्टेल) सँग सल्लाह भएपछि एउटा छुट्टै टेलिशृंखला तयार गर्न जुट्यौं। सुरुमा हामीले 'ढिकी च्याउँ' नामक ३५ मिनेटको 'डमी एपिसोड' बनायौं। त्यो प्रसारण भएन तर त्यसमा मैले निर्वाह गरेको 'माग्ने बुढा' को पात्रलाई 'मेरी बास्सै'मा ल्यायौं किनकि त्यो पात्रलाई सबैले रुचाउनुभएको थियो।

**'माग्ने बुढा' किन सहजै दर्शकसँग जोडिए ?**

'मेरी बासै' सुरु गर्दा हामीले शहरकै कथा देखायौं। सोही कारण सुरुआतका चार भाग दर्शकले हेरेनन्। टेलिशृंखला नै बन्द गर्ने भन्ने सल्लाह हुँदा गाउँमा 'ट्राइ' गरौं भनेर नयाँ तरिकाले सुरुआत गर्‍यौं। म लगायतका साथीहरू गाउँमा हुर्किएकाले हामीले गाउँको कथालाई राम्रोसँग प्रस्तुत गर्न सक्यौं। 'माग्ने बुढा' लाई पनि आवरणसँगै बुढ्यौली बानी, व्यवहार दियौं। आइरहेका पात्रभन्दा भिन्न भएकाले त्यसलाई दर्शकले आफूसँग नजिक ठान्नुभयो। त्यो बेला एउटा प्रयोग नै गरेको हो। किनकि मेरो उमेरअनुसार म बुढा थिइन, तर बोली र आवरणले मलाई 'माग्ने बुढा' मा स्थापित गर्‍यो। किनकि दर्शकको जीवनसँग म जोडिएँ। अहिले पनि मलाई 'माग्ने' भनेर बोलाउनुहुन्छ, खुसी लाग्छ।

**कलाकार सीताराम कट्टेल 'धुर्मुस' सँग तपाई 'केसी' जोडी भएर धेरै काम गर्नुभयो। पछि यो जोडी किन अलग भयो ?**

कलाकार कट्टेलसँग मैले सुरुआती सङ्घर्ष गरेको छु। उहाँसँग अहिले पनि मेरो सुमधुर सम्बन्ध नै छ। हामीले काम गर्दा सानातिना मनमुटाव हुनु सामान्य नै हो, तर त्यही कारणले हामी अलग भएका हौं भन्ने भाष्य गलत हो। कलाकार कट्टेल कलाकारिता छाडेर समाज सेवामा सक्रिय भएपछि हाम्रो जोडी फरकफरक रुपमा काम गर्न थालेका हौं। त्यसपछि म कलाकार विल्सन विक्रम राईसँग 'स्टेज कार्यक्रम' मा देखिन थालें। तर, मैले कलाकार राईसँग जोडी बाँधेको थिइनँ। मेरो जोडी कलाकार कट्टेल नै हुनुहुन्थ्यो। हामी हाँस्य कलाकार एउटा परिवार जस्तै छौं, हौं। परिवारमा मनमुटाव कसको हुँदैन र ? तर, त्यही कारण विभाजित भइँदैन नि !

> **यो पात्र मसँग जोडिएको छ। मलाई नै हरेर तयार गरिएको जस्तो छ। मलाई सधैं सहायक भूमिकामा देख्ने र चलचित्रभर देखिँदा कस्तो हुन्छ वा हेर्न पाउँ भन्ने दर्शकका लागि यो चलचित्र खास छ। यो हास्यसँग मात्र जोडिएको छैन, एउटा गहन विषय उठाइएको छ। यो एउटा आम नागरिकको कथा हो।**



**टेलिशृंखलाबाट चलचित्रमा आउने सोच कसरी आयो ?**

नेपाल टेलिभिजनमा 'तीतो सत्य', 'जीरे खुर्सानी' र 'मेरी बास्सै' निकै लोकप्रिय भयो। तर, कुनै समयमा बन्द हुने, फेरि सुरू हुने पनि भयो। त्यस्तो हुँदा कलाकार दीपकराज गिरीले हाम्रो समूह मिलेर चलचित्रमा काम गरौं भनें प्रस्ताव ल्याउनुभयो। टेलिशृंखलामा आइरहेको उतारचढावले हामी सबैलाई चलचित्रमा पाइला टेक्न प्रेरित गर्‍यो। हामी कलाकार गिरीको प्रस्तावमा सहमत भएर चलचित्रमा भित्रिएका हौं।

**सुरुआती समयमा एकसाथ देखिनुभएका हास्य कलाकार बिस्तारै छुट्टिनुभयो नि ?**

सबै चलचित्रमा सबै पात्र उपयुक्त नहुन पनि सक्छ होला। सुरुआतसँगै गरेका हौं, अहिले पनि सँगै काम गर्न असहमति छैन। सबैको आ-आफ्नो विचार हुनसक्छ, तर हामी अहिले पनि सबै चलचित्रमै काम गरिरहेका छौं। हामी किन निरन्तरसँगै भएनौं भन्ने जवाफ शायद मसँग पनि छैन।

**तपाई पनि बिस्तारै बाहिर काम गर्दै हुनहुन्छ नि ?**

पछिल्लो चलचित्र 'छक्का पञ्जा ५' सम्म म सँगै छु। अबको त्यसपछि दुई/तीन वर्ष 'छक्का पञ्जा' नल्याउने सल्लाह भएपछि म बाहिरको चलचित्रमा व्यस्त भएको हुँ। पहिला मैले धेरै चलचित्रकर्मीलाई 'नो' भनेको थिएँ। अहिले भने आफूलाई सुहाउँदो कथावस्तु र भरपर्दो निर्माण समूहसँग काम गरिरहेको छु। तर, म 'छक्का पञ्जा' समूहसँग छुटिएको भन्ने होइन, उक्त परिवारको सदस्यका रुपमा सधैं रहिरहने छु। बाहिर काम गर्दा पनि म सल्लाह गरेर नै आएको हुँ।

**बाहिर काम गर्ने सिलसिलामा 'माग्ने राजा' नै किन रोज्नुभयो ?**

यो पात्र मसँग जोडिएको छ। मलाई नै हेरेर तयार गरिएको जस्तो छ। मलाई सधैं सहायक भूमिकामा देख्ने र चलचित्रभर देखिँदा कस्तो हुन्छ वा हेर्न पाउँ भन्ने दर्शकका लागि यो चलचित्र खास छ। यो हाँस्यसँग मात्र जोडिएको छैन, एउटा गहन विषय उठाइएको छ। यो एउटा आमनागरिकको कथा हो। एउटा नागरिकले आफूलाई राजा ठानेर गर्ने गतिविधिलाई चलचित्रमा मनोरञ्जनात्मक शैलीमा प्रस्तुत गरिए तापनि यसले एउटा महत्वपूर्ण शिक्षा पनि दिन्छ।

**तपाई लेखक पनि भएकाले चलचित्र निर्देशन गर्ने तयारी छैन ?**

मैले कलाकारिता शुरु गर्दादेखि नै लेख्ने गर्थें। अहिले पनि लेखनलाई छाडेको छैन। मैले चलचित्र निर्देशन गर्ने सोच बनाएर केही कथा पनि लेख्ने प्रयास गरें। दुई/तीन वटा कथा लेखें पनि तर त्यसलाई पूरा गर्न सकिनँ। त्यही सिलसिलामा बाहिरका चलचित्रका प्रस्ताव आउन थाले। व्यस्त भएकाले मैले चलचित्र लेख्नलाई पूर्णता दिन सकेको छैन। त्यसकारण निर्देशन गर्ने समय पाएको छैन। तर मेरो सोच चलचित्र निर्देशन गर्ने छ। भविष्यमा निर्देशक बन्छु।

**गाईजात्रामा नदेखिनुभएको लामो समय भयो। प्रहसन गरौं जस्तो लाग्दैन ?**

लाग्छ नि ! हामी हाँस्य कलाकारको ठूलो पर्व हो गाईजात्रा। त्यहाँ मञ्चमा उभिएर अगाडि रहेका दर्शकलाई खुसी बनाउनुको आनन्द बेग्लै छ। तर, पछिल्लो केही वर्षयता चलचित्रमा व्यस्त भएकाले समय निकाल्न सकेको छैन। चलचित्रमा जोडिएपछि अभिनयसँगै प्रचार र प्रदर्शनपछि पनि काम गर्नुपर्छ। त्यसकारण समय मिलाउन नसकेर नै हो। नत्र गाईजात्रामा प्रस्तुत हुने रहर नहुने हाँस्य कलाकार शायदै होलान्। मैले धेरै 'मिस' गर्छु। तर, आफ्नो जिम्मेवारी र दायित्वले गर्दा म गाईजात्रामा छैन। समय मिलेमा भविष्यमा फर्किनेछु।

**हाँस्य कलाकार बन्न चाहनेका लागि अहिलेको समय कस्तो छ ?**

अहिलेको युग, डिजिटल र प्रविधिमैत्री हो। त्यसकारण अवसर सिर्जना गरेसँगै कडा प्रतिस्पर्धाको चुनौती दिएको छ। मैले कलाकारिता सुरुआत गर्दा एउटा टेलिशृंखला वा गाईजात्रामा देखिँदा सबैले चिन्थे। अवसर पाउन निकै मेहनत गर्नु पर्थ्यो। तर, अहिले पाएको अवसरमा आफूलाई अब्बल सावित गर्न मेहनत गर्नुपर्छ। यो राम्रो पनि हो। अहिले हाम्रो काम विश्वव्यापी भएको छ। यसकारण पनि मेहनत गर्नुको विकल्प छैन।

**भविष्यमा राजनीति गर्ने सोच छ कि ?**

छैन। म कलाकार हुँ, सबैको भएर आफ्नो कलाकारिता गर्न चाहन्छु। मेरो धर्म सबैलाई मनोरञ्जन प्रदान गर्नु हो, त्यही गर्न चाहन्छु। राजनीतिको प्रस्ताव घुमाउरो रुपमा नआएका होइनन् तर, म कलाकार हुँ, म राजनीतिसँग टाढा नै बस्न रुचाउँछु। मलाई राजनीतिमा कहिले पनि देख्नु हुनेछैन। म नेपाली नागरिक र कलाकार भएर नै रहन्छु।

**खाली समयलाई कसरी सदुपयोग गर्नुहुन्छ ?**

म सिर्जनात्मक काम नै गर्छु। केही लेख्ने काममै व्यस्त हुन्छु। म यत्तिकै बस्न सक्दिन, त्यसैले मैले सिर्जनात्मक काममा आफूलाई व्यस्त बनाउँछु। त्यसले मेरो ज्ञानलाई बढाउनुका साथै सकारात्मक सोचलाई बढाउँछ। अहिले सामाजिक सञ्जालकै उदाहरण लिन सकिन्छ। त्यसले स्थानीय पर्यटकीय स्थल प्रवर्द्धनदेखि विभिन्न सहयोग जुटाउने महत्वपूर्ण भूमिका खेल्ने गरेको छ। तर, त्यही समाजिक सञ्जाललाई केहीले नकारात्मकता फैलाउन पनि प्रयोग गरेका छन्। त्यसैले हामी सकारात्मक सोचका साथ सकारात्मकता फैलाउनु पर्छ र सिर्जनशील हुनुपर्छ भन्ने मलाई लाग्छ।

**तपाईले संघर्षबाट प्राप्त गर्नुभएको सफलताले के सिकायो ?**

आफ्नो लक्ष्यप्राप्त गर्न निरन्तरता आवश्यक छ। अहिले गरेको कामको अहिले नै नतिजा आउँछ भन्ने छैन। आफ्नो अस्तित्वलाई स्वीकारेर खुसी बन्नसके आफ्नो गन्तव्यमा अवश्य पुगिन्छ। जस्तै म आउँदै गरेको तीजलाई दिदीबहिनीहरूले धुमधामका साथ मनाउनुहुन्छ। पछिल्लो समय देखासिखीमा केही भड्किलो भएको पनि सुनिन्छ। पर्वले हाम्रो परिवारबीचको सामीप्य बढाउँछ, हाम्रो कला, संस्कृति र संस्कारलाई दर्साउँछ। तर, हामीले यसको परम्परागत मान्यता छाडेर भड्किलो मनाउन खोज्दा यसले हामी, परिवार वा समाजलाई समेत असर गरिरहेको छ। हामीले खुसी खोज्न अन्त जानै पर्दैन, आफैंमा हुन्छ। आफूलाई चिनेर कर्म गरे, त्यसले सफलतामा अवश्य पुर्‍याउँछ। म एउटा साधारण मान्छे मेहनत गरेर यहाँ आएको छु, अझैं मेहनत गरिरहेको छु। त्यसैले हामीले कर्म गर्न छाड्न हुँदैन।

*रासस*

# पाँच वरिष्ठ कार्टुनिस्टलाई सम्मान गरिँदै




काठमाडौं / कार्टुनिस्ट क्लब अफ नेपालले यस वर्ष पाँच जना वरिष्ठ कार्टुनिस्टलाई आउँदो साउन २६ गते बराथा स्मृति सम्मान प्रदान गर्ने भएको छ। तीनदेखि पाँच दशकसम्म कार्टुन सिर्जनामा सक्रिय कलाकारलाई एकै समारोहमार्फत सम्मान गरिने क्लबले जनाएको छ।

दिवंगत कार्टुनिस्ट बलराम थापाको सम्झनामा क्लबले प्रदान गर्दै आएको यो सम्मान यसपटक 'बराथा स्मृति सम्मान २०८२' का लागि अबिन श्रेष्ठलाई छनोट गरेको छ। यसैगरी २०८१ का लागि राजेश केसी, २०८० का लागि रविन सायमी, २०७८ का लागि जीवन राजोपाध्याय र २०७७ का लागि अशोकमान सिंहलाई प्रदान गरिने बताइएको छ।

तीन दशकभन्दा बढी समयदेखि कार्टुन क्षेत्रमा आबद्ध श्रेष्ठ हाल कान्तिपुर दैनिकमा कार्यरत छन्। क्लबका पूर्वअध्यक्षसमेत रहेका उनले बेस्ट अफ अबिन (भाग १ र २) पुस्तक प्रकाशित गरेका छन्।


त्यस्तै तीन दशकभन्दा बढी समयदेखि कार्टुन सिर्जनामा सक्रिय केसी क्लबका पूर्वअध्यक्ष हुन्। फोटोग्राफरका रूपमा पनि परिचित उनी 'राजेश केसीको कार्टुन संग्रह भाग १' पुस्तकका लेखक हुन्।

२०४६ सालअघि नै कार्टुन यात्रा सुरु गरेका सायमी हाल नागरिक दैनिकमा कार्यरत छन्। तीन दशकभन्दा बढीको अनुभव बोकेका उनी देशकै चर्चित कार्टुनिस्टमध्ये एक मानिन्छन्।

विगतमा अत्यन्त सक्रिय रहेका राजोपाध्याय अहिले चित्रकलामा समर्पित छन् र नेपाल आर्ट काउन्सिलसँग आबद्ध छन्।

यसैगरी पाँच दशकदेखि कार्टुन क्षेत्रमा निरन्तर सक्रिय सिं क्लबका संस्थापक अध्यक्ष हुन्। उनले रङ र ग्राफिक कम्युनिकेसन लगायत पुस्तक प्रकाशित गरेका छन्। ग्राफिक्स डिजाइनदेखि आख्यान लेखनसम्ममा उनको दक्षता छ।

क्लबका अध्यक्ष बासु क्षितिजका अनुसार, विज्ञ सिफारिस समितिको निर्णयअनुसार सम्मानको सूची तय गरिएको हो। 'विगतमा बर्सेनि दिइँदै आएको यो सम्मान कोभिड-१९ लगायतका कारण केही वर्ष रोकिएको थियो,' क्षितिजले भने, 'त्यसैले यसपटक पाँचै जनालाई एकैपटक सम्मान गर्न लागिएको हो।'



# प्रसिद्ध पुस्तकालय एक दिनका लागि खुला

सर आइज्याक न्यूटनले लेखेको पुस्तक 'प्रिन्सिपिया म्याथेमेटिका' प्रत्यक्ष हेर्न पाउने भाग्यमानी कमै छन्। बेलायतको डरहम नजिकैको असा हिस्टोरिक हाउसले त्यस्ता दुर्लभ पुस्तकहरू हेर्न एक दिनका लागि शनिबार पुस्तकालय खुला गरेको छ।

डरहम नजिकको असा हिस्टोरिक हाउसले पाठक तथा संकलकहरूलाई आकर्षित गर्न ५० हजारभन्दा बढी सामग्री देखाउने अवसर जुराएको हो। पुस्तकालयले यसलाई पहिलो पुस्तक महोत्सव भनेको छ। यो पुस्तकालय पूर्व रोमन क्याथोलिक मेसिनरीले अनुसन्धानकर्ताहरूका लागि मात्र उपलब्ध हुने गरेको पुस्तकालयका एक अधिकारी सञ्जय गिद्दाले बताए।

हुन त पुस्तकालयमा महत्त्वपूर्ण पुस्तकहरू संकलित छन् तर कहिल्यै प्रदर्शनीमा राखिएका थिएनन्। यस पटक भने सन् १४९३ मा प्रकाशित न्युरेम्बर्ग क्रोनिकल नामक चित्रसहितको विश्वकोश राखिएको थियो।

यो पुस्तक संसारभर करिब एक हजार मात्र प्रतिहरू बाँकी रहेको गिद्दाले बताए।

१४९३ संस्करण बाहेक पुस्तकालयसँग चार वर्षपछि छापिएको यो पुस्तकको पाइरेसी (अनधिकृत) संस्करण पनि छ, जुन आकारमा सानो, सस्तो थियो र अहिले यसको केही सय प्रतिहरू मात्र बाँकी छन्।

गिद्दाका अनुसार, असा हिस्टोरिक हाउससँग चार्ल्स डार्बिनको *अन द ओरिजिन अफ स्पिसिज्* पुस्तकको पहिलो संस्करण पनि छ। साथै युरोपमा मुद्रण प्रविधि शुरू भएको शुरुवाती चरणमा छापिएका दशौं पुस्तकहरू छन्, जसलाई इन्क्युनाबुला भनिन्छ।

पछिल्लो समय पुस्तकालय जानेहरू कम हुँदै जान थालेपछि तिनीहरूलाई यस्ता पुराना पुस्तकहरूप्रति आकर्षण बढाउन यस्ता प्रदर्शनी फलदायी हुने अपेक्षा गिद्दाले गरेका छन्।



# यो वर्ष चार वटा तीज गीत

तीजे गीत भन्नेबित्तिकै कि त हरिदेवी कोइराला कि त कोमल वलीलाई तीजपारखीहरूले सम्झने गर्छन्। यसअघि गायिका वलीले 'सिंगल' मात्र रिलिज गर्ने गर्थिन्। एउटा गीतले एक पटकको तीजलाई पुग्थ्यो। यस पटक भने गायिका वलीले चार वटा गीत गाएकी छन्।

उनले ठट्टा गर्दै भनिन्, 'अघिल्ला वर्षहरु गाउने अवसर जुरेन। यसपाला भने अघिल्ला वर्षहरुको ब्याजसमेत असुल्ने गरी गाउन पाएँ।'

'खासमा गाउने पनि थिइनँ होला तर लय र गीतका शब्दले मलाई मोहनी नै लगायो,' पूर्वसभासद् गायिका वलीले भनिन्, 'मलाई नै सोचेर लेख्नु भएको रहेछ। जब गाउँदै जान थालें, मलाई पनि मन पर्दैन जान थाल्यो। त्यसपछि त छाड्नै मन लागेन।'

अरूका लागि तीन वटा गीत गाएकी गायिका वलीले आफ्नै लागि भने एउटा गाएको बताइन्। रिलिज गर्ने तयारीमा रहेको गीतको दाना सुनाउँदै उनले भनिन्, 'यो पटक त गीत अलि फरक नै छ। पहिला शिवजीसँग पुकारा गर्थें, अहिले भने शिवजीका छोरालाई सोर्स लगाउन आग्रह गरेकी छु।'

*गन्नुजी सुन्देऊ न*
*गन्नुजी भन्देऊ न*
*शिवजीलाई भन्देऊ न गन्नुजी*

गणेशलाई लमी बनाउने सोचका साथ यो गीत तयार पारिएको हो। यसका रचनाकार लोकराज अधिकारी हुन्।

'अब गणेशजीको खुशामद गर्दा केही हुन्छ कि ?' हाँस्दै गायिका वलीले थपिन्, 'यस्तो बेग्लै कोणबाट गीत रचना गरेको पाएपछि मलाई पनि गाउने लोभ जाग्यो।'

*कोइका बूढा सिंगापुरे कोइका अम्रिकाने*
*अहिलेसम्म भेटिएन अैलेसम्म लाने*

गीत पनि यतिबेला चर्चामा छ। दाङका वसन्त योगीको यो गीतको शब्द चयन उम्दा लागेकाले गीत गाएको पनि उनले बताइन्। यी गीतहरू पनि तीजपारखीहरूलाई मन पर्ने अपेक्षा उनले गरेकी छन्।

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेल: news@news24dainik.com, अध्यक्ष: अनिल जोशी, प्रबन्ध निर्देशक: अदिश जोशी, प्रधान सम्पादक: तीर्थ कोइराला